# कोरोना कहरमा शिक्षा अधिकार सुनिश्चित गर्नका निमित्त स्थानीय अभ्यास

## मामला अध्ययन (केस स्टडी)



NCE NEPAL

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)

**प्रकाशन समूह :**
सुदर्शन सिग्देल
बाबुकाजी श्रेष्ठ
राम गैरे

**भाषा सम्पादन :** राजेन्द्र पहाडी

**समन्वय:** श्रद्धा कोइराला

**© एनसिई नेपाल**

**प्रकाशन मिति :** २०७७ भदौ

**सहयोग:** EDUCATIONOUTLOUD advocacy & social accountability; Asia South Pacific Association for Basic and Adult Education, Learning Beyond Boundaries

**डिजाइन :** ड्रिम ग्राफिक प्रेस

# प्रकाशकीय

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई-नेपाल) विभिन्न ३६४ वटा भन्दा बढी राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरू, शिक्षक महासंघ, शिक्षामा क्रियाशील सञ्चार माध्यमहरू तथा अन्य समुदाय स्तरका संघसंस्थाहरुको एक साझा सञ्जाल हो । एनसिई-नेपालले सन् २००३ देखिनै सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त विभिन्न समसामायिक मुद्दाहरुमा नीतिगत बहस तथा पैरवी, अध्ययन अनुसन्धान र प्रचार प्रसारका कार्यहरु गर्दै आएको छ ।

जस्तोसुकै विषम परिस्थितिमा पनि बालबालिकाको शैक्षिक अधिकारलाई सुनिश्चित गरी सबै तहका सरकार र सरोकारवालाहरुलाई कर्तव्यबोध र जवाफदेही बनाउन एनसिई-नेपाल क्रियाशील रहेको छ । कोरोना महामरिको सन्दर्भमा समेत केन्द्रीय तथा स्थानीय स्तरमा शिक्षाका विभिन्न सरोकारवालाहरुसँग शिक्षा अधिकारलाई प्राथमिकतामा राख्नका निमित्त एनसिई नेपाल तथा एनसिई नेपालका जिल्ला समन्वय समिति र सदस्य संस्थाहरुको भूमिका सक्रिय रहेको छ । यसै सन्दर्भमा कोभिड १९ को महामारीले शिक्षा क्षेत्रमा विशेषतः सिमान्तकृत समुदाय, बालबालिका, यूवा, निम्न वर्ग र विभिन्न स्तरका जनमानसमा पारेको प्रभावका बारेमा भएका केही अभ्यासहरुलाई संकलन गरेर सम्बन्धित निकायमा पुऱ्याउने र प्रमाणका आधारमा वकालत गर्ने उद्देश्यले विभिन्न जिल्लाबाट मामला अध्ययन गरी यो पुस्तिका तयार गरिएको छ । यस अवधिभर स्थानीय तहमा भएका अभ्यासहरुले ल्याएको परिवर्तनका केही कथाहरु समावेश गरी स्थानीय सरकार र सरोकारवालाहरुलाई सुरक्षित र संरक्षित वातावरण कायम गरी बालबालिकाहरुको शैक्षिक क्रियाकलाप अगाडि बढाउन प्रेरित गर्न खोजिएको छ ।

यस संस्करणका लागि आवश्यक सुचना, जानकारी र सहयोग प्रदान गर्नुहुने सबै जिल्लाका स्थानीय सरोकारवालाहरु, तथ्याङ्क संकलन गर्ने एनसिई नेपाल जिल्ला समन्वय समिति तथा सदस्य संस्थाप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यसैगरी यस सामग्रीलाई मूर्तरूप दिनका लागि आफ्नो सल्लाह तथा सुझावहरू उपलब्ध गराई महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने कार्यसमितिसदस्य, पूर्व अध्यक्ष, सल्लाहकार र भाषा सम्पादनमा सहयोग गर्नुहुने सबैप्रति आभारी छु । यस कार्यमा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनुहुने साझेदार संस्था अक्सफाम इविस अन्तर्गतको Education Outloud, आस्प्वे (ASPBAE) र ओपन सोसाईटी फाउन्डेसन (Open Society Foundation) प्रति धन्यवाद व्यक्त गर्दछु । यसै क्रममा समन्वयात्मक भूमिका निर्वाह गर्नहुने सचिवालय समितिका साथीहरुलाई पनि विशेष रुपमा सम्झन चाहन्छु ।

धन्यवाद ।

**डिल्लीराम सुवेदी**
अध्यक्ष

## मामला अध्ययनको सारांश

यतिखेर सम्पूर्ण विश्व समुदाय नै कोभिड १९ अर्थात कोरोना भाइरसको चपेटामा परिरहेको छ। मानवीय जीवनका हरेक क्षेत्रलाई कोरोना सिर्जित महामारीले आक्रान्त पारेको सन्दर्भमा शिक्षा क्षेत्र पनि अप्रभावित रहन सक्ने अवस्था रहेन । अन्यत्रजस्तै नेपालमा पनि ६० लाखभन्दा बढी विद्यालय उमेरका बालबालिकाको नियमित अध्ययन अबरुद्ध बनेको छ । विगत पाँच महिनादेखि सारा विद्यालयहरु बन्द छन् भने तीनै तहका सरकारले अब कसरी अगाडि बढ्ने र बालबालिकालाई सिकाइसँग कसरी जोड्ने भनेर प्रभावकारी उपाय निर्दिष्ट गर्न सकिरहेका छैनन्। तथापि पछिल्लो समयमा शिक्षा मन्त्रालयले कोरोना महामारीको यो अवस्थामा शैक्षिक गतिविधिलाई प्रारम्भ गर्ने उद्देश्यसहित वैकल्पिक शिक्षण सिकाइ निर्देशिका जारी गर्नुका साथै केही तहका लागि स्वाध्ययन सामग्री तयार गरी विद्यालयमार्फत छात्रछात्राको हातमा पुऱ्याएको छ।

अकल्पनीय ढंगले आइलागेको यस विपद्को अवस्थामा कतिपय स्थानीय सरकार, समुदाय, विद्यालय तथा शैक्षिक सरोकारवाला संघसंस्थाहरुको पहलमा बालबालिकाको शैक्षिक गतिविधिलाई अगाडि बढाउने असल अभ्यासहरु भएका छन्। यसका साथै लम्बिँदै गएको बन्दाबन्दी, लामो समयको घर बसाई, विद्यालयका शिक्षक शिक्षिका तथा साथीहरुसँग भेट्न नपाउनु, कोरोनाको भय, त्रास र डरका कारणले बालबालिकाको मनोविज्ञानमा परेको नकारात्मक असरलाई कम गर्नका लागि उनीहरुका लागि मनोसामाजिक परामर्शसहित पठनपाठनका क्रियाकलापमा जोड्ने सिर्जनात्मक सत्प्रयासहरु पनि भएका छन् । यिनै असल अभ्याससहित कोरोना कहरले बालबालिकामा पारेको समग्र प्रभावलाई सोधखोज गर्न, आँकलन गर्नका लागि सार्वजनिक शिक्षाको सुदृढीकरण तथा सवलीकरणका क्षेत्रमा क्रियाशील ३६४ संघसंस्थाहरुको छाता संस्था शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिई नेपाल) ले क्षेत्रगत मामला अध्ययन (केस स्टडी) तयार गर्ने सानो प्रयास आरम्भ गरेको हो।

पहिलो चरणमा प्रदेश नं. २ को पर्सा जिल्ला, गण्डकी प्रदेशको पर्वत जिल्ला र सुदुरपश्चिम प्रदेशका कैलाली र बाजुरा जिल्लाबाट भिन्दाभिन्दै सवाल समेट्ने गरी जम्मा २० वटा मामला अध्ययन कार्य सम्पन्न गरिएको छ। यी मामलाहरुले बन्दाबन्दीको समयमा बालबालिकाको नियमित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न स्थानीयस्तरमा भएका असल, प्रभावकारी र अनुकरणीय प्रयासहरुलाई समेटेका छन् भने शैक्षिक संस्थाहरु अबरुद्ध भएपनि बालबालिकाहरुको सिकाइक्रम रोकिनु हुँदैन भन्ने मर्मका आधारमा कसरी अघि बढ्नुपर्दछ भन्ने सन्दर्भमा सरोकारवालाको ध्यानाकर्षण गर्नका लागि सुझावहरु पनि प्राप्त भएकाछन्।

अध्ययनले टोल शिक्षण, सिकाइ सहजीकरणका लागि स्थानीय स्वयंसेवक परिचालन, घरधुरीमा पुगेर गृहकार्य दिने, किशोरकिशोरी तथा युवाका लागि मनोसामाजिक परामर्श उपलब्ध गराइएको, सुरक्षाका विधि अवलम्बन गरी बालबालिकालाई पाठ्यपुस्तक उपलब्ध गराइएको, बालबालिका तथा अभिभावकलाई शिक्षा एवम् स्वास्थ्यसम्बन्धी सचेतीकरण अभियान सञ्चालन गरिएकोलगायतका राम्रा अभ्यासहरुलाई समेट्नुका साथै कोभिड १९ का कारणले विद्यालयहरु सञ्चालन हुन नसकेको अवस्थामा बालबालिकाको शिक्षण सिकाइलाई निरन्तरता दिनका लागि विद्यालय, शिक्षक, अभिभावक तथा स्थानीय सरकारहरुले चाल्नुपर्ने कदमहरुका बारेमा पनि सुझावहरु प्राप्त भएका

छन् । स्थानीय सम्भावना र आवश्यकताका आधारमा स्वास्थ्य सचेतीकरण अभियान सञ्चालन गर्नुपर्नेदेखि सिकाइ निरन्तरताका लागि भौतिक तथा सामाजिक दूरी कायम गरी पठनपाठनका क्रियाकलाप अघि बढाइनुपर्ने, शिक्षक समुदाय बढी जिम्मेवार भएर लाग्नुपर्ने, स्थानीय रेडियो तथा टेलिभिजनको प्रयोग गरी शैक्षिक गतिविधि अघि बढाउनुपर्ने, अभिभावकले घरमा नै बालबालिकालाई सिकाउन सकिने कुराहरु सिकाउँदै गर्नुपर्ने, विपद्‌ले सिर्जना गरेको प्रतिकुल समयमा विद्यार्थीहरुको सिकाइ व्यवस्थापन गर्न स्थानीय सरकारहरु संवेदनशील भएर काम गर्नुपर्ने, बालबालिकाहरुलाई मनोसामाजिक परामर्शको व्यवस्था गर्नुपर्नेसहितका सुझावहरु प्राप्त भएका छन् ।

## मामला अध्ययन विधि

शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिई नेपाल) ले पहिलो चरणमा तीन प्रदेशका चार जिल्लालाई समेटेर यो अध्ययन प्रक्रिया अगाडि बढाएको हो । प्रदेश नं. २ को पर्सा, गण्डकी प्रदेशको पर्वत र सुदुरपश्चिम प्रदेशका कैलाली र बाजुरा जिल्लामा रहेका एनसिई नेपालका जिल्ला समन्वय समितिहरुको प्रत्यक्ष सम्लग्नतामा संक्रमणको सम्भावित जोखिममा रहेको समुदायका बालबालिकासम्बद्ध फरक-फरक विषयवस्तु र सवालहरुलाई समेटेर अध्ययन कार्य सम्पन्न गरिएको छ । यस अध्ययनमा समेटिएका मामलाहरुले मधेशी, मुस्लिम, थारु, दलित, सिमान्तकृत, भौगोलिक दूरतामा रहेका, अपाङ्गता भएका बालबालिकालगायतका सवालहरुलाई समेट्ने प्रयास गरेको छ । अध्ययन कार्य सम्पन्न गर्नका लागि एनसिई नेपालले अध्ययनकर्ताहरुका लागि मामला अध्ययन निर्देशिका तयार गरी उपलब्ध गराउनुका साथै अध्ययन कार्य सञ्चालन भएको समयमा प्रविधिको प्रयोग गरी अनुगमन गर्ने तथा पृष्ठपोषण दिने काम गरिएको थियो भने मामला अध्ययनको प्रतिवेदन प्राप्त भैसकेपछि पनि अध्ययनको पूर्णताका लागि सान्दर्भिक सूचना तथा जानकारीहरु प्राप्त गर्ने प्रयास गरिएको थियो ।

समाविष्ट मामलाहरु पृथक-पृथक स्वाद र शैलीका छन् । अध्ययनकर्ताले समेटेका विषयवस्तु तथा प्रस्तुतीकरण भिन्दाभिन्दै छन् । अकस्मात् आइलागेको विपद्‌को समयमा बालबालिकाको शिक्षाको अधिकारलाई के कसरी सुनिश्चित गर्न सकिन्छ भन्ने सम्बन्धमा स्थानीय सन्दर्भअनुसार प्रयोग गरिएका अभ्यासहरुले सरोकारवालाहरुका लागि आगामी दिनमा कुन विधि र प्रक्रियाअनुसार अघि बढ्नु उपयुक्त हुन सक्छ भनेर योजना बनाउन केही न केही आधार तथा सुझाव प्रस्तुत गर्ने विश्वास गरिएको छ । पहिलो चरणमा सम्पन्न गरिएको मामला अध्ययनबाट प्राप्त सिकाइलाई आत्मसाथ गर्दै आगामी दिनमा थप प्रभावकारी ढंगले यस प्रकृतिका सोधखोज तथा अध्ययन कार्य सम्पन्न गर्न एनसिई नेपाल प्रतिबद्ध छ ।

# कोरोना कालमा सामाजिक संस्थाको असल अभ्यास

इब्राहिम देवान (पर्सा)

## पृष्ठभूमि

चीनको उहान प्रान्तबाट विश्वभरी फैलिएको महामारीको रुपमा कोरोना भाइरस COVID - 19 बाट लगभग सबै क्षेत्र प्रभावित भएको थियो। महामारीबाट लाखौंलाख मानिस संक्रमित बनेका छन् भने हजारौं हजार मानिसको मृत्यु भइसकेको अवस्था छ। यसै क्रममा नेपालमा पनि COVID - 19 को संक्रमण फैलियो र नेपालमा संक्रमित बढ्ने अवस्था देखेर २०७६ साल चैत्र ११ गतेदेखि नेपाल सरकारले लकडाउन गर्‍यो। लकडाउनका कारणले सबै विद्यालय बन्द हुँदा बालबालिकाको पढाइ अवरुद्ध भयो।

COVID - 19 मा बालबालिकाहरुको पढाइ निरन्तर संचालनका लागि आवस्यक पहल गर्नका लागि सामाजिक संस्था जिल्ला समन्वय समिति, पर्साले गरेका असल अभ्यासहरुलाई यस अध्ययन कार्यमा समावेश गर्ने प्रयास गरिएको छ। पर्सा जिल्लामा २०५१ सालमा स्थापित सामाजिक संस्था जिल्ला समन्वय समिति पर्सा २०५३ सालदेखि औपचारिक र अनौपचारिक शिक्षामा काम गर्दै आएको संस्था हो। यसले हाल प्रदेश नं. २ का ८ वटै जिल्लामा प्राविधिक सहयोग गर्दै आएको छ। COVID - 19 मा बालबालिकाको पढाइ बन्द भएपछि सामाजिक संस्था जिल्ला समन्वय समिति पर्साले युनिसेफ नेपालसँग सहकार्य गरी प्रदेशस्तरीय भर्चुअल बैठक बसी प्रदेश नं. २ स्तरीय शिक्षा क्लष्टर समिति गठन भयो र नियमित बैठक गर्ने निर्णय गरियो। बैठकबाट जिल्लामा क्वारेन्टिन कति विद्यालयमा स्थापना भयो



भन्ने सर्वेक्षण गरियो। जसमा पर्सा जिल्लाको १४ वटा पालिकाको ३० वटा विद्यालयमा क्वारेन्टिन स्थापना भएको अवस्था देखियो। त्यसपछि क्वारेन्टिनको जिम्मेवार व्यक्ति र शिक्षा सम्बद्ध जिम्मेवार व्यक्तिको नाम र सम्पर्क नम्बर पहिचान गरी सूचना आदान-प्रदान गर्न सजिलो बनाइयो। साथै विद्यालयको अवस्था र बालबालिकाहरु क्वारेन्टिनमा कति छन् भन्ने कुरा जानकारीका लिइयो। यससँगै प्रदेश नं. २ को शिक्षा क्लष्टरको बैठकबाट जिल्ला स्तरीय शिक्षा कलष्टर गठन गर्ने कार्य सम्पन्न भयो।

## अध्ययनको सन्दर्भ तथा औचित्य

प्रदेश स्तरीय शिक्षा कलष्टर बैठकबाट जिल्लामा कोभिड १९ शिक्षा प्रतिकार्य योजना र कोभिड १९ गाउँपालिका र नगरपालिका शिक्षा प्रतिकार्य योजना निर्माणका लागि ढाँचा पठाएर सोही ढाँचाको आधारमा शिक्षा प्रतिकार्य योजना निर्माण गर्नका लागि सामाजिक संस्था जिल्ला समन्वय समितिले सहयोग गर्‍यो, जसबाट गाउँपालिकाहरु कोभिड १९ मा पालिकाभित्रका विद्यालय नगएका बालबालिकाको

पढाइ निरन्तरताको लागि योजना तयार गर्न सफल भए। त्यसैको आधारमा प्रदेश नं. २ सरकारले प्रत्येक पालिकामा ३ लाखदेखि ५ लाखसम्म रकम पठायो र पालिकाले वैकल्पिक शिक्षण सिकाइको व्यवस्था गरेको छ। शिक्षा प्रतिकार्य योजना पालिकाहरुले पनि आफनो कोषबाट बजेट राखि विद्यालयमा खानेपानीको



सुविधा, सामाजिक दुरी कायम र सेनिटाइज गर्ने सुविधाको व्यवस्था गरेको स्थिति छ।

## औचित्य

- समुदायलाई सचेतीकरण गराउन।
- सबैमा सुरक्षाको उपाय अपनाउन।
- सबैमा आत्मवल बढाउन।
- अनौपचारिक ढंगबाट बालबालिकाको पढाइलाई घरेलु वातावरणमा निरन्तरता दिन।
- लकडाउनको समयमा बालमनोविज्ञानमा पर्ने असरलाई न्युनीकरण गराउन।
- स्थानीय तहका निकायहरुलाई यस प्रति बढी जिम्मेवार बनाउन।
- शिक्षा प्रतिकार्य योजना निर्माण गराउन।
- सरकारी निकाय र गैह्र सरकारी निकाय बीच समन्वय कायम गराउन।
- अध्ययनको उद्देश्य
- (क) विपद्मा तनाव ब्यवस्थापन गराउने।
- (ख) विपद्मा वैकल्पिक शिक्षा (शिक्षण क्रियाकलाप) लाई प्रभावकारी बनाउने।
- (ग) स्थानीय तहलाई शिक्षा/स्वास्थ्य प्रति बढी जिम्मेवार बनाउने।

## अध्ययन क्षेत्र

- पर्सा जिल्लाको १४ वटै स्थानीय तहहरु।
- प्रदेश नं. २ का ८ वटै जिल्लाहरु।
- सरकारी निकाय र गैह्र सरकारी संस्थाहरु।
- समुदाय/मेडिया/क्वारेन्टिन।

## मामलाको विस्तृत विवरण (अन्तरवस्तु)

विश्व महामारीको रुपमा फैलिएको COVID- 19 को शुरु शुरुमा नेपालको तथ्याग्मा प्रदेश नं. २ मा अति नै बढी संख्यामा COVID- 19 Positive देखापरेकोले जनसमुदायमा भयावह स्थिति पैदा भयो जसको फलस्वरुप सम्पूर्ण पक्षहरु अस्तब्यस्थ भएको अवस्था थियो । यस अवस्थालाई मध्यनजर राख्दै यस पर्सा जिल्लामा रहेको सामाजिक संस्था जिल्ला समन्वय समितिले स्वास्थ्य सुरक्षा र वैकल्पिक शिक्षाका लागि कसरी जाने पनि रणनीति तय गरी पर्सा जिल्ला र प्रदेश नं. २ को आठवटै जिल्लामा अनलाइन मिटिङ गरी सबै ठाउँमा आफनो पहुँचलाई विस्तार गरेर सूचना आदान-प्रदान गरी संयमित ढंगबाट आफनो कार्यालयको स्टाफलाई पनि सूचना संजालको माध्यमबाट रचनात्मक तरिकाले परिचालन गरी विभिन्न तह र तप्काको साथै स्थानीय तहसँग समन्वय गरी कोरोना महामारीमा हातेमालो गर्दै शिक्षाको वैकल्पिक सोचको लागि रेडियो प्रसारण कार्यलाई समेत जोडियो । जसबाट बालबालिकाले रेडियो सुनेर भए पनि केही सिकेको देखियो। स्थानीय तहसँग Zoom Meeting गरी विद्यालयको विद्यार्थीहरुको

लागि पाठ्यपुस्तक वितरण गराउने ब्यवस्था गरियो। जसको परिणामस्वरुप बालबालिकाले प्राप्त गरेका पाठयपुस्तक पढेर समयको सदुपयोग गरेको पाइयो।

## मामला अध्ययनबाट प्राप्त सवल पक्षहरु

- Zoom Meeting नियमित भई एक अर्कामा भए गरेका कार्यको अनुभव साटासाट भएको,
- क्वारेन्टिनको संख्या र अवस्थाको बारेमा प्रष्ट तथ्याङ्क संकलन भएको,
- पालिकाको शिक्षाको जिम्मेवार ब्यक्ति र सम्पर्क नम्बर संकलन गरी Online Meeting समेत गरिएको जसबाट पाठयपुस्तकको उपलब्धतता सहज ढंगले गराउन सकिएको,
- जिल्लास्तरीय र प्रदेश नं. २ को प्रदेशस्तरीय शिक्षा कलष्टर समिति गठन गरी जिल्ला र प्रदेशको शैक्षिक स्थिति पहिचान एवम कार्यान्वयन गरेको साथै हाल पनि समय समयमा बैठक भइरहेको,
- सेवाप्रदायक संस्थाको नक्शाङ्कन गरी सेवा प्रदान गर्ने गतिविधिको निरन्तरता दिइएको,
- मिडीया नक्शाङ्कन गरी COVID- 19 सम्बन्धी जिङ्गल बजाउने र सचेतना सन्देश प्रसारणका गर्नुका साथै प्रदेश नं. २ भरी नै रेडियो द्वारा वैकल्पिक विद्यालय शिक्षा कार्यक्रम संचालनमा समन्वय गरेको,
- COVID- 19 को आचारसहिंता तयार पारी सबै पालिकामा पठाइएको,
- गाउँपालिका र नगरपालिकाहरुको शिक्षा प्रतिकार्य योजना तयार पारी वैकल्पिक शिक्षामा लगानी गर्ने वातावरण तयार गरेको,
- जिल्लागत शिक्षा प्रतिकार्य योजना पनि तयार गरेको,
- कोरोना भाइरसका कारण परेको असरको बारेमा मनोसामाजिक परामर्श सम्बन्धी Zoom Meeting र Viber Meeting बाट समेत सरोकारवालालाई परामर्श प्रदान गरेको,
- मनोसामाजिक विमर्श तथा कोरोना सम्बन्धी फ्लेक्स प्रिन्ट, पोष्टर, पम्पलेट र जिङ्गल आदिबाट प्रत्यक्ष सेवा प्रदान गरेको,
- योङ च्याम्पियनहरुको Facebook Group निर्माण गरी मनोसामाजिक विमर्श र आफनो छिमेक टोलमा सुरक्षित तरिकाबाट सानो समूह बनाई पढाइको वातावरण तयार गरेको,
- कोरोना भाइरसको जोखिममा परेको युवा, महिला, बालबालिका र क्वारेन्टिनका ब्यक्तिलाई समेत भयमुक्त बनाउने काम परामर्शदाताले गरेको,
- मनोसामाजिक विमर्श सेवा लिनेको कुल संख्या ११० जना जसमा ६४ पुरुष र ४६ महिला रहेका।

## मामला अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- स्थानीय तह /प्रदेश /संघले COVID- 19 को महामारी ब्यवस्थापनका लागि ठोस रणनीति बनाउनु पर्ने दखिन्छ।
- स्थानीय स्तरमा विद्यालय वैकल्पिक शिक्षाको लागि टोल स्वयंसेवक शिक्षकको ब्यवस्था मिलाउनुपर्ने देखिन्छ।
- विद्यालय सार्वजनिक स्थलमा COVID- 19 को सुरक्षा सामग्रीको ब्यवस्थापन गर्नुपर्ने देखिन्छ।
- समयमै नेपाल सरकारले विद्यालय वैकल्पिक शिक्षाको लागि दिशानिर्देश गर्नुपर्ने देखिन्छ।
- राज्यका सबै संन्यत्रले पाएको जिम्मेवारीलाई आत्मसात् गरी निष्पक्ष, न्यायिक र अनुशासित ढंगबाट पूरा गर्नुपर्ने देखिन्छ।

इब्राहिम देवान (पर्सा)

- स्थानीय तहले संचालनमा रहेका क्वारेन्टिनलाई विद्यालयबाट हटाइ अन्यत्र ब्यवस्थापन गर्नुपर्ने देखिन्छ।
- कोरोना भाइरसको भयबाट सिर्जना भएको तनावबाट बालबालिका र समुदायका ब्यक्तिहरुलाई तनावमुक्त समाज सिर्जनाका लागि स्थानीय तहमा एक-एक जना मनोसामाजिक विमर्श सामाजिक कार्यकर्ताको पनि ब्यवस्था गर्नुपर्ने देखिन्छ।

## मामला अध्ययनबाट भएका मुख्य-मुख्य सिकाइहरु

- 'परिस्थिति नै आविस्कारको जननी हो' भन्ने कुरा सिकाइ भयो।
- समस्यालाई ब्यवस्थापन के कसरी गर्नुपर्छ भन्ने सिकाइ भयो।
- काम गर्दै जाँदा नयाँ तरिका र मार्ग प्राप्त हुँदो रहेछ भन्ने थाहा भयो।
- समस्यासँग भाग्ने होइन अनुशासित र योजनावद्ध तरिकाबाट लाग्दा प्रतिफल राम्रो हुँदो रहेछ भन्ने सिकाइ भयो।

## मामला अध्ययनसँग सम्बन्धित सुझावहरु

- स्थानीय तह, प्रदेश र संघीय सरकारले विद्यालयलाई क्वारेन्टिनमुक्त गराई यथाशिघ्र वैकल्पिक शिक्षा कार्यक्रम सुचारु गर्नका लागि रणनीति तयार गर्नुपर्ने देखिन्छ ।
- सम्भव भएसम्म शिक्षक र विद्यार्थीको PCR Test र सुरक्षा सामग्री जस्तैः मास्क, सेनिटाइजर, ग्लोब्स र साबुनको ब्यवस्था मिलाई विद्यालय संचालनको लागि पहल गर्नुपर्ने देखिन्छ।
- जोर विजोर प्रणाली अनुसार विद्यालयको कक्षा र रोल नं. पनि सोही अनुसार गरी सामाजिक दुरीका लागि एक बेन्च एक विद्यार्थीको ब्यवस्था मिलाई नमूना वैकल्पिक विद्यालय संचालन गर्न सके राम्रो हुन्थ्यो।
- प्रत्येक स्थानीय तहमा भयमुक्त वातावरण सिर्जनाको लागि मनोसामाजिक विमर्श परामर्शदाताको ब्यवस्था हुनसके राम्रो हुन्थ्यो।

## निश्कर्ष

- माथि उल्लेखित मामला अध्ययनलाई हेर्दा यस्तो विपद्मा पनि यस पर्सा जिल्लामा स्थापित सामाजिक संस्था जिल्ला समन्वय समितिले विभिन्न गतिविधि संचालन गरेर एकदमै उल्लेखनीय कार्य गरेको देखिन्छ। जिल्ला भित्रका सम्पूर्ण स्थानीय तह र प्रदेश नं. २ मा नै आफनो प्रयासले COVID -19 को महामारीको बेला शिक्षा, स्वास्थ्य र सरसफाई सहित जनचेतनामूलक कार्यलाई विभिन्न सूचनाको संजालबाट कार्य प्रारम्भ गरी सेवा प्रदान गरेको एक उदाहरणीय कार्यबाट हामी सबैले पाठ सिक्नु पर्दछ जस्तो लाग्छ।

यसको परिणामस्वरुप यस संस्थाको तर्फबाट क्वारेन्टिन स्थलमा समेत मनोसामाजिक विमर्श आफनो परामर्शदाताबाट परामर्श दिलाएर तनावमुक्त वातावरण सिर्जना गरेको एक नमूना नै छ। साथै शिक्षा प्रतिकार्य योजना बनाएर विद्यालय र विद्यार्थीको हातमा पाठ्यपुस्तक पुऱ्याउन समन्वयकारी भूमिका निर्वाह गरेको छ । यस्तो महामारीको बेलामा पनि विभिन्न क्षेत्रमा रचनात्मक कार्यमा लाग्नु भएका सम्पूर्ण जनशक्तिलगायत सामाजिक संस्था जिल्ला समन्वय समिति पर्सा परिवार प्रति धन्यबाद छ।

❖❖❖

इब्राहिम देवान (पर्सा)

# कोरोना सास्ती : बस्तीमा शैक्षिक गस्ती

अनन्त कुमार श्रेष्ठ (पर्सा)

## पृष्ठभूमि

प्रदेश नं. २. पर्सा जिल्ला ठोरी गाउँपालिका अन्तर्गत वार्ड नं. २ गौतम नगरमा रहेको श्री सरस्वती माध्यमिक विद्यालय विसं. २०२४ सालमा स्थापना भई जिल्ला सदरमुकाम बिरगञ्जदेखि दूरदराजमा रहेको बस्तीमा बस्ने समुदायका बालबालिकाको शिक्षाको ज्योति बनेको छ। यो विद्यालय बिकट स्थानमा रहेर पनि गुणात्मक शिक्षा दिने आफ्नो लक्ष्यमा अघि बढीरहेको छ। जसको उदाहरणस्वरुप विश्व भरी फैलिएको कोरोना (Covid-19) महामारीले विश्व आक्रान्त भएको बेलामा पनि विद्यालयले शैक्षिक सत्र २०७६ को कक्षा ECD देखि लिएर कक्षा ९ सम्मको वार्षिक परीक्षा २०७६ साल चैत्र ५ गतेसम्म सम्पन्न गरिसकेको थियो। तत्पश्चात कोरोना भाइरस संक्रमण नेपालमा पनि फैलिन थालेपछि उत्तर पुस्तिका परीक्षण शिक्षकद्वारा आ-आफ्नो घरमा बसेर सम्पन्न भयो। जसको फलस्वरुप विद्यालयले शैक्षिक सत्र २०७६ को नतिजा २०७७ बैशाख २८ गते प्रकाशन गर्न सफल भयो। यस विधालयका कक्षा ECD देखि कक्षा १२ सम्म जम्मा ६६७ जना छात्रछात्राहरु रहेका छन्।

## अध्ययनको सन्दर्भ तथा औचित्य

कोरोना भाइरस (Covid-19) को माहामारीले विद्यार्थीको अध्ययन अध्यापन एक्कासी अबरुद्ध भयो। जसको परिमाणस्वरुप विद्यार्थी, विद्यालय, अभिभावक र समुदाय बीचको नङ र मासुको सम्बन्धमा दुरी पैदा भयो। यसै सन्दर्भमा यस विद्यालयले विपदको समयमा वैकल्पिक शिक्षा (शिक्षण सिकाइ क्रियाकलाप)




कसरी गरेको छ भन्ने कुरालाई स्थलगत भेटघाटबाट बुझ्ने प्रयास यस मामला अध्ययनमा गरिएको छ।

## औचित्य

- यस्तो विपदमा पनि उक्त विद्यालयले गरेको वैकल्पिक शिक्षण सिकाइ क्रियाकलाप संचालन गरेर शैक्षिक गतिविधिमा विद्यार्थीको निरन्तरता ल्याउन।
- सो प्रक्रियाबाट सिकाइ कत्तिको प्रभावकारी रहन्छ भनेर मूल्यांकन गर्नका लागि ।
- यो शिक्षण प्रक्रिया कत्तिको जटिल वा सहज हुन्छ भनेर पहिचान गर्नका लागि।
- यसबाट विद्यार्थीलाई पाठ्यपुस्तकमा जोड्न कत्तिको सकिन्छ भनेर अवलोकन गर्नका लागि।
- यो वैकल्पिक शिक्षण विधि कसरी अपनाउनु पर्दोरहेछ भनेर अनुभव बटुल्नका लागि।
- यसमा अभिभावक र समुदायको क्रिया/प्रतिक्रिया बुझ्नका लागि ।
- विद्यार्थीले यस तरिकाबाट के-कति सिके भनेर जाँच्नका लागि।

- शिक्षकहरुलाई यस्तो गतिविधिबाट शैक्षिक क्रियाकलापमा सक्रिय गराउनका लागि।
- विद्यार्थीहरुलाई पाठयपुस्तक प्रति उत्साहित भई अध्ययन गर्ने वातावरण बनाउनका लागि।

## अध्ययनको उद्देश्य

- कोरोना भाइरसको महामारीमा विद्यार्थीको अध्ययन अध्यापन कार्यलाई वैकल्पिक शिक्षण कियाकलापबाट निरन्तर घरैमा शिक्षण सिकाइ क्रियाकलाप गराउने।
- अभिभावक वर्गलाई पनि आफानो बालबालिकाको अध्ययन अध्यापन कार्यमा सहयोग पुऱ्याउने।
- विद्यार्थी, शिक्षक र अभिभावक बीचको शैक्षिक सम्बन्धलाई निरन्तर जोडी राख्ने।

## अध्ययनको क्षेत्र

- श्री सरसवती मा.वि. गौतमनगर ठोरी २ (पर्सा) को विद्यालय सेवाक्षेत्र (Catchment Area )
- ठोरी गाउँपालिका २ का समुदाय/अभिभावक /प्र.अ./शिक्षक/जनप्रतिनिधि/विद्यार्थीसँग स्थलगत अन्तरक्रिया।

## मामलाको विस्तृत विवरण (अन्तरबस्तु)

विपदमा भएका राम्रा अभ्यासको अवलोकनका लागि ठोरी गा.पा. वाड नं. २ मा विभिन्न तरिकाबाट संचालित वैकल्पिक शिक्षाका लागि श्री सरस्वती मा.वि ठोरी-२ पर्साको विद्यालयले विपदको समयमा वैकल्पिक शिक्षा शिक्षण सिकाइ क्रियाकलाप के कसरी गर्नु भएको थियो भनेर प्रधानाध्यपक केशवप्रसाद रेग्मीसँग विभिन्न जिज्ञासाहरु राखिएको थियो।

विद्यालयले सिकाइ क्रियाकलाप र पाठ्यपुस्तक वितरण भन्दा पहिले मिति २०७७ जेष्ठ २२ र २३ गते आफनो क्याचमेन्ट एरीयाका छात्रछात्राहरुको घरदैलोमा पुगी सबै बालबालिका तथा अभिभावकसँग भेटघाट गरी वैकल्पिक शिक्षाको लागि प्रयोग हुने साधनहरु जस्तैः रेडियो/टेलिभिजन (डिसहोम जडान)/Android Mobile आदि कतिको घरमा रहेको छ भन्ने तथ्याङक संकलन गर्ने काम शिक्षक/शिक्षिकामार्फत टोल विभाजन गरी सम्पन्न गरियो। यसरी सक्रिय ढंगबाट Covid-19 को सुरक्षाको नीति अवलम्बन गरी तथ्याङ्क संकलन कार्य गरी तथ्याङ्क विश्लेषण गरी पाठ्यपुस्तक वितरणका लागि कक्षागत वितरण समय तालिका बनाई सुरक्षित ढंगबाट २०७७ साल जेष्ठ ४/५ गतेदेखि ठोरी गा.पा वाड नं. २ मा चोक बजारस्थित विद्यालयको पुरानो भवनमा रहेको नवनिर्मित नमूना विद्यालयको भवनमा वर्गाध्यापकको माध्यमबाट विद्यार्थी एवं अभिभावकको हातमा स्नेटाइजर प्रयोग गरी पाठ्यपुस्तक वितरण कार्य विद्यालय व्यवस्थापन समिति अध्यक्ष श्री रामबहादुर बिष्ट र सदस्य श्री प्रदिप कुमार शर्माको उपस्थितिमा गरिएको थियो। विद्यालयले गरेको घरदैलो तथ्याङ्क संकलन राज्यले गरेको नीति/निर्देशन अनुसार के कति छ भन्ने विश्लेषण गर्दा सो वैकल्पिक शिक्षाको साधनहरु कति प्रतिशत घरमा रहेको अवस्था हेर्दा यस्तो देखियो।

## तपसील

प्रअ श्री रेग्मीको भनाई अनुसार पुनः शिक्षक स्टाफ बैठक बसी माथिको तथ्याङ्क विश्लेषण पश्चात् विपदमा वैकल्पिक शिक्षा शिक्षण क्रियाकलापलाई कसरी अगाडि बढाउने भनी छलफलपश्चात कक्षागत र विषयगत गृहकार्य तयार पारी फोटोकपी गरी सबैको घरदैलो पुऱ्याउने र सो कार्यका लागि गृहकार्य लिष्ट शिक्षकको जिम्मेवारीमा तयार पारी मिति २०७७।०३।१४ गते देखि २०७७।०३।२० सम्म पहिलो चरणको होमवर्क वितरण र कपी परीक्षण

| विद्यालय Catchment क्षेत्र घरधुरी संख्या | रेडियो भएका घरधुरी प्रतिशत | Dish home टेलिभिजन उपलब्ध घरधुरी | Android Mobile भएका अभिभावक | Net पहुँच भएका घर | Data (Mobile) |
|---|---|---|---|---|---|
| साविक ठोरी वडा नं. ५,६,७,८,९ हाल वडा नं. २ (ठोरी) घरदुरी संख्या : ७१७ | १३.५% | ६१% | ६८% | २२ घरधुरी | बढी खर्चिलो |

कार्यसमेत गरी तत्पश्चात पुनः २०७७।०३।२१ देखि २०७७।०३।२६ गतेसम्म गृहकार्य लिष्ट वितरण र कापी परीक्षण गर्ने कार्य गरियो । साथै कक्षा ECD र कक्षा १ को विद्यार्थीको लागि 3 in one copy मा गृहकार्य तयार गरी घरदैलोमा शिक्षक शिक्षिकाद्वारा पुऱ्याइयो । यस कार्यका लागि विद्यालयले आन्तरिक श्रोतबाट लगभग रु २०,००० देखि २२,००० खर्च भएको छ । सबै विद्यार्थीलाई वैकल्पिक शिक्षणको लागि विद्यालयले कार्य तालिका बनाई शिक्षकहरुलाई पनि त्यहीअनुसार खटाई आफ्नो जिम्मेवारी पूरा गरेको पाइयो । यसरी पहिलो हप्ताको कार्यक्रमको क्रममा विद्यालय व्यवस्थापन समिति, वडा अध्यक्ष र जनप्रतिनिधिहरुको समीक्षा बैठक मिति २०७७।०३।१७ गते विद्यालयको कार्यालयमा सम्पन्न भएको थियो । यस विद्यालयको अध्ययन अध्यापन गर्ने स्थलमा वडा स्तरीय क्वारेन्टिन संचालन रहेकोले सो शैक्षिक संस्था कहिले खुल्ने हो भन्ने कुरामा सबै विद्यार्थी, शिक्षक र अभिभावकमा चिन्ताको विषय बनेको छ । तर पनि कोरोनाको संक्रमण रोक्ने सबैको जिम्मेवारी भएकोले अझै शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन नयाँ विकल्पकको खोजीमा सम्पूर्ण शिक्षक, वडा प्रतिनिधि, विब्यस, विद्यार्थी र अभिभावकबीच सानो समूहमा वहश संचालन गर्ने प्र.अ.श्री रेग्मीले बताउनु भयो। साथै ठोरी गापाबाट मिति २०७७।३।२४ को सूचना प्रकाशन पछि यो घरदैलो वैकल्पिक शिक्षा कार्यक्रमलाई २०७७।३।२७ बाट स्थगित गरेको छ।




यस विद्यालयको सेवा क्षेत्रभित्र ब्रामण, क्षेत्री, नेवार, तमाङ्ग, मगर, थारु, भोटे (बोटे), माझी, चेपाङ्ग, साह, मधेशी, कामी, दमाई,सार्की आदि जातिको बसोबास छ र सोही जातजातिका विद्यार्थी यस विद्यालयमा अध्ययन गर्छन् । यस विद्यालयमा जम्माजम्मी १२ जना अपाङ्कता भएका विद्यार्थीहरु छन् । जुन कम श्रवण शक्ति भएका र दृष्टि कमजोर भएका विद्यार्थीहरु छन् । सिमान्तकृत र अपाङ्गता भएका बालबालिकाहरुको निरन्तर शिक्षा शिक्षण सिकाइमा नियमित सहभागिता रहेको अवस्था छ।

गाउँपालिकाद्वारा २०७७ साल असार महिनाबाट पञ्जिकरण अधिकारीको नियुक्ति गरेको छ। त्यसपछि गरिब र बिपन्नलाई सूचिकृत गर्ने कार्यको थालनी हुन जाने कुरा वडा नं. २ का वडा अध्यक्ष श्री श्यामहरी आचार्यले बताउनुभयो।

अनन्त कुमार श्रेष्ठ (पर्सा)

## विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको जातीगत बिवरण

| क्र.स | जाती | प्रतिशत |
|---|---|---|
| १ | ब्राहमण/क्षेत्री | २७ |
| २ | जनजाती | ४० |
| ३ | सिमान्तकृत | ९ |
| ४ | थारु | ७ |
| ५ | मधेशी | ४ |
| ६ | दलित | १२ |
| ७ | चेपाङ्ग | १ |
| | जम्मा | १०० द |

अपाङ्गता भएका जम्मा १२ जना (नीलो कार्ड भएका ३ जना र अन्य ९ जना)

## मामला अध्ययनबाट प्राप्त सवल पक्षहरु

- पाठ्यपुस्तक अध्ययनमा विद्यार्थीको जिज्ञासा जागेको छ।
- अध्ययनपश्चात गृहकार्य गर्न विद्यार्थीले नयाँ तरिकाको खोजी गरेको पाइयो।
- आफूभन्दा माथिल्लो कक्षाका दाजु दिदीसँग सिक्ने गरेको पाइयो।
- नजिकका छिमेकका साथीसँग कक्षा मिल्दोसँग "साथी शिक्षा" जस्तै अध्ययन गरेको पाइयो।
- कोरोना भाइरसका बीच पनि आत्मवलका साथ बालबालिकाहरु अध्ययनतर्फ लागेकाले सो डरत्रासबाट केही भयमुक्ततर्फ ध्यानाकर्षण रहेको पाइयो।
- दिनभरी खेलेर समय बिताउने बालबालिका पुस्तक प्रति आकर्षित भएर कथा कविताबाट मनोरञ्जन लिने र यसबाट पढाई अनि सिकाइ पनि भइरहेको पाइएको छ।
- पाठ्यपुस्तक, विद्यार्थी, शिक्षक एवं अभिभावकबीच पुनः प्रत्यक्ष सम्बन्ध जुटेको छ।
- शिक्षक विद्यार्थीबीच सूचना आदान प्रदानको माध्यम बनेको छ।
- कोरोना संत्रासको समयमा पनि शिक्षकहरु विद्यार्थीको घरदैलोमा पुग्दा अभिभावक, विद्यार्थी र समुदायका व्यक्तिबाट शिक्षकको प्रशंसा गरेको पाइयो।
- शिक्षकहरुले पनि आफ्नो नानीबाबुको शिक्षण क्रियाकलापलाई निरन्तरता दिंदा आफैमा आत्मसन्तुष्टि प्राप्त गरेको बताउनु भयो।
- विपदमा पनि शैक्षिक गतिविधिलाई अनौपचारिक रुपमा अगाडि बढाउँदा राज्यले आफूप्रति खर्च गर्ने रकमको कार्य समुदायमा केही प्रतिफल दिएकोमा शिक्षक र विद्यालय प्रशासनले महशुस गरेको पाइयो।
- यस विद्यालयले आफ्नो फेसबुक पेजबाट पनि वैकल्पिक शिक्षण क्रियाकलाप अगाडि बढाउन खोजेको छ।
- विद्यालयले सिमान्तकृत समुदायका बालबालिकाहरुका लागि बिब्यसको बैठकबाट निर्णय गराएर स्टेशनरी सामग्री पनि उपलब्ध गराउने गरेको छ।
- श्रवण शक्ति कम भएका विद्यार्थीलाई कक्षा कोठामा अगाडिको बेन्चमा बस्ने ब्यवस्था मिलाई अध्यापन गराउने गरेको छ।
- दृष्टि परीक्षणको लागि विद्यालयले ठोरी आँखा उपचार केन्द्रसँग समन्वय गरी दृष्टि परीक्षण गराई निःशूल्क रुपमा उपचार केन्द्रबाट चश्माको व्यवस्था मिलाउनका साथै उक्त विद्यार्थीलाई पनि कक्षाकोठामा बसाई व्यवस्थापन सहजै देख्न सक्ने ठाउँमा मिलाइएको छ।

अनन्त कुमार श्रेष्ठ (पर्सा)

## मामला अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- स्थानीय तहले यस वैकल्पिक शिक्षाका लागि ठोस नीति नियम निर्माण गरी जिम्मेवारीका साथ लाग्न सम्बन्धित पक्षलाई मार्ग निर्देशन गर्नुपर्ने देखिन्छ।
- Covid-19 को सुरक्षा उपयिका साधनहरु (मास्क, सेनिटाइजर, ग्लोव्स आदि) विद्यालयलाई उपलब्ध गराउनु पर्दछ।
- विद्यालयका विद्यार्थी, शिक्षकको PCR Test को व्यवस्था मिलाउन सके राम्रो हुने थियो।
- स्यानीय तह अर्न्तगतको वडामा रहेका विद्यालयमा वैकल्पिक शिक्षा संचालनका लागि एउटा समितिको गठन र बहस सञ्चालन गरेमा राम्रो हुने थियो।
- क्वारेन्टिन रहेको विद्यालयका विद्यार्थीलाई नजिक रहेको विद्यालयमा पठनपाठनको व्यवस्था गरी जोर बिजोर कक्षा र जोर बिजोर रोल नं. बाट कक्षा संचालन गर्न सकिन्थ्यो कि ?


2077-03-22 Monday.pdf
K DAILY
शिक्षकहरू समुदायमा गएर पठनपाठन गराउँदै

- स्थानीय तहका वडा अन्तर्गतका टोलको छनोट गरी पायक पर्ने विद्यार्थीलाई सानो-सानो समूहमा राखेर अध्यापन गराउन सक्ने वातावरण तयार गरेमा राम्रो हुने थियो।

## मामला अध्ययनबाट भएका मुख्य सिकाइ

- 'गरे असम्भव भन्ने कुरा केही छैन' भन्ने थाहा भयो।
- Covid-19 को माहामारीमा पनि वैकल्पिक शिक्षाका लागि यस विद्यालयले गरेको प्रयास केही हदसम्म सफल रहेको पाइयो।
- यस शैक्षिक सत्रभित्र पूरा गर्नुपर्ने पाठ्यक्रमलाई मुख्य विषयवस्तु नछुट्ने गरी छोटो बनाएर अध्यापन गराउन सकिने अवस्था हुन्छ भन्ने सिकाइ भयो।
- फेसबुक ग्रुपबाट पठनपाठनको अभ्यास अघि बढाइएको कुरा पनि उपयोगी देखियो।
- शिक्षकहरुले विद्यार्थीको घरदैलोमा नै पुगेर सिकाइ सहजीकरण गर्ने विधि प्रभावकारी भएको पाइयो।

स्थानीय तहले वैकल्पिक शिक्षाको लागि कुनै पनि ठोस पहल गरिएको पाइएन। प्रधानाध्यापक श्री केशवप्रसाद रेग्मीले ठोरी गापाको शिक्षा संयोजक श्री भूपाल जोशीसँग सम्पर्क गर्दा कुनै ठोस निर्देशन प्राप्त नभएको, पालिकाबाट कुनै पनि प्रअ बैठक गरेर वैकल्पिक शिक्षण सिकाइको अन्तरक्रिया नभएको कुरा बताउनु भयो। piloting का लागि विद्यालय आफैले आफ्नो विद्यालयका शिक्षक तथा विव्यस वैठक गरी घरदैलोमा गृहकार्य वितरण र टोल कपी परीक्षण कार्यक्रम संचालन गर्नु भएको थियो। जुन कार्यक्रमबाट विधार्थीहरुमा आफनो जिम्मेवारी बोध भई गृहकार्य गर्ने गरेको पाइएको थियो।

अनन्त कुमार श्रेष्ठ (पर्सा)

## मामला अध्ययनसँग सम्बन्धित सुझावहरु

- स्थानीय तहले पनि विपदमा वैकल्पिक शिक्षाको लागि ठोस ढंगबाट प्रअ बैठक, विभिन्न राजनैतिक दलका प्रतिनिधि, जनप्रतिनिधि, सरोकारवालाहरुसँगको छलफलबाट सुरक्षाको उपायको खोजी गरे वेश हुने थियो ।
- क्वारेन्टिन संचालन भएको विद्यालयलाई संभव भएमा अन्यत्र क्वारेन्टिनको व्यवस्था गरी पूर्ण रुपले विद्यालय निर्मलीकरण गरी शैक्षिक गतिविधि संचनलनको ब्यवस्थ गर्न सके राम्रो हुन्थ्यो ।
- वैकल्पिक शिक्षाको विषयमा ठोरी वडा नं २ निवासी वीरबहादुर घलानसँग कुराकानी गर्दा रेडियो, टिभीबाट संचालित कक्षामा आफ्नो छोराछोरीले त्यति चाँसो नराखेको पाइयो तर विद्यालयबाट संचालित घरदैलो पठनपाठन कार्यक्रममा छोराछोरीले आफ्नो गृहकार्य गर्नका लागि प्रयत्न गरेको पाइयो । यो कार्यक्रम शिक्षकको लागि दुःख भएपनि विद्यार्थी चाहिँ घरमा शिक्षक आउने भएकोले पाठ्यपुस्तकसँग जोडिने वातावरण बनेको देखियो ।
- अर्का अभिभावक अर्जुनबहादुर बस्नेतले भन्नुभयो- यो घरदैलो कार्यक्रमलाई निरन्तरता दिंदा बेश हुनेथियो । टि.भी, रेडियोमा समान सहभागिता र पहुँच नहुने भएकोले यो तरिका ग्रामीण भेगको लागि त्यति उपयुक्त र प्रभावकारी नरहेको साथै धनी र गरीब बीचको विभेद भए जस्तो भयो । तसर्थ घरदैलो पढाई कार्यक्रमलाई संचालन गराउन पालिकाले आवश्यक ब्यवस्था मिलाउनु पर्ने देखियो ।

## निष्कर्ष

पर्सा जिल्ला ठोरी गाउँपालिका अन्तर्गत वडा नं. २ मा रहेको श्री सरस्वती मावि, गौतम नगरले Covid-19 को महामारीले बालबालिकालाई पारेको नकारात्मक प्रभावका बीच पनि सक्दो सुरक्षित ढंगबाट शैक्षिक सत्र २०७६ को नतिजा प्रकाशन, वैकल्पिक शिक्षाको नवीनतम माध्यमद्वारा विद्यार्थी भर्ना अभियान, पाठ्यपुस्तक वितरण, गृहकार्य घरदैलोमा पुऱ्यउने अभियान साथै टोल टोलको घरदैलोमा कापी परीक्षण गर्ने कार्य समेत गरी निकै उपयोगी विधि अपनाएको पाइयो । साथै नेपाल सरकारले टिभि/रेडियो/अन्य संजालबाट प्रसारण गरिने वैकल्पिक शिक्षण गर्ने कुराको लिस्ट घरदैलोमा पुऱ्याई सहयोग गरेको देखियो। DLC Mobile App बाट पनि विद्यार्थीलाई सिक्न सिकाउन सक्ने समेत कुरा विद्यार्थी अभिभावकबीच जानकारी गराइएको थियो। यस कार्यक्रम संचालनबाट यस शैक्षिक शत्रमा नयाँ भर्ना कक्षागत गरी ८१ जना सहित कुल ५६७ विद्यार्थीहरु लाभान्वित भएको देखिन्छ।

माथि उल्लिखित क्रियाकलाप संचालन गरिरहँदा यसबाट आगामी दिनमा आइपर्ने समस्यामा जिम्मेवारी कसले लिने भन्ने कुरा केहि व्यक्तिबाट प्रश्न उठन थाले पछि विद्यालय प्रशासन र शिक्षकहरु अन्यौलमा परेका छन्। तत्पश्चात २०७७ साल असार २७ गतेबाट यो कार्यक्रम स्थगित गरेको छ। यस प्रति गापा कार्यलयको शिक्षा शाखा पनि उत्तर विहीन बनेको छ। यस पछि विद्यालयले Facebook को Smart Teacher/ Students Group को माध्यमबाट अध्यापन गराउने लक्ष्य राखेको छ। यस्तो महामारी बीच पनि यती ठूलो वैकल्पिक उपायबाट शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिने कार्यमा लाग्नुभएका विद्यालयका प्रअ/शिक्षक शिक्षिका, जनप्रतिनिधि, नागरिक समाज, विद्यार्थी र अभिभावकहरु प्रति धन्यवाद दिनै पर्दछ।

❖❖❖

# कोरोना महामारीमा वैकल्पिक शिक्षाको आवश्यकता

दुर्लाचन प्रसाद साह (पर्सा)

## पृष्ठभूमि

प्रदेश नं. २, पर्सा जिल्ला बहुदरमाई नगरपालिका वडा नं. ५ भौराटार टोलमा रहेको बीरगंज सदरमुकामदेखि १४ कि.मी. पश्चिम उत्तर-पूर्वमा बीरगंज महानगरपालिका पश्चिममा सखुवाप्रसौनी गा.पा. दक्षिणमा बिन्दवासनी गा.पा. सँग सिमाना जोडिएको र २०१७ सालमा स्थापित एउटा आधार भूत विद्यालय श्री नेपाल राष्ट्रिय सिताराम महतो आधारभूत विद्यालय रहेको छ । यस विद्यालयमा भौतिक पूर्वाधारको रुपमा १० कोठे पक्की भवन र शौचालय, धारा कम्पाउण्डवालसहित चौर भएको विद्यालयमा बाल विकास केन्द्रदेखि कक्षा ८ सम्मको अध्यापन हुन्छ भने विद्यालयमा छात्रछात्रा संख्या ५७३ रहेको छ। यस विद्यालयमा अध्ययन अध्यापन गराउने शिक्षक शिक्षिका तथा कर्मचारी संख्या १० जना रहेको छ। शैक्षिक सत्र २०७६ साल चैत्र ५ गते सबै कक्षागत विद्यार्थीहरुको बार्षिक परीक्षा सम्पन्न भई नेपालमा कोरोना भाइरस महामारी फैलिना साथ ग्रामीण स्तरको शिक्षण क्रियाकलाप अवरुद्र भएको अवस्थामा नै २०७७ साल बैशाख ५ गते विद्यालयको सूचना पाटीमार्फत सबै कक्षाहरुको नतिजा सार्वजनिक गरिएको थियो।

यस विद्यालयमा अति गरिब विपन्न वर्गका विद्यार्थीहरुले अध्ययन गरिरहेकोमा नेपालमा कोरोना भाइरसको माहामारी तथा लकडाउनको कारणले गर्दा परीक्षा सम्पन्न गरी नतिजा प्रकाशन भएपछि नयाँ शैक्षिक सत्र २०७७ सालको भर्ना तथा पठनपाठनमा असर परेको स्थिति छ।

## अध्ययनको सन्दर्भ र औचित्य

नेपालमा कोरोना भइरस महामारीको कारणले गर्दा नयाँ शैक्षिक सत्र २०७७ साल प्रभावित हुने देखियो, जसको फलस्वरुप शिक्षक, विद्यालय, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी र अभिभावक बीचको दुरी बढ्ने अवस्था आयो। यस मामिला अध्ययनबाट अबको वैकल्पिक शिक्षा शिक्षण सिकाइ क्रियाकलाप कसरी स्थानीय तहले गर्न सक्छ भन्ने स्थलगत भेटघाट तथा अवलोकनबाट जानकारी लिइएको छ।

## औचित्य

- समय परिस्थितिले गर्दा स्थानीय तह तथा विद्यालयले वैकल्पिक शिक्षाको व्यवस्थापन मिलाउन नसकेको।
- सो प्रक्रियाबाट शिक्षण सिकाइ कत्तिको प्रभावकारी रह्यो।
- वैकल्पिक शिक्षण बिधि कसरी अपनाइयो।
- विद्यार्थीले यस तरिकाबाट कत्तिको सिकाइ गरेको पाइयो भन्ने कुराको जानकारी।
- विद्यार्थीहरुको शिक्षण सिकाइ प्रक्रिया निरन्तर रहने छ भन्ने शिक्षकहरुको धारणा कस्तो रह्यो।
- नेपालमा कोरोना भाइरस शुरु भएपश्चात भयत्रासको कारणले गर्दा विद्यालयहरुले शिक्षकहरुलाई परिचालन नगर्नुको कारण यसप्रकार रहेको देखिन्छ।
- विद्यालय तथा शिक्षक परिचालन सम्बन्धी खास नीति निर्देशन नभएको कारण।
- स्थानीय तह निष्कृय भएको।



- कोरोना भाइरसको कारणले मनमा डर भय त्रासले ।
- सरोकारवालाहरु एक-अर्काको बीचमा मुकदर्शक भएको ।
- संघ, प्रदेश र स्थानीय तहका सरकारहरु बीच प्रभावकारी समन्वय सहकार्य अभावले ।
- कोरोना भाइरसको समयमा विद्यालयले गरेको पहलहरु
- विद्यालयको पहलमा स्थानीय तहको सहयोगमा उत्तर पुस्तिका जाँच तथा नतिजा प्रकाशन ।
- पाठ्यपुस्तक वितरण ।
- वैकल्पिक शिक्षा सम्बन्धी अभिभावक र जनसमुदायमा चेतना फैलाएको ।
- विद्यालयले सम्पूर्ण प्रशासनिक कामकाज गरेको ।

## अध्ययनको उद्देश्य

- कोरोना भाइरसको महामारीमा विद्यालयले गरेका असल अभ्यासको पहिचान गर्ने,
- स्थानीय तहसँगको समन्वयमा सिकाइ गतिविधिलाई निरन्तरता दिनका लागि गरिएका पहलहरुको खोजी गर्ने,
- स्थानीयस्तरमा गरिएका वैकल्पिक शिक्षाका अभ्यासहरु उजागर गर्ने ।

## अध्ययनको क्षेत्र

- श्री ने.रा.सिताराम महतो आधारभूत विद्यालय, भौराटार पर्सा
- बहुदरमाई नगरपालिका वडा नं. ५ भौराटार (जनसमुदाय स्तरमा)

## मामलाको बिस्तृत बिवरण (अन्तरवस्तु)

अध्ययनको सिलसिलामा बहुदरमाई आधारभूत विद्यालयका प्र.अ. श्री नरेन्द्र कुमार झासँग भेटघाट गर्दा उक्त विद्यालयबाट नतिजा प्रकाशनपश्चात विद्यार्थी, अभिभावक र शिक्षक शिक्षिका बीचको सम्बन्ध टुटेको थियो भन्ने जानकारी प्राप्त भयो । तत्पश्चात विद्यालयको सेवाक्षेत्र भित्रका बालबालिकाको घरमा के कति संचारका साधन छन् भन्ने तथ्यांक संकलन गर्नका लागि शिक्षकहरुलाई परिचालन गर्ने काम भएन र यस कार्यका लागि स्थानीय तहले पनि कुनै पहल गरेन । विद्यालय व्यवस्थापन समितिको रोहबरमा मिति २०७७।०३।२५ गते विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरियो । नेपाल सरकारले तय गरेको वैकल्पिक अध्ययन सामग्री रेडियो, टि.भी., इन्टरनेट सेवा आदिबाट स-साना बालबालिकाले अध्ययन गर्न सक्दछन् भन्ने जानकारी पाए तर सो कुराको प्रयोग आफ्ना विद्यार्थीले कति प्रयोग गरे भन्ने कुराको विद्यालयबाट अनुगमन नभएको कारणले बालबालिकाले पाठ्यपुस्तक र अन्य वैकल्पिक माध्यममा कत्तिको चाँसो राखेका छन् भन्ने प्रष्ट हुन सकेको छैन । तसर्थ वैकल्पिक शिक्षाका उपाय प्रयोग गराउन स्थानीय तहबाट पहल भए विद्यार्थीको पठनपाठनले निरन्तरता पाई शैक्षिकसत्र भत्कने थिएन भन्ने अपेक्षा गरिएको छ ।

## मामला अध्ययनबाट प्राप्त सवल पक्षहरु

- पाठ्यपुस्तक वितरण गरेको पाइयो ।
- पाठ्यपुस्तक प्राप्त पश्चात गृहकार्य तथा पढ्ने बानीको विकास भएको पाइयो ।
- आफूभन्दा माथिल्लो कक्षाका दाजु दिदीसँग घरमै बसी सिक्ने गरेको पाइयो ।

- नजिकका मिल्ने साथीसँग घरमै बसी लेखपढ गरेको पाइयो ।
- कोरोना भाइरस महामारीको बेला बालबालिकाहरु घरमा बसी अभिभावकको सहयोग लिई अध्ययन अध्यापनतर्फ ध्यानाकर्षण रहेको पाइयो ।
- कोरोना भाइरस र लकडाउनको बेला ग्रामीण भेगका बालबालिकाहरु खेल र मनोरञ्जनजन्य क्रियाकलापमा बढी सम्लग्न हुने गरेको पाइयो ।
- विपदको बेला घरमा रेडियो, टिभीको माध्यमबाट अभिभावकलाई जानकारी गराई सोही अनुसार आफ्ना बालबालिकाहरुलाई घरमै अध्ययन अध्यापन गराउन पाइयो ।
- नेपालमा कोरोना भाइरसको महामारीले गर्दा शिक्षा क्षेत्रमा पर्न गएको असर बारे विद्यालयदेखि समुदायस्तरबाट बुझ्नी अभिभावकहरुले आफ्ना बालबालिकाहरुलाई घरमै पढ्ने वातावरण मिलाइएको पाइयो ।

## मामला अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- स्थानीय तहले यस्तो परिस्थितिको बेलामा वैकल्पिक शिक्षाको ठोस रणनीति बनाउनुपर्ने देखिन्छ ।
- Covid-19 संक्रमणबाट जोगिनका लागि सुरक्षाको उपायका साधनहरु (मास्क, सेनिटाइजर, ग्लोब्स आदि) विद्यालयलाई उपलब्ध गराउनुपर्ने देखिन्छ ।
- क्वारेन्टिन रहेको विद्यालयको हकमा नजिकै रहेको विद्यालयमा सहभागी गराई जोर बिजोर कक्षा संचालन गर्न सकिन्थ्यो कि ?
- वडास्तरमा टोल छनौट गरी स-साना समूह बनाई वैकल्पिक शिक्षा संचालन गर्न सकिने ब्यवस्था मिलाउने कि ।




- विद्यालयका शिक्षक विद्यार्थीहरुलाई पिसिआर परीक्षण गर्नुपर्ने ।
- महामारीको बेलामा स्थानीय तह र विद्यालयले पनि आफ्नो रणनीति तय गर्नुपर्छ ।
- अभिभावकहरुलाई विपदको समयमा आफ्नो बालबालिकाहरुलाई कसरी सुरक्षित राख्ने भन्ने बारेमा अभिभावकमा जनचेतना फैलाउने काम गर्नुपर्दछ ।

## मामला अध्ययनबाट भएका मुख्य मुख्य सिकाइहरु

- बालबालिकाहरु कोरोना भाइरस महामारीमा पनि केही हदसम्म शिक्षण सिकाइमा जुटेको पाइयो ।
- नयाँ शैक्षिक सत्र २०७७ सालभित्र सबै विषयवस्तु पढाउन अप्ठ्यारो भएकोमा त्यसका केही भाग मिल्दो जुल्दो पाठ मात्र पढाउन सकिन्छ कि भन्ने पाइयो ।
- विपदको समयमा सावधानी अपनाएमा अध्ययन कार्यमा सहयोग मिल्ने छ भन्ने पाइयो ।
- अभिभावकको भूमिका आफ्नो बालबालिका प्रति जिम्मेवार देखिएको पाइयो ।
- पाठ्यपुस्तक वितरण गरी विद्यार्थीहरुलाई घरमा बसी पाठ्यपुस्तक अध्ययन गर्न पाउने व्यवस्था गरेको पाइयो ।
- माहामारीको बेलामा आपतकालीन रणनीति अपनाई विद्यार्थीहरुलाई आ-आफ्नो घर वा

टोल छिमेकमा मिलेर पठनपाठनमा सम्लग्न हुन उत्प्रेरित गरेको पाइयो ।

### मामला अध्ययनसँग सम्बन्धित सुझावहरु

- आपतकालीन अवस्थामा स्थानीय तहले प्र.अ. बैठक राखी सो सम्बन्धी छुट्टै रणनीति अपनाउनु पर्छ ।
- जुन विद्यालयमा क्वारेन्टिन स्थापना भएको छ, सो विद्यालयका विद्यार्थीहरुलाई नजिकैको विद्यालयमा स्थानान्तरण गरी सुरक्षित तवरले पठनपाठन क्रियाकलापमा सहभागी गराउन सके राम्रो हुन्थ्यो ।
- नेपाल सरकारले यस्तो विपदको घडीमा ठोस रणनीति अपनाई स्थानीय तहलाई निर्देशन दिने र विद्यालयके बालबालिकाहरुमा असर नपर्ने गरी वैकल्पिक शिक्षा संचालन गर्ने बाटो समयमा नै तय गर्नुपर्छ ।

### निष्कर्ष

पर्सा जिल्ला अन्र्तगत पर्ने बहुदरमाई नगरपालिका वडा नं. ५ स्थित श्री ने.रा. सिताराम महतो आ.बि. कोरोना भाइरस महामारीले गर्दा शैक्षिक सत्र २०७६ सालमा परीक्षा संचालन गरी नतिजा प्रकाशन समेत गरी नयाँ शैक्षिक सत्रका लागि भर्ना अभियान सञ्चालन गर्ने समयमा कोरोना भाइरस महामारीले सिर्जना गरेको लकडाउनको कारणले लामो समयदेखि बन्द रह्यो । जसले गर्दा नयाँ शैक्षिक सत्रका प्रारम्भका दिनहरु प्रभावित बने । साथै नेपाल सरकारबाट हालसम्म विद्यालय खोल्न परिपत्र नगरेको अवस्थामा पनि बीचमा विद्यालयले पाठ्यपुस्तक वितरण गरी वैकल्पिक शिक्षाको उपायबारे स्थानीय तहसँग सहकार्यका माध्यमबाट शिक्षण सिकाइबारे विद्यार्थी, अभिभावक तथा जनसमुदायमा प्रचारप्रसार, सूचना, जनचेतना फैलाएकोमा विद्यालय प्रति आभार प्रकट तथा धन्यवाद व्यक्त गर्दछौं । ❖❖❖

# कोभिड १९ र विद्यालय बाहिर रहेका किशोरीहरुको शिक्षण सिकाइमा निरन्तरता

रुपक कुमार पाण्डे (पर्सा)

### पृष्ठभूमि

स्थानीय तहका अयोजना र सामाजिक संस्था जिल्ला समन्वय समिति, पर्साको प्राविधिक सहयोगमा विद्यालय जाँदै नगएका र विद्यालय गई कक्षा १-२ पढि विद्यालय छाडेका १० देखि १४ वर्ष उमेर समूहका किशोरीहरुलाई अनौपचारिक शिक्षामार्फत ९ महिनासम्म साक्षरता सीप (लेखाइ, पढाइ, बोलाइ तथा हिसाब) को विकास, किशोरीहरुमा हुने प्रजनन स्वास्थ्य, चेलिबेटी बेचविखन, यौन शोषण, किशोरावस्थाको मनोविज्ञान, पौष्टिक खाद्य पदार्थ, स्वास्थ्य तथा सरसफाई, स्वास्थ्य र जनसंख्या सम्बन्धी ज्ञान लिएर व्यवहारमा परिवर्तन, बालअधिकार,

बालश्रम, सुरक्षित बसाई, यौन दुर्व्यवहार, एचआईभी तथा एड्सको बारेमा जानकारी पाई सचेत भएर सम्भावित खतराबाट आफू र आफ्ना साथीभाइहरुलाई सुरक्षित गराउन, किशोरीहरुमा जीविकोपार्जन गर्न उपायको खोजी गर्न र अन्त्यमा उनीहरुलाई विद्यालय भर्ना गर्ने योजना रहेको थियो । जस अन्तरगत पर्सा जिल्लाका बीरगंज महानगरपालिका, पोखरीया नगरपालिका, पटेवा सुगौली गाउँपालिका, जिराभवानी गाउँपालिका र कालिकामाई गाउँपालिकामा ५ वटा स्थानीय तहहरु मार्फत ५० केन्द्रमा रहेका १ हजार २ सय २४ किशोरीहरु नियमितरुपमा अध्ययन कार्यमा सहभागी हुँदै आएका थिए।

विश्वव्यापी महामारीका रुपमा फैलिँदै गएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणका कारण देशव्यापीरुपमा भएको लकडाउनका कारणले शैक्षिक संघसंस्थाहरु बन्द अवस्थमा छन् । शैक्षिक गतिविधि ठप्प भएको छ । कोरोना भाइरस (कोभिड– १९) बाट उत्पन्न विषम परिस्थितिका कारण लकडाउनका अवस्थामा किशोरी शिक्षा केन्द्रहरु सबै बन्द भएको अवस्था थियो ।केही दिन बन्द भएपछि ति किशोरीहरुको पढाइलाई निरन्तरता दिन अवश्यक देखी सामाजिक संस्था जिल्ला समन्वय समिति, पर्साले पर्सा जिल्लाका ५ वटा स्थानीय तहका शिक्षा जिम्मेवार व्यक्ति, सुपरभाइजरहरु, सहयोगी कार्यकर्ताहरु टेलिफोनमार्फत निरन्तर समन्वयमा किशोरीहरुको पढाइलाई वैकल्पिक विधिबाट पढाइलाई कसरी निरन्तरता दिन सकिन्छ भन्ने बारे छलफल गर्दै आएको थियो । पर्सा जिल्लाका ५० वटै केन्द्रका १ हजार २ सय २४ किशोरीहरुको शिक्षालाई निरन्तरता दिन सामाजिक संस्था जिल्ला समन्वय समिति, पर्साको समन्वयमा सहयोगी कार्यकर्ता तथा सुपरभाइजरमार्फत टेलिफोन, घरदैलौ र स-साना समूहमा समुदायस्तरमा किशोरीहरुलाई पाठ्यपुस्तकका मुख्य-मुख्य सन्देशहरु मार्फत पढाइ उनीहरुलाई घरमानै बसेर पढ्न सुझाव दिँदै र गृहकार्य उपलब्ध गराउने काम गर्दै हाल किशोरी शिक्षाका पाठ्यपुस्तकहरु भाग १ र २ दुबै पढाइ सकेर उनीहरुलाई विद्यालय भर्ना गर्न पहल भैरहेको छ।

## अध्ययनको सन्दर्भ तथा औचित्य

विश्वव्यापी महामारीका रुपमा फैलिँदै गएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणका कारण देशव्यापीरुपमा भएको लकडाउनका कारणले शैक्षिक संघसंस्थाहरु बन्द रहेकोअवस्थमा र शैक्षिक गतिविधि ठप्प भएको अवस्थामा सामाजिक संस्था जिल्ला समन्वय समिति पर्साको समन्वयमा अनौपचारिक शिक्षाका सहभागीहरुलाई निरन्तर शिक्षण सिकाइमा सहभागी गराउने सकारात्मक अभ्यास भएको छ । यस सकारात्मक अभ्यसका कारण अन्य पालिकाहरु, शैक्षिक संस्थाहरुलाई पुनः संचालनका लागि उत्प्रेरणा मिल्ने हुनाले यस अध्ययनको औचित्य देखिन्छ । अहिले विद्यालयसम्म धेरै बालबालिकाहरुको पहुँच नभएको अवस्था छ, यसो हुनुका पछाडि अभिभावकहरु शिक्षाप्रति जागरुक नहुनु, छोरा र छोरीबीचको विभेद, निर्णायक भमिकामा पुरुषको बाहुल्यता, गरिबी, बालविवाह, हिंसा, रुढिवादी सोच र राजनीतिक अस्थिरताजस्ता कारण रहेको छ। यस्ता किसिमका कार्यक्रमले गरिब, दलित र पिछडा समुदायका अभिभावकहरु शिक्षाप्रति जागरुक भई आफ्ना छोरीहरुलाई पनि पढाउनमा सहयोग गरेको र समुदायस्तरमा हुने हिंसा तथा बालविवाहमा न्युनीकरण भएको अवस्था रहेको छ।

रूपक कुमार पाण्डे (पर्सा)

## अध्ययनको उद्देश्य

- कोभिड- १९ का कारणले विद्यालय बाहिर रहेका किशोरीहरुको शिक्षण सिकाइलाई के कसरी अघि बढाइएको छ जानकारी लिने,
- विद्यालय बाहिर रहेका किशोरीहरुको शिक्षण सिकाइमा प्रयोग भएका वैकल्पिक विधिहरुका बारेमा जानकारी लिने,
- विपदको शिक्षालाई निरन्तरता दिनका लागि स्थानीय तह, संघ संस्था र नागरिक समाजको के कस्ता भुमिका हुनुपर्ने भन्ने बारे खोज गर्ने,
- कोभिड १९ को समयमा शिक्षा सम्बन्धी गतिविधिमा मनोसामाजिक सेवाद्वार पारेको प्रभावबारे जानकारी लिने ।

## अध्ययन क्षेत्र

पर्सा जिल्लाको बीरगंज महानगरपालिका, पोखरीया नगरपालिका, पटेवा सुगौली गाउँपालिका, जिराभवानी गाउँपालिका र कालिकामाई गाउँपालिका अन्तरगत विभिन्न वडाहरुमा किशोरी शिक्षा संचालन गरेका सहयोगी कार्यकर्ता, सुपरभाइजर, कार्यक्रम संयोजक, पालिकाका शिक्षा प्रमुख, सामाजिक संस्था जिल्ला समन्वय समिति पर्सा, किशोरीहरु र अभिभावकहरुसँगको अन्तर्क्रियालाई यस मामला अध्ययनको अनुसन्धान क्षेत्रको रुपमा लिइएको छ ।




## मामलाको विस्तृत विवरण (अन्तरवस्तु)

पर्सा जिल्ला अन्तरगत बीरगंज महानगरपालिका, पोखरीया नगरपालिका, पटेवा सुगौली गाउँपालिका, जिराभवानी गाउँपालिका र कालिकामाई गाउँपालिकाको आयोजना र सामाजिक संस्था जिल्ला समन्वय समिति पर्साको प्राविधिक सहयोगमा संचालनमा रहेको किशोरी शिक्षा कार्यक्रम, जसमा विद्यालय जाँदै नगएका तथा १-२ कक्षा पढि लामो समयदेखि विद्यालय छाडेका किशोरीहरुलाई किशोरी शिक्षा केन्द्रहरुमा सहभागी गराई उनीहरुलाई अनौपचारिक शिक्षा कक्षा संचालन गरिरहेको अवस्था थियो । किशोरी शिक्षा कार्यक्रमको उद्देश्य लालिमा भाग १ र भाग २ दुईका पाठ्यपुस्तक ९ महिनासम्म अध्यापन गराई उनीहरुलाई क्षमताअनुसार विद्यालयमा कक्षा ३ देखि कक्षा ५ सम्म भर्ना गराई मूलधारमा समाहित गर्ने रहेको छ । तर कोभिड १९ का कारणले जारी गरिएको लकडाउनबाट यी अनौपचारिक कक्षाहरु पनि प्रभावित भएको अवस्था थियो । लकडाउन अघि किशोरी शिक्षा केन्द्रहरुमा किशोरीहरुको पठाई ६ देखि ७ महिनामात्र भएको थियो भने बाँकी ३ महिनाको शिक्षण सिकाइ गतिविधि बाँकी नै रहेको अवस्था थियो ।

यस लकडाउनका अवस्थामा पनि किशोरीको पठनपाठन अवरुद्ध हुन नदिई किशोरीहरुका लागि शिक्षण सिकाइ निरन्तर राख्न किशोरी शिक्षा कक्षा कुन प्रकियाबाट संचालन गर्न सकिन्छ भन्ने विषयमा सामाजिक संस्था जिल्ला समन्वय समिति पर्साको पहलमा तथा छलफलका आधारमा पालिका, सुपरभाइजर र सहयोगी कार्यकर्ताहरु कक्षा संचालन गर्न इच्छुक भएको तर कसरी संचालन गर्ने भनि

अन्योलमा रहेको हुँदा हाललाई किशोरी शिक्षा कक्षा सुरक्षितरुपमा संचालन गरी किशोरीहरुको शिक्षालाई निरन्तरता दिन केन्द्रमा नै शिक्षण सिकाइ नगरी अन्य वैकल्पिक विधिहरुमार्फत संचालन गर्न सकिने भन्ने बारे सहमती गरियो । शुरुमा कार्यक्रम संचालन पालिका तथा वडाहरुलाई Green Zone (हाल सम्म कुनै पनि संक्रमित नदेखिएको, क्वारेन्टिनमा मानिसहरु नरहेको, भारतको सिमानाबाट टाढा रहेका पालिका र कक्षा संचालन गर्न सक्ने अवस्था भएको वडा) र Red Zone (कोरोनाका संक्रमित देखिएका पालिका, क्वारेन्टिनमा धेरै मानिसहरु रहेको, भारतका सिमानासँग जोडिएका पालिका र कक्षा संचालन गर्न नसक्ने अवस्था भएका) भनेर छुट्याइयो, जसमा Green Zone मा रहेका पालिकाहरुमा कक्षा संचालनको तयारी गर्ने र Red Zone मा रहेका पालिकाका किशोरीहरु निरन्तर रुपमा टेलिफोनमार्फत सम्पर्कमा रहने र सहयोगी कार्यकर्ता र किशोरीहरुमा कोरोना भाइरस (कोभिड–१९) का कारण मनोसामाजिक समस्याहरु आउन सक्ने भएको हुँदा उनीहरुलाई मनोसामाजिक परामर्श सेवा दिने जस्ता कार्यहरु १५-२० दिनसम्म गरियो । त्यसपछि सहयोगी कार्यकर्ताहरुले केही केन्द्रहरुमा नै केन्द्रमा रहेका सभागीहरुका आधारमा ४ देखि ५ जनाका दरले समूह बनाई कुन किशोरीहरुको कुन समूहको केन्द्रमा आउने भन्ने बारे पूर्व जानकारी गराई एक मिटरको सामाजिक दुरी कायम गरी स(साना समूह (४ देखि ५ जना) का दरले ३ देखि ४ वटा समूहमा किशोरीहरुलाई पठनपाठन गराइयो । केही किशोरीहरुको घर समुदायस्तरमा नै सञ्चालन भएको थियो । कोभिड १९ महामारीका कारण किशोरी, सहयोगी कार्यकर्ताहरु र अभिभावकहरु मनोसामाजिक समस्याहरु पनि आएको थियो ।




यस्तो अवस्थामा सामाजिक संस्था जिल्ला समन्वय समिति, पर्साले त्यस्ता किशोरी, सहयोगी कार्यकर्ता, र अभिभावकहरुको लागि मनोसामाजिक परार्मश सेवा उपलब्ध गराउने काम गरियो । जसका कारण उनीहरुमा देखिएका मनोसामाजिक समस्या डर त्रास, निन्द्रा नलाग्ने, एक्लै बस्ने जस्ता समस्याहरु सामाधान भएका थिए । पर्सा जिल्लाका सहयोगी कार्यकर्ता र सुपरभाइजरहरुका पहलमा अहिले ति किशोरीहरुलाई विद्यालय भर्नाका लागि विद्यालयहरुसँग समन्वय गर्दै आइरहेको छ । यसरी कोभिड १९ को महामारीका कारणले भएको बन्दाबन्दीका अवस्थमा पनि सामाजिक संस्था जिल्ला समन्वय समिति र स्थानीय तहहरुको पहलमा विद्यालय बाहिर रहेका किशोरीहरुको शिक्षण सिकाइलाई निरन्तरता दिई सफल कार्य भएको अवस्था छ । ति किशोरीहरु अति विपन्न, दलित र पिछडा परिवारका भएकोले उनीहरुको परिवारलाई राहत उपलब्ध गराउनमा पनि स्थनीय तहहरुले सहयोग गरेका छन् । अहिले ति किशोरीहरु किताबका कुराहरु राम्रोसँग पढ्न, लेख्न, जोड, घटाउ, गुणन, भाग गर्न सक्ने र जीवनमा आएका समस्याहरुलाई राम्रोसँग सहजीकरण गर्न सक्ने बानीका विकास भएको छ ।

रूपक कुमार पाण्डे (पर्सा)

पर्सा जिल्लाका ५० केन्द्रका १ हजार २ सय २४ जना किशोरीहरु मध्ये ७० प्रतिशत विद्यालयको मूलधारमा कक्षा ३ देखि ५ सम्म भर्ना हुन तयरी अवस्थामा रहेका छन् । हाम्रो समाजमा छोरा र छोरीबीच विभेद गरी छोरालाई बोर्डिंग स्कुलमा पढाउने, छोरीलाई सरकारी विद्यालयमा पनि पढ्न नपठाउने, बालविवाह गरिदिने, छोरी र महिलाहरु माथि हिंसा गर्नेजस्ता धेरै सामाजिक रुढिवादीहरु परम्पराहरु छन् । संघ संस्थाहरुका पहल र स्थानीय तहको आयोजनामा संचालित यी किशोरी शिक्षा कार्यक्रमले अभिभावकहरुलाई विभिन्न समूहहरुमा आवद्ध गराई उनीहरुलाई छोरी शिक्षाको महत्वबारे जानकारी गराई छोरीलाई पढाउँदा हुने फाइदाहरु अनुभूती गराउने र बालविवाह र हिंसाजस्ता सामाजिक अपराधहरुलाई न्यूनीकरण गर्न यस कार्यक्रमले सहयोग गरी प्रदेश नं.२ को 'बेटी पढाउँ-बेटी बचाउँ' अभियानलाई पनि यस कार्यक्रमले प्रत्यक्ष सहयोग पगेको विश्वास गर्न सकिन्छ ।

## मामला अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

हाम्रो समुदाय र परिवेशअनुसार बालबालिका र महिलालाई कम प्राथमिकता दिने, उनीहरुको कुरालाई घरपरिवारमा वास्ता नगर्नेजस्ता कार्यहरु हुँदै आएको अवस्था छ । त्यसमा पनि कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण देशव्यापीरुपमा भएको लकडाउनका कारणले शैक्षिक संघसंस्थाहरु बन्द अवस्थमा छन् । सबै शैक्षिक गतिविधि ठप्प भएको छ । यस्तो अवस्थामा बालबालिका तथा महिलाहरुमा मनोसामाजिक समस्याहरु धेरै आउने सम्भावनाहरु हुन्छ । बालबालिकाहरु विद्यालय जान नपाउँदा उनीहरुको सिकाइ गतिविधिमा नराम्रो असर परिरहेको छ । स्थानीय तहहरुले यस्तो अवस्थामा प्रतिकार्य योजना निर्माण गरी, वडा तथा बस्तीस्तरमा मनोसामाजिक परार्मश सेवा केन्द्र स्थापना गर्न लगाउने र बालबालिकाहरुका लागि विभिन्न वैकल्पिक शिक्षण प्रविधिहरुको माध्यमले शिक्षालाई अगाडि बढाउन पर्ने थियो तर यस्ता गतिविधिमा स्थानीय तहको ध्यान कम पुगेको यस अध्ययनबाट देखिएको छ ।

## मामला अध्ययनबाट भएका मुख्य-मुख्य सिकाइ

शिक्षा पाउनु बालबालिकाहरुको नैसर्गिक अधिकार हो । सबै बालबालिकाहरुले शिक्षा पाउन् भन्ने उद्देश्य राखी नेपाल सरकारले विभिन्न औपचारी तथा अनौपचारिक शिक्षा कार्यक्रमहरुको माध्यमले बालबालिकाहरुलाई शिक्षाको मूलधारमा ल्याउन वातावरण तयार पारेको अवस्था छ । यस अनुरुप किशोरी शिक्षा पनि एउटा अनौपचारिक शिक्षा कार्यक्रम हो । यस्ता किसिमका कार्यक्रमहरुले अभिभावकहरुलाई शिक्षाको महत्व बझाउन र बालविवाह तथा समदायस्तरमा हुने हिंसामा कमी ल्याउनमा धेरै ठूलो हात रहेको देखिन्छ । यस मामला अध्ययनबाट भएका मुख्य मुख्य सिकाइहरु निम्न अनुसार रहेका छन् ।

- बालविवाह र हिंसा न्यूनीकरणका लागि शिक्षा धेरै महत्वपूर्ण रहेको ।
- छोरा र छोरीमा विभेद गर्नु हुँदैन ।
- विपदको समयमा मनोसामाजिक परामर्श सेवाको महत्व धेरै हुने ।
- जस्तोसुकै ठूलाभन्दा ठूला समस्या आए पनि

समस्यासँग भाग्नु हुँदैन, समस्यासँग लडेर अगाडि बढनुपर्छ।

- समय परिस्थिति अनुकुल सही समय सही निर्णय लिन सक्नुपर्ने हुन्छ । निर्णय लिन ढिलो गर्दा कामहरु विग्रन सक्छ।
- कुनै पनि कार्य गर्दा वर्तमान अवस्थालाई अगाडि राखी छलफल तथा समन्वय गरी गरेका कामको प्रतिफल राम्रो हुन्छ।

### मामला अध्ययनसँग सम्बन्धित सुझावहरु

विपद भनेर आउँदैन त्यसैले स्थानीय तह होस् या अन्य सरोकारवालाहरु सबैजना आ-आफ्नो क्षेत्रमा विपद प्रतिकार्य योजना तयार गरी पूर्व तयारी अवस्थामा रहने हो भने कोभिड १९ जस्ता अन्य विपदहरु आए भने पनि क्षतीलाई न्यूनीकरण गर्न सक्छौं। किशोरी शिक्षा केन्द्रका किशोरीहरुको शिक्षालाइ निरन्तरता दिएजस्तै औपचारिक शिक्षालाई पनि वैकल्पिक विधिबाट सिकाइ सहजीकरण गरी बालबालिकाहरुको शिक्षण सिकाइलाई निरन्तरता दिन सकेमा हालको अवस्थामा धेरै राम्रो प्रभावपर्ने देखिन्छ।

### निश्कर्ष

सरोकारवालाहरुका बीचमा नजिकको सम्बन्ध स्थापित गरी उच्च इच्छा शक्तिका साथ काम गर्ने हो भने विपदको समयमा पनि उल्लेख्य परिणाम आउने गरी क्रियाकलाप सम्पन्न गर्न सकिन्छ भन्ने कुराको उदाहरण बनेको छ पर्सा जिल्लामा सञ्चालित किशोरी शिक्षा कार्यक्रम । स्थानीय तह, समाजिक संस्था जिल्ला समन्वय समिति, पर्सा, सहयोगी कार्यकर्ता र अभिभावकबीच सुमधुर सम्बन्ध तथा सहकार्यको वातावरण निर्माण भएकै कारणले यो काम सम्पन्न हुन सकेको हो। हालसम्म पनि विद्यालयहरु सुचारु नभएको अवस्थामा किशोरी शिक्षा कार्यक्रममा सहभागी भएका किशोरीहरुले जे जसरी भएपनि सिकाइ क्रियाकलापमा सम्लग्न हुने मौका पाइरहेकाछन्। ❖❖❖

# कोभिड १९, मनोसामाजिक परामर्श र जीवन कुमार राममा आएको परिवर्तन

जयशिव पंडित (पर्सा)

### पृष्ठभूमि

पर्सा जिल्लाको १४ वटा स्थानीय निकायहरु मध्ये साविक तुलसी बर्वा गाउँ विकास समिति वडा नं. ८ हाल छिपहरमाई गाउँपालिका वार्ड नं. ४ तुलसी बर्वामा बस्ने वर्ष ५५ को भरोसी महरा चमारको ३ जना छोरी, ४ छोराहरु र २ बुहारी समेत गरी ११ जनाको परिवार रहेको छ। घरमुली भनिने भरोसी महरा चमार एउटा दलित र दैनिक ज्यालादारी गरी आफ्नो परिवारको गुजारा चलाउने एउटा सर्वसाधारण व्यक्ति हुन्। शिक्षामा महरा निरक्षर रहेका छन्। अज्ञानता तथा रुढीवादी परम्पराले गर्दा आफ्ना छोराछोरीहरुको वाल विवाहका कारण साह्रै गाह्रो भएको बताउँछन् उनी। महरा क्षयरोगबाट ग्रसित बिरामी हुन्, जो कामकाज गर्न सक्दैनन् र महराले जेनतेन गरी २ छोरी र २

छोराहरुको बिहे गरिसकेका छन् भने महराको ४ जना छोराहरुमध्ये जेठो २८ बर्ष, साइला २२, माइला १७ वर्ष र कान्छा १२ बर्षका रहेका छन् । महराको माइलो छोरा राजन कुमार राम कक्षा ६ सम्मको शिक्षा पूरा गरी घरको स्थिति साह्रै दयनीय रहेको कारण बीचमै पढाई छोडन बाध्य भई हेटौंडामा ट्रयाक्टर ग्यारेजमा काम गरी परिवारको जीविका चलाइरहेकाछन् भने सबैभन्दा कान्छो छोरा गाउँकै सरकारी विद्यालयमा कक्षा ४ मा अध्ययनरत छन् । यस मामला अध्ययनमा समावेश विषयवस्तु भरोसी महरा चमारको माइला छोरा राजन कुमार रामसँग सम्बन्धित छ ।

## अध्ययनको सन्दर्भ तथा औचित्य

राजन कुमार राम आफू हेटौडको ग्यारेजमा हुँदा सरकारले लकडाउन गर्ने विषयमा हल्ला सुनेका थिए तर ग्यारेजबाट छुट्टी नपाउँदा उनी समयमा नै घर फर्कन पाएनन् । जब गाउँ फर्के तब स्थानीय क्वारेन्टिनमा बसेर रिर्पोट नेगेटिभ आएपश्चात आफ्नो घरमा पुगे र फेरी १४ दिन होम क्वारेन्टिनमा बसे । घरमा त आए तर ठूलो परिवार, त्यसमा पनि बाबु विरामी, स-साना बालबालिकासहितको परिवारलाई रेखदेख गर्नुपर्ने तथा उनीहरुको दैनिक गुजाराको प्रबन्ध गर्नुपर्ने कुराले उनलाई हरपल पिरोली रहन्थ्यो । लामो समयको बन्दाबन्दीको कारणले उनको रोजगारी पनि गुमिसकेको थियो भने अन्य आम्दानीको स्रोत थिएन । गाउँमा वितरण गरिएको थोरैथोरै राहत सामग्रीले उनको ठूलो परिवारको आवश्यकतालाई पूरा गर्ने अवस्था पनि थिएन । तसर्थ, उनी भित्रभित्रै चिन्तित बन्दै गएका थिए । उनमा बढीरहेको हैरानी, हतासा, निराशा र त्रासले उनी दिनप्रतिदिन कमजोर बन्दै गैरहेका थिए । कोभिड १९ का कारणले रोजगारी गुमाउनुपरेको, परिवारको दैनिक गुजारा चलाउने कुनै उपाय नभएको तथा चरम गरिबीको अवस्थामा बाँच्नु परेको कारणले उनको मनोसामाजिक अवस्था ज्यादै नकारात्मक बन्दै गैरहेको थियो । यसरी राजन कुमार रामको मनोदशा अत्यन्त विछिप्त अवस्थामा पुगिरहेको स्थितिमा उनले स्थानीय सामुदायिक मनोसामाजिक सहजकर्ता वीरबहादुर राउतलाई भेट्न पुगे, जसबाट प्राप्त गरेको प्राथमिक मनोवैज्ञानिक परामर्श सेवाले उनमा सकारात्मक परिवर्तन आउन थाल्यो । जीवनका प्रतिकुलताहरुसँग जुध्न सहास, आँट र हौसला प्राप्त भयो । पारिवारीक जिम्मेवारीका प्रति प्रशंसनीय सोचको विकास हुन पुग्यो र कोरोना महामारीबाट आफू र परिवारका सदस्यलाई कसरी सुरक्षित राख्ने भन्ने उपायहरु जान्ने मौका मिल्यो ।



## अध्ययनको उद्देश्य

- कोभिड १९ का कारणले समुदायमा पारेको मनोसामाजिक असरको अवलोकन गर्ने,
- स्थानीयस्तरमा सञ्चालित मनोसामाजिक परामर्श सेवाको प्रभावकारिता बारे जानकारी लिने,
- विपदको समयमा मनोसामाजिक परामर्शको आवश्यकता पहिचान गर्ने ।

## अध्ययन क्षेत्र

प्रस्तुत मामला अध्ययन कार्य सम्पन्न गर्नका लागि प्रदेश नं. २ अन्तरगतको पर्सा जिल्ला साविक तुलसी

बर्वा गाउँ विकास समिति वडा नं. ८ र हाल छिपहरमाई गाउँपालिका वार्ड नं. ४ तुलसी बर्वामा बसोबास गर्ने एक अत्यन्त गरिबी तथा पछौटे अवस्थाबाट गुज्रिरहेको दलित परिवारलाई चयन गरिएको छ।

## मामलाको विस्तृत विवरण

विपदको रुपमा अकस्मात आइलागेको कोरोना भाइरस (कोभिड १९) महामारीको कारण मिति २०७६ चैत्र ११ बाट लकडाउन हुँदा राजन कुमार रामलाई घर आउन साह्रै गाह्रो तथा तनाव भएको थियो। जसो तसो गरी घर फर्किदा बाटोमा धेरै समस्या खेप्नुपरेको र गाउँ फर्केपछि पनि उनलाई छिपहरमाई गाउँपालिकाको क्वारेन्टिनमा राखियो र तोकिएको दिनसम्म बसेपछि उनमा कोभिड १९ को रिर्पोट नेगेटिभ आयो र घर जान पाए। आफूले खाइपाइ आएको रोजगारी गुमाउनुपरेको र बन्दाबन्दीको कारणले कुनै पनि कामकाज नपाई आम्दानीको बाटो गुमेकाले परिवारको दुई छाक टार्न धेरै समस्या भएको र आफनो घरपरिवारको दैनिक हातमुख जोड्ने, बिरामी बाबुको स्वास्थ्यउपचार गर्ने लगायतका काममा सहयोग गर्न नसकेको चिन्ताको कारण उनलाई टाउको दुख्ने, आँखा रातो हुने, चिन्ता लागिरहने, राती निन्द्रा नलाग्ने, निन्द्रामा बर्बराउने जस्ता समस्या देखिन थाल्यो।

भर्खर १७ वर्ष लागेका राजन कुमार राममा देखिएको यस्तो मनोवैज्ञानिक समस्यालाई समयमा नै व्यवस्थापन गर्न नसक्ने हो भने यसको परिणाम जस्तो पनि आउन सक्ने स्थिति हुन्थ्यो। तर समस्याले जटिल रुप लिनु अघि नै राजनले आफूलाई के कसरी व्यवस्थापन गर्ने भन्ने ज्ञान, सीप तथा अवधारणा बेलैमा जान्न पाए। युनिसेफ नेपाल तथा बहुसाँस्कृतिक मनोसामाजिक संस्था (टि.पि.ओ) नेपालको प्राविधिक सहयोग र सामाजिक संस्था जिल्ला समन्वय समिति पर्साबाट संचालित बालविवाह तथा हिंसाको जोखिममा रहेका बालबालिका तथा किशोर किशोर हरुको लागि मनोसामाजिक सहयोग कार्यक्रम अन्तर्गत राजनले यस्तो सेवा प्राप्त गर्न सकेका हुन्। कोभिड-१९ को जोखिममा पनि सुरक्षा सतर्कता अपनाउँदै परिचालित स्थानीय सामुदायिक मनोसामाजिक सहजकर्ता वीरबहादुर राउतले जीवनलाई वास्तविक जीवनको आशा जगाइदिए, असहजतालाई सहजतामा रुपान्तरण गर्ने तरिका सम्झाइदिए र अँध्यारोभित्र उज्यालो खोज्ने विधि बताइदिए। सहजकर्ता राउतले मनोविमर्श सेवाका आधारभूत सिद्धान्त अपनाई एवं सामाजिक दुरी कायम गरी आवश्यकताअनुसार फोनको माध्यमबाट र प्रत्यक्ष भेटघाटबाट आफनै कार्यक्षेत्रमा रहेका राजन कुमार राम तथा उनका परिवारलाई विपदको बेलामा प्राथमिक मनोवैज्ञानिक सेवा प्रवाह तथा सहजीकरण गरी समस्या न्यूनीकरणमा सहजता प्रदान गरे। परिणामतः राजन कुमार रामले आफूलाई सम्हाले, परिस्थिति जस्तोसुकै भए पनि आफ्नो मनस्थिति सकारात्मक बनाएर अघि बढ्दा समस्याबाट मुक्ती पाउन सकिन्छ भन्ने तत्वज्ञान प्राप्त गरे र परिवारमा हाँसीखुशी बस्ने अदम्य हौसला र ऊर्जा प्राप्त गरे।

कोभिड १९ का कारण सिर्जित अवस्थाले राजन कुमार रामलाई दिनदिनै मानसिकरुपमा कमजोर बनाउँदै लगेको थियो। स्थिति जटिलताउन्मुख थियो तर सहजकर्ता राउतले हिम्मत हारेनन्। राजनको जीवनमा पुनः खुशीयालीको बहार ल्याउने उनमा प्रतिबद्धता जागिरहेको थियो। त्यसैले राउतले पटक-पटक राजनलाई प्रत्यक्ष भेटेर र फोनबाट समेत कोरोना भाइरस के हो, यो कसरी सर्दछ र यसबाट जोगिन के के सुरक्षाका उपाय अबलम्वन गर्नुपर्दछ भन्ने विषयमा

जयशिव पंडित (पर्सा)

परामर्श दिइरहे । यतिमात्र होइन उनले राजनको आनीबानीमा आएको परिवर्तन र उनमा देखापरेको मनोसामाजिक विचलनलाई व्यवस्थापन गर्ने कैयन उपाय एवम् विधिका बारेमा बताए । जीवनका प्रति आशावादी हुन सम्झाए । थप कैयौं वर्ष बाँचेर धेरै काम गर्न बाँकी छ भन्ने तथ्य बताए । स्थानीय निकायहरुसँग सहकार्य गरी जीवन कुमार रामको परिवारलाई राहत सामग्री उपलब्ध गराए । फलस्वरुप दिन प्रतिदिन राजन कुमार रामको मुहारमा हँसिलोपन देखापर्न थाल्यो । उनले परिवार र छरछिमेकसँग हाँसेर बोल्ने, आफूले सहजकर्ता राउतबाट सिकेका कुरा परिवारका सदस्यहरुलाई बताउने र कोरोना भाइरसबाट डराउनुभन्दा पनि यसबाट सुरक्षित रहनु बुद्धिमत्तापूर्ण हुनेलगायतका कुराहरु सम्झाउन थाले । तब राजन कुमार रामको जीवनमा नयाँ उमङ्गको सञ्चार हुन थाल्यो । उनले संबादका क्रममा थपे- 'बाँच्दै रहे-नाँच्दै रहौंला ।' अहिले राजन कुमार राम र उनको परिवार कैयन दुःख, गरिबी र अभावका बीचमा पनि हाँसीखुशी दैनिकी चलाइरहेको छ ।

## मामला अध्ययनबाट प्राप्त सवल पक्षहरु

- यस्तो जटिल तथा महामारीको अवस्थामा असुरक्षा तथा चिन्ताको कारण बालबालिका, महिला, बृद्ध तथा अपाङ्गता भएका व्यक्तिहरुमा हुने डर, त्रास, चिन्ता, भय, तनावलाई मनोवैज्ञानिक परामर्शबाट मनोसामाजिक सहयोग गर्न सक्षम भएको ।
- बालबालिकामा देखिने डर, चिन्ता तथा तनाव अनुसारको उपायहरु मार्फत समस्या समाधान गर्न सकेको ।
- विपदले गर्दा हुन सक्ने थप जोखिमलाई समयमा नै व्यवस्थापन तथा नियन्त्रण गर्न सहयोग पुगेको ।
- विपदको बेलामा धैर्य धारण गर्न सक्नु आफैमा एउटा ठूलो सिकाइ हो भन्ने आत्मबोध भएको ।
- संसारमा हरेक समस्याको सामाधान हुन्छ र समस्यालाई विश्वासिलो र सहयोगी हातसँग समन्वय गर्नुपर्छ भन्ने आत्मजागरण भएको ।

## मामला अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- राजन कुमार रामको जस्तो अवस्था हुन नदिन गरिब, दलित, असहाय, बालबालिका, अभिभावक गुमाएका बालबालिका, सुत्केरी, एकल महिला, पुरुष, जेष्ठ नागरिक सबैको पहुँच हुने गरी स्थानीय सरकारको ध्यानाकर्षण हुनुपर्ने ।
- आपतकालीन अवस्थामा बिचलित नभई संयमतालाई प्राथमिकतामा राख्नुपर्ने ।
- अविलम्ब स्थानीयस्तरमा मनोविमर्श सेवालाई संचालन गर्नुपर्ने ।
- सेवा प्रभावकारी एवं निरन्तर संचालन गर्न वडा-वडा, टोल-टोल र बस्ती-बस्तीमा मनोविमर्शकर्ता स्वयंसेवक नियुक्त गरी मनोशिक्षाको सचेतना कार्यक्रमलाई अघि बढाउनुपर्ने ।
- समता तथा समावेशितामा आधारित अभिमुखीकरण तालिमको व्यवस्था हुनुपर्ने ।
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक अवस्था सुधार गर्न आर्थिक तथा सामाजिकरुपले सबैको समान सहभागिता गराउनुपर्ने ।
- मामिला व्यवस्थापनमा आवश्यक तालिम तथा प्रशिक्षणको व्यवस्था गरिनुपर्ने ।
- मनोविमर्शकर्ता र मनोसामाजिक कार्यकर्ताहरुसँगको राम्रो सम्बन्ध विस्तार हुनुपर्ने ।
- मनोसामाजिक सहयोग कार्यक्रमलाई व्यापकरुपमा संचालन गरिनुपर्ने ।

## मामला अध्ययनका मुख्य-मुख्य सिकाइ

- राजन कुमार रामसँग समयमा नै सम्पर्क गरी मनोसामाजिक परामर्शका माध्यमबाट सहज वातावरणमा ल्याउन नसकेको भए थप जोखिम हुन सक्ने सम्भावना रहन्थ्यो ।
- मनोसामाजिक तथा मनोबिमर्श सेवा संचालन गर्न नसकेको भए अवस्था समान्य पार्न धेरै कठिन हुन्थ्यो ।
- आफूले आफैलाई र अरुलाई सहयोग गर्न सक्दछु भन्ने आत्मविश्वास बढाउन सहयोग पुगेको ।
- व्यवहारिक सहयोगसम्म पहुँच पुऱ्याउन सकिएको ।
- वर्तमानप्रति सचेत भै भावनात्मक कठिनाइलाई व्यवस्थापन गर्न सकिएको ।
- पर्याप्त तथा आवश्यक र तथ्यगत सूचना दिई भ्रम हटाई तनाव कम गराउन सकिएको ।

## मामला अध्ययनसँग सम्बन्धित सुझावहरु

- विपन्न वर्गका बालवालिका, किशोरकिशोरी, सुत्केरी महिला, दलित, अपाङ्ग, जेष्ठ नागरिक, बुद्धिजिवी, निरक्षर व्यक्ति र बाँकी समुदाय आदि सबैको सहतागितामा स्थानीय सरोकारवालाहरुसँग छलफल गरी मनोवैज्ञानिक सेवाको दायरालाई विस्तार गर्दा राम्रो हुने ।
- बालविवाहको नकरात्मक असर, हिंसा र त्यसले निम्त्याउने थप जटिलताले पार्ने मनोसामाजिक प्रभावका बारेमा सचेतना कार्यक्रम गराउँदा सजिलो हुने ।
- आवश्यकता अनुसारको मनोविमर्श सेवामा सबैको सजिलै पहुँच पुग्न सक्ने प्रविधिको थालनी हुँदा सजिलो हुने ।
- प्रत्येक स्थानीयस्तरमा मनोसामाजिक कार्यकर्ता तयार गरी परिचालन गर्दा अझ सजिलो हुने ।

## निष्कर्ष

सुरुमा कोभिड १९ को नाम सुनेर यस मामलामा समाविष्ट पात्रको मानसिक अवस्था कमजोर भएतापनि कोभिड १९ बाट बच्ने आधारभूत स्व-हेरचाहका उपायहरुबारे पटक(पटक परामर्श गर्दा हाल उनी र उनको घरपरिवारलाई सकारात्मक सहयोग पुगेको छ । अहिले राजन कुमार राम धेरै हदसम्म निको भएको परिवारिक स्रोत तथा उनी आफैले जानकारी गराएका छन् । उनी अब नियमित सरसफाई, व्यायामलगायत एउटा रुटिन नै बनाई दैनिक कृयाकलाप गरी घरमा सुरक्षित रहेका छन् । साथै राजन कुमार रामको जस्तै पर्सा जिल्लाका विभिन्न स्थानीय तहमा रहेका अन्य व्यक्तिलाई पनि तनाव तथा मनोसामाजिक समस्याप्रति सचेत हुँदै मामिलाको प्रकृति हेरी सोहीअनुरुप मनोसामाजिक समस्याका लक्षण तथा चार पक्षीय असरहरु जस्तै १. **भावना तथा संवेग** (चिन्ता, पीर, दुख, रिस, दिक्क, तनावको महशुस गर्ने, एक्लोपनाको महशुस हुने, संबेगात्मक रुपमा सुन्य हुनु, झर्को लाग्नु, कसैसँग पनि अत्याधिक निकटताको महशुस हुनु, अलमल्ल पर्नु, निस्कृय रहनु), २. **शरीर** (पेट दुख्ने, निन्द्रामा गडबडी, चिटचिट पसिना आउने, मुर्छापर्ने, मुटुको धडकन बढ्नु, रिंगटा लाग्नु, झाडापखाला लाग्नु, पसिना आउनु, रक्तचाप बढ्नु, थकित महशुस हुनु, आदि), ३. **व्यवहार** (ध्यान केन्द्रित गर्न नसक्ने, एक्लै खेल्ने वा बस्ने, तर्सने, डराउने, निस्कृय, बोल्न डराउने वा नबोल्ने, लागूपदार्थको प्रयोग गर्ने, परिवारदेखि टाढा बस्ने, अरुलाई विश्वास नगर्ने, आवश्यकताभन्दा बढी सतर्कता अपनाउने आदि) र ४. **सामाजिक सम्बन्ध** (विश्वास नगर्ने, जिद्दिपना, स्विकार

जयशिव पंडित (पर्सा)

नगर्ने, परिवारदेखि टाढा बस्ने, अरुलाई विश्वास नगर्ने, झगडा गर्ने, आक्रामक व्यवहार, अनावश्यक बादबिबाद गरिरने, झगडालुपन, संकालु, गनूगनू गरिहने, यौन व्यवहारमा परिवर्तन, गालीगलौज गर्ने आदि) तथा मामला व्यवस्थापनका मुलभूत सिद्धान्त एवं संयन्त्रहरुको माध्यमबाट व्यक्ति विशेष र समाजको समस्याहरुलाई नियन्त्रण तथा सम्बोधन गर्ने काम सामाजिक संस्था जिल्ला समन्वय समितिबाट भइरहेको र आगामी दिनमा पनि यस्ता सेवाहरु प्रवाह गरिरहने अपेक्षा गर्न सकिन्छ। ❖❖❖

# प्रभावकारी बन्दै 'टोल सिकाइ कक्षा' कार्यक्रम

**राजेन्द्र पहाडी (पर्वत)**

## पृष्ठभूमि

दिन दुई गुणा र रात चार गुणाको दरले विश्वब्यापी महामारीको रुपमा अघि बढीरहेको संक्रामक कोभिड - १९ का कारणले समाजका हरेक क्षेत्रहरु प्रभावित भएको तथ्यमा हामी सबै जानकार नै छौं। नेपालमा पनि यस महामारीले दिनप्रतिदिन आफ्नो प्रभाव विस्तारित गर्दै आएको अवस्था छ। अन्य क्षेत्रमा जस्तै अकस्मात् आइलागेको यो विपद्को स्थितिले शिक्षा क्षेत्र नराम्रो गरी प्रभावित भएको छ। विद्यालय अध्ययनमा सम्लग्न भैरहेका करिब ८० लाख बालबालिका अहिले घरमा नै बस्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ भने विद्यालयहरु कहिले खुल्छन् र पुरानै अवस्थामा फर्केर कक्षा सञ्चालन कहिलदेखि सुरु गर्न सकिएला भनेर आँकलन गर्न पनि कठिन अवस्था रहेको छ। दैनिकरुपमा शिक्षण सिकाइ क्रियाकलापमा सम्लग्न हुनुपर्ने बालबालिका घरमा रहनुपर्दा उनीहरुको शिक्षण क्रियाकलाप अबरुद्ध भएको छ भने अभिभावक, शिक्षक र अन्य सरोकारवालाहरुलाई यस परिस्थितिले चिन्तित र गम्भीर बनाएको छ।

समयले ल्याएको यो विषम अवस्थाबाट सबैभन्दा बढी निम्न तथा मध्यम आय भएका गरिब, बिपन्न, दलित, अल्पसंख्यक, सिमान्तकृत, अपाङ्गता भएका, बेसहारा, निसाहय, असाय र धार्मिक समुदायका बालबालिकाहरु निरन्तर शिक्षा प्राप्त गर्ने, सन्तुलित आहार उपभोग गर्न पाउने, उचित स्वास्थ्य सेवा प्राप्त गर्ने, कुनैपनि प्रकारको हिंसा, शोषण, दुर्व्यबहार र अपहेलनाबाट सुरक्षित रहने कुराबाट बञ्चित हुन पुगेका हुन सक्दछन् । त्यसैगरी लामो समयको बन्दाबन्दीका कारणले बालबालिका र युवाहरुमा मनोसामाजिक समस्याहरु पैदा भएको हुन सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन। यसका अलवा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुरक्षण गर्ने सिलसिलामा कैयन सामुदायिक विद्यालयहरुले असल अभ्यासहरुको प्रारम्भ गरेका हुन सक्दछन्। यी कुराहरुका प्रति हाम्रो ध्यानाकर्षण हुनुपर्ने स्वाभाविक अवस्था सिर्जना भएको छ। यसै सन्दर्भमा गण्डकी प्रदेश, पर्वत जिल्लाभित्र भैरहेका राम्रा अभ्यासहरुको खोजी गर्ने सन्दर्भमा यो मामला अध्ययन कार्य अघि बढाइएको हो।

## अध्ययनको सन्दर्भ तथा औचित्य

प्रस्तुत अध्ययनबाट प्राप्त सफलताको सन्देशले अरु विद्यालयहरुलाई पनि कसरी महामारी तथा विपदको समयमा पनि बालबालिकाको निरन्तर सिक्न, पढ्न र जान्न पाउने अवस्थालाई सुनिश्चित गर्न सकिन्छ भन्ने उत्प्रेरणा र दिशानिर्देश प्रदान गर्न सक्ने विश्वास गर्न सकिन्छ । हामीलाई थाहा छ कि कुनै पनि समूह वा समुदायमा कठिनसाध्ये मानिएका विषयबस्तुहरुलाई अर्को कुनै समूह तथा समुदायले सहजै समाधान गरेको पनि हुन सक्दछ । तसर्थ, खासगरी कोभिड १९ ले निम्ताएको संकटको यो घडीमा बालबालिकाको अध्ययनलाई निरन्तरता दिनका लागि यस मामला अध्ययन कार्यमा सम्लग्न गराइएको श्री गहते अम्बोट आधारभूत विद्यालय, पर्वतको अभ्यास बाँकी अन्य विद्यालय तथा समुदायहरुका लागि अनुकरणीय हुने विश्वास गरिएको छ ।

## अध्ययनको उद्देश्य

यस मामिला अध्ययनका मूख्य मूख्य उद्देश्यलाई तपसील बमोजिम सूत्रबद्ध गरिएको छ,

- टोल सिकाइ कक्षाको अवधारणाबारे प्रष्ट हुने,
- टोल सिकाइ कक्षा कार्यक्रमको सञ्चालन प्रक्रिया थाहापाउने,
- टोल सिकाइ कक्षा कार्यक्रमको प्रभावकारिता मूल्यांकन गर्ने ।

## अध्ययन क्षेत्र

- प्रस्तुत मामला अध्ययनका लागि गण्डकी प्रदेश अन्तरगतको पर्वत जिल्ला, फलेवास नगरपालिका वडा नं. ४ स्थित श्री गहते अम्बोट आधारभूत विद्यालयको कार्यक्षेत्रलाई अध्ययन क्षेत्रका रुपमा लिइएको छ ।



## मामलाको विस्तृत विवरण (अन्तरवस्तु)

'बिहानको ८ बज्दै थियो । टोलका प्रत्येकजसो घरबाट बालबालिकाहरु खोकिलामा किताब र कापी च्यापेर नजिकैको खुल्ला चौरीमा भेला भए । चौरीमा पहिले नै त्यही टोलका एक युवा लकास सुवेदी र स्थानीय गहते अम्बोट आधारभूत विद्यालयका प्रधानाध्यापक ओमकार पौडेल पुगिसकेका थिए । बालबालिका त्यस चौरीमा पढ्नका लागि जम्मा भएका थिए भने युवा लकास र प्रधानाध्यापक ओमकार उनीहरुलाई सिकाइ सहजीकरण गर्न उपस्थित भएका थिए । ति सबैका मुखमा मास्क थियो । उनीहरुलाई मास्कको व्यवस्था गहते अम्बोट आधारभूत विद्यालयले गरेको हो । ह्वाइटबोर्डलाई नजिकैको रुखको आड लगाएर राखियो, बालबालिकाहरु भौतिक दूरी कायम गरेर बसे, खुल्ला चौरीमा कक्षा सुरु भयो, सुरुमा ओमकार पौडेलले सिकाइ सहजीकरण गरे भने लकास सुवेदीले बालबालिकालाई हिजोको कक्षामा दिइएको गृहकार्य परीक्षण गर्दै सुझाव दिए ।'

'साँझ ४ बजे पछि समुदायको अर्को टोलमा यसैगरी बालबालिकाहरु जम्मा हुन्छन् । विद्यालयले व्यवस्था गरेअनुसार पालो लगाएर शिक्षक शिक्षिका, स्वयम्सेवक शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा शिक्षक अभिभावक

संघका पदाधिकारीहरु त्यहाँ पुग्दछन् र कक्षा सुरु हुन्छ। स्थानीय स्वयंसेवक शिक्षकको रुपमा विश्व विद्यालयमा पढिरहेका र अहिले कोभिड महामारीका कारणले घर फर्केका युवायुवतीहरुले बालबालिकाहरुलाई शिक्षण सिकाइ गतिविधिमा सहयोग गर्ने गरेकाछन् ।'

उपरोक्त प्रसङ्ग लामो समयको लकडाउनका कारण विद्यालय जान नपाएर निरन्तर शिक्षण सिकाइ गतिविधिमा सम्लग्न हुन नपाई समस्या भोगिरहेका विद्यार्थीका लागि पर्वत जिल्लास्थित फलेवास नगरपालिका वडा नं. ४ मा रहेको गहते अम्बोट आधारभूत विद्यालयले सञ्चालन गरेको 'टोल सिकाइ शिक्षा' कार्यक्रमको हो । पर्वतको फलेवास नगरपालिका-४ मुडिकुवा स्थित अम्बोट गाउँमा संचालित गहते अम्बोट आधारभूत विद्यालयले विद्यालयका शिक्षक र स्थानीय युवाहरुको सक्रियतामा 'टोल सिकाइ शिक्षा' कार्यक्रम शुरु गरेको छ। विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) को रोकथाम र नियन्त्रणका लागि सरकारले गरेको लकडाउनका कारण समस्यामा परेका बालबालिकाहरुको हितलाई मध्येनजर गदै विद्यालयले टोल-टोलमा पुगेर पढाउन थालेको हो । यो अभियान गत बैशाख महिनाको मध्येबाट सुरुगरी आजसम्म निरन्तर जारी रहेको छ।

विद्यालयले आफ्ना विद्यार्थीसँगै अन्य विद्यालय र बजारबाट गाउँ फर्किएका बालबालिकालाई लक्षित गरी कार्यक्रम संचालन गरेको जनाएको छ । 'टोल सिकाइ कक्षामा हाम्रा विद्यार्थीले मात्र पढेका छैनन्, अन्य सामुदायिक एवम् निजी विद्यालयमा अध्ययनरत र शहरबाट गाउँको घरमा फर्केका बालबालिकाले पनि पढ्न पाएकाछन्' भन्छन् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चेतनाथ कुँवर । विद्यालयले विद्यार्थीको अनुपात हेरी एक टोलका विद्यार्थी अर्को टोलमा जानु नपर्ने गरी त्यही टोलका शिक्षक र युवाहरुलाई भौतिक दूरी कायम गरी पढनपाठन क्रियाकलाप सञ्चालन गराएको विद्यालयका जुझारु प्रधानाध्यापक ओमकार पौडेल बताउँछन्। 'हरेक दिन बिहान र साँझ गरेर ७ वटा टोलमा कक्षाहरु सञ्चालन हुने गरेको र ति कक्षाहरुमा बालबालिकाहरुलाई कोरोना भाइरसबाट जोगिने उपायका साथमा नैतिकता, अनुशासन, समसामयिक ज्ञानज्ञुनका कुरा, खेलकुदसहित पाठ्यपुस्तकका विषयवस्तुहरु सिकाउने गरेका छौं' टोल सिकाइ कक्षाका सहजकर्ता तथा विद्यालयको शिक्षक अभिभावक संघका अध्यक्ष बाबुराम पौडेलले बताए। 'हामीले द्रूत गतीमा कोर्स अगाडी बढाएका छैनौँ तर विद्यार्थीलाई केही न केही पढाइरहेका छौँ,'- प्रधानाध्यापक ओमकार पौडेलले थपे।

लामो समयसम्मको लकडाउनका कारण विद्यालय जान नपाएर निरन्तर शिक्षा पाउने अधिकारबाट बञ्चित भैरहेको बालबालिकाका लागि गहते अम्बोट आधारभूत विद्यालयले जुन अभियान थालेको छ, यो अत्यन्तै उदाहरणीय, अनुकरणीय र प्रभावकारी भएको टोल सिकाइ कक्षाका सहजकर्ता एवम् जनप्रशासन क्याम्पस, काठमाण्डौंका स्ववियु सभापती पञ्कज सुवेदीले बताए । उनको बुझाइमा टोल शिक्षा कार्यक्रम बालबालिकाको सिकाइलाई निरन्तरता दिने अचुक माध्यम बनेको छ। 'सबै टोलमा चौरमा राखेर पढाउनुपर्ने अवस्था छैन, कहीँ चौरमा त कहीँ खाली रहेका सामुदायिक भवन र विद्यालयकै कक्षाकोठामा पनि पठन क्रियाकलाप अघि बढाइएको छ।' विव्यसका अध्यक्ष चेतनाथ कुँवरले थप जानकारी दिए।

गहते अम्बोट आधारभूत विद्यालयले हालसम्म खोर, थुमी, डाँडाघर, अम्बोट, राहाल्चौर, झक्लक, खेतार

राजेन्द्र पहाडी (पर्वत)

गरी जम्मा ७ वटा टोलमा यस्ता 'टोल सिकाइ कक्षा' सञ्चालन गरिरहेको छ। हरेक टोलमा १२ देखि १४ जना विद्यार्थीहरुले टोल सिकाइ कक्षामा सहभागी भई शिक्षण सिकाइ गतिविधिमा सरिक हुने गरेका छन् । बिहान र साँझ दुबै कक्षामा सरिक हुने बालबालिकाका लागि मास्क अनिवार्य गरिएको छ भने किताब कापी नलिइआउने बालबालिकालाई विद्यालयले नै किताब कापी र कलमको प्रबन्ध गरिदिएको छ । कक्षामा प्रवेश गर्नुअघि हरेक विद्यार्थीले नजिकैको धारमा हात धुनुपर्ने र विद्यालयले उपलब्ध गराएको सेनिटाइजर हातमा लगाउनुपर्ने कुरालाई अनिवार्य गराइएको छ। ' कक्षामा सहभागी हुने भाइबहिनीहरुको हामीले दैनिक हाजिर पनि लिने गरेका छौं ।' कक्षाका स्वयम्सेवक शिक्षक लकाश सुवेदीले बताए।

टोल सिकाइ शिक्षा कार्यक्रमको अवधारणाअनुसार गहते अम्बोट आधारभूत विद्यालयले टोलटोलमा पुगेर समूह बनाउने तथा जिम्मेवारी बाँडफाँड गरेको प्रधानाध्यापक पौडेलले जानकारी दिए। उनका अनुसार थुमी अम्बोट टोलमा ४ समूह छन् । जसको नेतृत्व शिक्षक अभिभावक संघका अध्यक्ष बाबुराम पौडेल, स्थानीय युवा रमेश तिवारी, अशोक तिवारी, सुरज तिवारी, रजनी शर्मा र स्थानीय शिक्षकहरुले गरिरहेका छन् । झक्लक राहालेचौर टोलमा ३ समूह छन् । उक्त समूहको नेतृत्व जनप्रशासन क्याम्पस, काठमाण्डौंका स्ववियु सभापती पञ्कज सुवेदी, लकाश सुवेदी र विपिन सुनार, राजु तिवारी, उपेन्द्र तिवारीलगायतले गरिरहेका छन् । विद्यालयका शिक्षक मोती चुवाईका अनुसार 'टोल सिकाइ कक्षा' कार्यक्रममा कूल ९० जना बालबालिका सामेल हुँदै आएका छन् । गत बैशाख महिनादेखि नयाँ शैक्षिक शत्र प्रारम्भ भएतापनि विद्यालय जना नपाएका आफूहरुलाई टोल शिक्षा कार्यक्रमले निकै फाइदा पुगेका कक्षामा सहभागी



विद्यार्थीहरु सुरण कुँवर, सोनिया भट्ट, युनिक तिवारी र सोफिया शर्माले एकै स्वरमा बताए।

कोभिडको त्रासमा रहेका बालबालिकालाई निरन्तर शिक्षण सिकाइ कार्यमा जोड्ने गहते अम्बोट आधार भूत विद्यालयको अग्रसरताबाट स्थानीय अभिभावक पनि निकै खुशी छन्। उनीहरुको विचारमा महामारीको अन्त्य भएर अवस्था सामान्य हुने कुनै टुङ्गो नभएको अवस्थामा आफ्ना बालबालिकालाई सुरक्षाका उपायहरु अपनाएर र भौतिक दूरी कायम गरेर पठनपाठन कार्यमा सम्लग्न गराउनु निकै प्रशंसनीय कार्य हो । अभिभावक नारायण कुँवरले भने, 'लामो समय घरमा बस्दा विद्यार्थीमा नकारात्मक मनोसामाजिक असर पर्छ कि भन्ने निकै डर लागेको थियो, अब त टोल सिकाइ कक्षामा पढ्न जान थालेपनि छोराछोरी पनि खुशी भएकाछन्, हामी पनि ढुक्क भएका छौं ।' ' अवस्था जतिसुकै प्रतिकुल भएपनि मनस्थिति अनुकुल बनाएर कामको थालनी गर्ने हो भने समुदायको साथ र समर्थनमा रचनात्मक काम गर्न सकिने रहेछ भन्ने गतिलो उदाहरण बनेको छ हाम्रो 'टोल सिकाइ कक्षा', आफ्ना बालबालिकाले के कसरी पढिरहेकाछन् भनेर टोल सिकाइ कक्षाहरुको अनुगमनका लागि निस्केका अभिभावक सुरज क्षेत्री, रिक्की क्षेत्री र नवीन लामिछानेले हो मा हो मिलाएर भने।

राजेन्द्र पहाडी (पर्वत)

## मामला अध्ययनबाट प्राप्त सबल पक्षहरु

- कोरोना भाइरस सिर्जित विपद्को अवस्थामा पनि विद्यालयले टोल सिकाइ कक्षाहरु सञ्चालन गर्न सफल भएको,
- जम्मा ७ वटा टोलमा टोल सिकाइ कक्षाहरु सञ्चालन भएका,
- हालसम्म जम्मा ९० जना बालबालिकाले टोल सिकाइ कक्षामा अध्ययन गरिरहेका,
- स्थानीय स्वयम्सेवक शिक्षकहरुले पनि खुला हृदयले शिक्षण सिकाइमा सहजीकरण गरेका,
- विब्यस, शिअस, शिक्षक, अभिभावक तथा स्थानीय युवाहरुले टोल सिकाइ कक्षाको अनुगमन गर्ने गरेका।

## मामला अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- टोल सिकाइ कक्षामा सिक्ने बालबालिका, पठनपाठन गराउनुहुने शिक्षक, स्वयंसेवक शिक्षक र अनुगमनमा सम्लग्न टिमका सदस्यहरुलाई संक्रमण सुरक्षाका उपायहरु प्रभावकारी ढंगले अपनाउनुपर्ने,
- यसका लागि स्थानीय वडा तथा नगरपालिकाले पर्याप्त मास्क, सेनिटाइजर, पञ्जालगायतका बस्तुहरुको आपूर्ति गरिदिनुपर्ने,



- अब झरी बर्षात्को समय सुरु भएकाले केही समयका लागि खुल्ला स्थानमा चलाइने कक्षालाई स्थगन गर्दा राम्रो हुने।
- मामला अध्ययनबाट भएका मुख्य मुख्य सिकाइहरु
- 'जहाँ इच्छा : त्यहाँ उपाय' भनेजस्तै विषम परिस्थितिमा पनि यो विद्यालयले बन्दनीय, उदाहरणीय र अनुकरणीय कार्य गरेको छ।
- विद्यालयका सरोकारवाला (विव्यस, शिअस, अभिभावक, शिक्षक, विद्यार्थी, समुदाय, स्थानीय निकाय) हरुका बीचमा सौहार्द तथा सु-सम्बन्ध हुन सक्यो भने कठिन परिस्थितिलाई पनि सहजतामा परिणत गर्न सकिने रहेछ भन्ने गतिलो उदाहरण यो विद्यालयले प्रस्तुत गरेको देखिन्छ।

## मामला अध्ययनसँग सम्बन्धित सुझावहरु

- सबल पक्षहरुलाई विस्तारित गर्दै सुधार गर्नुपर्ने पक्षहरुलाई न्यूनीकरण गर्दै जानुपर्ने,
- विद्यालयले प्रारम्भ गरेको असल अभ्यासलाई जिल्लाभित्र र जिल्ला बाहिर पनि प्रसारित गर्नुपर्ने देखिन्छ,
- नेपाल सरकारले जारी गरेको 'वैकल्पिक शिक्षण सिकाइ निर्देशिका २०७७' मा उल्लेख भएका ५ प्रकारको विद्यार्थी (डिजिटल डिभाइस उपलब्ध भएको या नभएको आधारमा) बर्गीकरण गरी सोही अनुसार वैकल्पिक शिक्षण सिकाइका विधिलाई पनि प्रयोग गर्न प्रारम्भ गर्दा प्रभावकारी हुने देखिन्छ।

## निश्कर्ष

असहजतामा सहजता, अपूर्णतामा पूर्णता, नराम्रोमा राम्रो र निराशामा आशाको झिल्को देख्नेहरुका लागि

सबै कुरा सम्भव छ भन्ने मान्ने हो भने श्री गहते अम्बोट आधारभूत विद्यालयले आफ्ना विद्यार्थी मात्र होइन समुदायमा रहेका अन्य विद्यार्थीहरुका लागि समेत उपयोगी हुने गरी कोरोना कहरको यो समयमा पनि जसरी 'टोल सिकाइ कक्षा' कार्यक्रम सञ्चालन गरिरहेको छ, यो ज्यादै स्तुत्य कर्म हो भन्न सकिन्छ। २ वर्ष अघि करिब करिब (मर्जिङ) समायोजनको अवस्थामा पुगेको यो विद्यालयले आफ्नो दृढ इच्छा शक्तिलाई प्रवल बनाउँदै जुन लयमा माथि उठिरहेको थियो, त्यही स्प्रीटलाई कायम गर्दै आज जिल्लामा भएका लगभग ४०० विद्यालयहरुलाई उछिन्दै यस प्रकारको अग्रसरता लिएर अघि बढीरहेको छ। विद्यालयका प्रधानाध्यापक ओमकार पौडेलका अनुसार टोल सिकाइ कक्षामा आफ्नो विद्यालय बाहेक अन्य ७ विद्यालयमा अध्ययन गरिरहेका बालबालिकाहरु पनि समावेश भैरहेकाछन्। यस्तो अभ्यासले विद्यालय-विद्यालयका बीचमा सु-सम्बन्ध विकास गर्न सकारात्मक ढंगले सहयोग गर्ने अपेक्षा गर्न सकिन्छ।

अब विद्यालय कहिले खुल्छन् र बालबालिकाले पुरानै लयमा फर्किएर पठनपाठन गतिविधिमा सम्लग्न हुन पाउँछन् भन्ने अन्यौल र अनिश्चयको वातावरणलाई चिर्दै गहते अम्बोट आधारभूत विद्यालयले साँचो अर्थमा अर्थपूर्ण काम गरेर देखाएको छ। विद्यालयका गतिशील प्रधानाध्यापक, जुझारु शिक्षक मित्रहरु, परिपक्व नेतृत्व सहितको विद्यालय व्यवस्थापन समिति (विव्यस अध्यक्ष चेतनाथ कुँवर, जो यस विद्यालयका संस्थापक पनि हुनुहुन्छ, लामो समय शिक्षण पेशामा आबद्ध भै माध्यमिक तह प्रथम श्रेणीबाट निबृत्त), केही गरिदेखाउने हुट्हुटी भएका शिक्षक अभिभावक संघका पदाधिकारी, विद्यालयप्रति अपनत्व भाव भएका अभिभावक र लगनशील विद्यार्थीलगायत सबैको योगदानमा विद्यालयले पृथक कार्यको थालनी गरेकोमा साधुवाद र थप क्रियाशीलताका लागि सतत् शुभकामना।

❖❖❖

# विद्यालय र समुदायको प्रयाससँग हारेको कोरोना

राजेन्द्र पहाडी (पर्वत)

## पृष्ठभूमि

उत्तरी छिमेकी देश चीनको उहानबाट सुरुवात भएको कोरोना भाइरस (कोभिड १९) का कारण विश्वका दुई सयभन्दा धेरै मुलुकहरु प्रभावित भएका छन्। दक्षिण एशियाका अन्य देशहरुजस्तै नेपाल पनि कोरोनाको महामारीबाट अछुतो रहन सकेन। पछिल्लो समयसम्म आइपुग्दा नेपालका सातै प्रदेश र ७७ वटै जिल्लामा कोरोनाको प्रभाव देखियो र सामाजिक जीवनका हरेक क्षेत्रलाई यसले प्रभावित गरिरहेको अवस्था छ।

विश्वव्यापीरुपमा फैलिइरहेको कोरोना भाइरसका कारणले नेपालको शिक्षा क्षेत्र र त्यसमा पनि विद्यालय शिक्षामा अध्ययनरत लाखौंलाख बालबालिका, तिनका अभिभावक र शिक्षक समुदाय प्रत्यक्षतः यसको मारमा अलग रहन नसकेको स्थिति छ। विसं. २०७६ साल



चैत्र ११ गतेदेखि लागू भएको लकडाउन (बन्दाबन्दी) का कारणले सबैभन्दा बढी प्रभावित हुने र भएको क्षेत्र मध्ये शिक्षा क्षेत्र पनि एक हो। नेपाल सरकारकै तथ्यांक हेर्ने हो भने पनि विद्यालय शिक्षामा आबद्ध भएका करिब ६० लाखभन्दा बढी बालबालिकाले आफूले विद्यालयमा पुगेर, साथीभाइहरुसँग बसेर, आफ्ना गुरुगुरुआमासँग आमनेसामने भएर सिकाइ प्रक्रियालाई अघि बढाउने अवसरबाट बञ्चित भएका छन्।

नियमित विद्यालय जान, शैक्षिक सत्रको अन्त्यको समय भएकाले आफ्नो परीक्षा परिणाम थाहा पाउन, नयाँ कक्षामा प्रवेश गर्न, नयाँ पाठ्यपुस्तकहरु प्राप्ती गर्न वा आफूले चाहेको विद्यालयमा स्थानान्तरण हुन तथा शैक्षिक कर्ममा अरु बहुआयामिक गतिविधिहरु सञ्चालन गर्न अहिले प्रतिकुल अवस्था सृजना भएको छ । परिणामतः बालबालिकामा अनेकौं खालका मनोसामाजिक, पारिवारीक, वैयक्तिकलगायतका समस्याहरु देखापर्ने डर पैदा भएको छ। भलै पछिल्लो समयमा भर्चुअल, अनलाइन तथा अफलाइन माध्यमबाट पनि पठनपाठन सुरु गर्ने र सुरु गरिएका अवस्थाहरु पनि छन् । तर सुविधासम्पन्न स्थानमा भएका बालबालिकालाई यसले मद्धत गरेको भएतापनि दूरदराजमा बस्ने र प्रविधिको पहुँचदेखि टाठा रहेका बालबालिकालाई यो विषय 'आकाशको फल-आँखातरि मर' को अस्थाबनेको छ।

नेपालका अधिकांश क्षेत्रका विद्यालयहरुमा कोरोना भाइरसको नकारात्मक प्रभाव देखापरिरहेको सन्दर्भमा यहीँका कतिपय स्थानमा रहेका विद्यालयहरु कोरोना महामारी पूर्वकै अवस्थामा चलिरहेको हुन सक्ने अवस्थालाई पनि नकार्न सकिँदैन । दूरदराजका गाउँठाउँमा रहेका यस्ता विद्यालयहरुले आफूलाई कोरानाको संक्रमणबाट सुरक्षित गर्दै बालबालिकाहरुसँगको सम्बन्धलाई पूर्ववत् कायम राखेर पठनपाठन क्रियाकलाप सञ्चालन गरिरहेको रोचक तथ्यलाई यस मामिला अध्ययन (केशस्टडी) मा अघि बढाउन खोजिएको छ। 'जहाँ इच्छा-त्यहाँ उपाय' भनेझैं शिक्षक, विद्यार्थी, अभिभावक र सिङ्गो समुदायको साथ तथा समर्थन हुँदा असम्भव भनिएका कुरालाई पनि सम्भव बनाउन सकिन्छ भन्ने उदाहरण यस अध्ययनबाट प्राप्त भएको छ।

## अध्ययनको सन्दर्भ तथा औचित्य

पृष्ठभूमिमा उठान गरिएजस्तै सिङ्गो मुलुक नै कोभिड १९ को प्रभावबाट आक्रान्त बनिरहेको सन्दर्भ एकातिर छ भने अर्कोतिर भविश्यका कर्णधार र वर्तमानका साझेदार भनिएका बालबालिका र युवाहरु निरन्तर पढ्न, जान्न र सिक्न पाउने मानवोचित अधिकारबाट बञ्चित भैराखेका छन्। विद्यालयमा प्रत्यक्ष उपस्थित भएर अध्ययन कार्यमा सम्लग्न हुन नपाउनु, घरमा बाबुआमा तथा अभिभावकबाट लाडप्यार, मायाममता, स्नेह, प्रोत्साहन, हौषला वा घरमा पठनपाठनको उपयुक्त वातावरण नपाउनु आदिका कारणले बालबालिका तथा युवाहरुमा कैयन खालका मनोसामाजिक समस्या देखापर्नुका साथै दिक्दारी, हैरानी, कुलतमा फस्ने र विस्तारै विस्तारै डिप्रेशनको सिकार हुने सम्भावना बढ्दै गएको स्थिति छ।

आमरुपमा देखिएको उल्लिखित अवस्था आउन नदिनका लागि लकडाउनकै अवधिमा कतिपय विद्यालयहरुले स्थानीय अभिभावक तथा समुदायका

अगुवाहरुसँगको सहकार्यमा आफूले अध्ययन अध्यापन गराइआएका विद्यार्थी बालबालिकाहरुलाई अनेकन विधिहरु प्रयोग गरेर पठनपाठनका क्रियाकलाप अघि बढाइरहेको अवस्था छ। जसले गर्दा बालबालिकाहरुलाई कुनै पनि प्रकारको नकारात्मक असर परेको छैन। बरु उनीहरुले शिक्षकहरुकै प्रत्यक्ष निगरानी, अवलोकन तथा साथमा कोभिड १९ का बारेमा सही सत्य तथ्य थाहापाउन, आफ्ना नियमित कक्षाहरु पढ्न, गृहकार्य गर्न, गृहकार्यको शिक्षकबाट नै परीक्षण गरी प्रत्यक्ष पृष्ठपोषण प्राप्त गर्न, परीक्षा परिणाम, विना कुनै बिलम्ब थाहा पाउन, नयाँ पाठ्यपुस्तकहरु सहजरुपबाट प्राप्त गर्न र कोरोनाको प्रभावबाट पूर्णतया सुरक्षित रहने मौका प्राप्त गरेकाछन्।

प्रस्तुत मामिला अध्ययनका माध्यमबाट प्राप्त तथ्यहरुले नेपालकै कतिपय स्थानहरु, जो दूरदराजमा, अन्य समुदायभन्दा भिन्दै भूगोलमा रहेका छन् ततत् समुदायमा रहेका विद्यालयहरुले कोरोना सिर्जित भयावहबाट त्राण पाउनका लागि गरिएको बन्दाबन्दीको अवस्थामा पनि आफूहरुले विद्यालयका गतिविधिलाई पूर्ववत् सञ्चालन गर्न गरेको प्रयास र त्यसबाट प्राप्त भएको सफलतालाई औंल्याउन खोजिएको छ।

## अध्ययनको उद्देश्य

प्रस्तुत मामिला अध्ययनका उद्देश्यहरुलाई बुँदागत रुपमा निम्नानुसार सूत्रबद्ध गरिएको छ,

- कोरोना भाइरसको समयमा पनि शिक्षा क्षेत्रमा भएका असल अभ्यासहरुको पहिचान गर्नु,
- विद्यालय, अभिभावक, विद्यार्थी र समुदायको सहकार्यले विपद्को समयमा पनि पठनपाठन क्रियाकलापलाई वैकल्पिक विधिबाट सञ्चालन गर्न सकिएको उदाहरण खोज्नु,



- असल अभ्यास गरेका विद्यालय परिवारलाई प्रोत्साहित गर्दै असल कर्मलाई सार्वजनिक रुपमा प्रकटीकृत गर्नु।

## अध्ययन क्षेत्र

प्रस्तुत मामिला अध्ययन कार्यका लागि गण्डकी प्रदेश, पर्वत जिल्ला अन्तरगतको मोदी गाउँपालिका वडा नं. ८, ओडारे बस्तीमा रहेको श्री पञ्चकोशी प्राथमिक (आधारभूत) विद्यालयलाई छनोट गरिएको छ। कोरोना भाइरसको कारणले लगाइएको लकडाउनको अवधिमा पनि सकारात्मक अभ्यास गरिरहेका विद्यालय, शिक्षक र समुदाय कुन-कुन हुन सक्दछन् भनी शिक्षा विकास तथा समन्वय इकाइ पर्वतका प्रमुख र मोदी गाउँपालिकाका शिक्षा शाखा प्रमुखसँग आवस्यक समन्वय एवम् सहकार्य गरी उक्त विद्यालय छनोट गरिएको हो। विद्यालय छनोटपश्चात विद्यालयका प्रधानाध्यापक, शिक्षकस्टाफ, विव्यस पदाधिकारी, अभिभावक र विद्यार्थीहरुसँग समेत कुराकानी गरी जानकारी लिने र तथ्यहरुलाई पुष्टी गर्ने प्रयास गरिएको छ।

अध्ययन कार्यमा सहभागी गराइएको यस श्री पञ्चकोशी प्राथमिक विद्यालय रहेको ओडारे गाउँ सो वडाका अन्य गाउँ समुदायभन्दा करिब ४५ मिनेटको दूरी टाढाको एकान्त भौगोलिक अवस्थामा रहेको छ।

त्यहाँका समुदायका मानिसहरु विशेष काम नपरेसम्म अन्यत्र जानु नपर्ने तथा साना उमेरका बालबालिका अन्य समुदायका बालबालिका तथा जो कोहीसँग पनि सम्पर्कमा आउनुनपर्ने भएकाले अन्यत्र भयावह बनेको कोभिड १९ ले यस समदायमा प्रभावित गर्ने सम्भावना कम रहेको अनुमान लगाउन कठिन पर्दैन । मामिला अध्ययनमा समाविष्ट विद्यालयको स्थापना विसं. २०४५ सालमा भएको हो भने विद्यालय रहेको भूगोल जिल्ला सदरमुकामदेखि २० किमिको दूरीमा पर्दछ ।

## मामलाको विस्तृत विवरण

'कोरोना भाइरसको सम्भावित संक्रमण बढ्न नदिनका लागि नेपाल सरकारले अघिल्लो वर्षको चैत्र ११ गतेदेखि पहिलो चरणमा एक हप्ताका लागि देशभरी नै लकडाउनको घोषणा गऱ्यो । त्यसअघि नै हामीले सबै कक्षाको बार्षिक परीक्षा सम्पन्न गरिसकेका थियौं । कपी परीक्षण गरी नतिजा प्रकाशनको तयारी गरिरहेको अवस्थामा फेरी सरकारले लकडाउनको अबधी लम्याउँदै लग्यो । हामी शिक्षकस्टाफ यो अवस्थाबाट छट्पटियौं, किनभने हाम्रा विद्यार्थीहरु विद्यालयमा आएर पठनपाठनमा जुट्न आतुर थिए, अभिभावक आफ्ना छोराछोरी विद्यालय पठाउन इच्छुक थिए भने हामी शिक्षक उनीहरुलाई मायालु



वातावरणमा सिक्ने सिकाउने कर्ममा जोडिन आतुर थियौं । यस्तो अवस्था हामीले किन पर्खेका थियौं भने हाम्रो विद्यालय रहेको भुगोल र विद्यालयको सेवाक्षेत्र लगभग अरु दुनियासँगको सम्पर्कभन्दा एकान्त स्थानमा रहेको थियो । तर हाम्रा सबै मनोभावना र आकांक्षाहरुलाई कोरोना त्रासले पुरानै अवस्थामा रहेर पूरा गर्न दिने लक्षण देखिएन, त्यसैले हामीले नयाँ सोचका साथ नवीन अभ्यासमा जाने निधो गऱ्यौं ।'- तपाईंहरुले त बन्दाबन्दीको अवस्थामा पनि पठनपाठन क्रियाकलाप चलाइरहनुभएको छ रे नी ? भनी राखिएको जिज्ञासामा श्री पञ्चकोशी प्राथमिक विद्यालयका प्रधानाध्यापक सुशीलादेवी गुरुङले दिनुभएको लामो जवाफ हो यो ।

यो विद्यालयले गत चैत्रको अन्तिमबाट नै आफ्ना विद्यार्थीहरुलाई नियमित पठनपाठन गतिविधिमा जोडेको हो । सुरुका दिनमा सबै बालबालिका विद्यालयमा नै आएर सिकाइ क्रियाकलापमा सम्लग्न भए । विस्तारै सरकारले लकडाउनको अबधि लम्ब्याउँदै लग्यो भने विदेशमा बढीरहेको संक्रमणको दरलाई देखाउँदै आउने गरेका समाचारहरुले विद्यालयका शिक्षकस्टाफ र विद्यालय व्यवस्थापन समितिलाई चिन्तित बनायो । यति नै खेर विद्यालयले मोदी गाउँपालिकाको शिक्षा शाखाका प्रमुख झकप्रसाद गौतमसँग सम्पर्क गरेर अब के कसरी अघि बढौं भन्ने सुझाब माग्यो । शिक्षा शाखाबाट पुरानै अवस्थामा विद्यालय सञ्चालन नगर्न बरु वैकल्पिक विधिबाट विद्यालयसँग जोडिइरहने वातावरण बनाउन सकिने सल्लाह प्राप्त भएपछि विव्यस र शिक्षकस्टाफको सरसल्लाहबाट विद्यार्थीहरुलाई घरघरमा नै पुगेर, टेलिफोन सम्पर्कबाट र बाबुनानीका अभिभावक तथा समुदायमा उपलब्ध भएका

दाइदिदीहरुको सहयोगमा पठनपाठन क्रियाकलाप अघि बढाउने निधो भयो । त्यसपछि विद्यलायले आजसम्म बालबालिकालाई निरन्तर सिकाइ क्रियाकलापमा जोडिरहेको छ।

विद्यालयका अध्यापक मधुसोधन अधिकारी भन्नुहुन्छ- 'हामीले २०७६ चैत्र ३० गते अभिभावक तथा विद्यार्थीको उपस्थितिमा नतिजा प्रकाशन तथा बाबुनानीहरुको पठनपाठनलाई निरन्तरता दिनका लागि विद्यालयमा रहेका पुराना पाठ्यपुस्तकहरु उपलब्ध गराएर 'बालबालिका जहाँ-विद्यालय त्यहाँ' अभियानको थालनी गरेका हौं।' अधिकारीले अगाडि थप्नुभयो- 'सोही दिन कोभिड १९ को प्रभावका कारणले औपचारिकरुपमा विद्यालय खुल्ने समय लम्बिन सक्ने भएकाले बालबालिकालाई घरमा नै पठनपाठन क्रियाकलाप अघि बढाउन के कसरी योजना बनाउनु पर्दछ ? अभिभावकको भूमिका के हुन सक्दछ ? विद्यालय र शिक्षकस्टाफले कसरी सहयोग गर्न सक्दछन् ? घरमा रहेका दाजुदिदीहरुले आफ्ना भाइबहिनीहरुको सिकाइलाई निरन्तरता दिन कसरी भूमिका निर्वाह गर्न सक्दछन् ? लगायतका विषयमा छलफल गरी कार्ययोजना तयार गर्ने काम सबै सरोकारवालाको सहभागितामा गरेकाले हामीलाई काम गर्न धेरै सहज भयो।'

'बैशाख २३ गते सबै बाबुनानीहरुलाई विद्यालयमा बोलाएर उनीहरुलाई आ-आफ्नो कक्षाअनुसारका नयाँ पुस्तकहरु उपलब्ध गराई ती पुस्तकहरुको घरमा कसरी प्रयोग गर्ने, शिक्षकहरु कहिले कहिले घरमा बाबुनानीलाई भेट्न आउनुहुन्छ, शिक्षकले दिएको गृहकार्य के कसरी पूरा गर्ने, घरका र छिमेकका दाजुदिदीहरुबाट कसरी मद्दत लिने, अभिभावकको सहयोग लिएर शिक्षकसँग कसरी सम्पर्क गर्ने आदि विषयमा बाबुनानीहरुकै सहभागितामा योजना निर्माण गरिएको कारणले बालबालिका घरमा नै बसेर सिकाइ गतिविधिमा सम्लग्न हुन तयार भएका हन्।' यो अनुभव हो विव्यसका अध्यक्ष कलाधर जैसीको।

'बालबालिका जहाँ-विद्यालय त्यहाँ' अवधारणाबाट अघि बढेको यो विद्यालयले स्थानीय समुदायसँगको सहकार्यमा यो अभियानलाई सफल रुपबाट अघि बढाइरहेको छ। रुटीङ नै बनाएर शिक्षकस्टाफहरुले बालबालिकाको घर-घरमा जाने, उनीहरुको सिकाइ उपलब्धीको मूल्यांकन गर्ने, स-साना घरेलु क्रियाकलापमा उनीहरुको सम्लग्नताको बारेमा जानकारी हाँसिल गर्ने, बालबालिका तथा तिनका अभिभावकलाई सामान्य खालको मनोसामाजिक परामर्श प्रदान गर्ने, पुस्तकको प्रयोग गरेर सुनाई-बोलाई-लेखाई आदिको अभ्यास गराउने, यस्तो अभ्यास नियमित गराउनका लागि अभिभावकको ध्यानाकर्षण गर्ने, गृहकार्य दिने, पहिलो भिजिटमा दिएको गृहकार्यको परीक्षण गरी पृष्ठपोषण दिनेलगायतका गतिविधि गर्ने गरिएको छ।

'कोभिड १९ कारण भएको लामो लकडाउनका कारण आफ्ना विद्यालय क्याम्पसहरु बन्द भएको तथा अन्य कामकाजमा बाहिरफेर जान नपाई घरमा नै बसेको समयमा आफ्ना घरका र छरछिमेकका साना भाइबहिनीहरुलाई पठनपाठनमा सहयोगी बन्न पाउँदा आफूलाई गौरब लागेको' सुनाउनुहुन्छ स्थानीय युवा अस्मिता पौडेल। 'शिक्षकहरु पालैपालो आफ्नै घरमा आएर पढाइदिँदा बालबालिकाले रमाइलो र भिन्दै अनुभव गर्दा रहेछन्।' भन्नुहुन्छ शिक्षक अभिभावक संघका अध्यक्ष सरस्वती विक।

विद्यालय रहेको वडाका वडा अध्यक्ष सुकबहादुर गुरुङ भन्नुहुन्छ- 'यो विद्यालय हाम्रो गाउँपालिकाभित्रकै नमुना विद्यालय हो । यसले गर्ने सबै गतिविधिहरु

राजेन्द्र पहाडी (पर्वत)

फरक प्रकृतिका हुन्छन् । अहिले सबै विद्यालय बन्द छन्, बालबालिका पढ्न नपाई घरमा बसेका छन् । तर यो विद्यालयमा पढ्ने छोराछोरीको कक्षा छुटेकै छैन ।' वडा अध्यक्ष गुरुङ थप्नुहुन्छ- 'पञ्चकोशीको टीम राम्रो छ । विद्यालयका हरेक क्रियाकलापहरु सञ्चालन गर्न यिनीहरुले प्रत्यक्ष भेटेर तथा टेलिफोन सम्पर्कका माध्यमबाट स्थानीय गाउँपालिका, वडा कार्यालय, वडा अध्यक्ष, वडा सदस्य, गाउँपालिकाको शिक्षा शाखासँग निरन्तर सम्पर्क राखी तथा समन्वय राखेर काम गर्ने गरेका छन् ।'

'विद्यालयका प्रधानाध्यापक, विव्यसका पदाधिकारी, शिक्षकस्टाफसँग अभिभावकहरुको निरन्तर आवस्यकताअनुसार प्रत्यक्ष र टेलिफोन सम्पर्क हुने गरेको तथा शिक्षकहरुको नियमित विद्यालयमा उपस्थितिका कारणले विद्यालयमा रहेका सबै भौतिक सामग्रीहरु दुरुस्त अवस्थामा रहेको' विद्यालयका प्रधानाध्यापक सुशीलादेवी गुरुङले बताउनुहुन्छ ।

## मामला अध्ययनबाट प्राप्त सबल पक्षहरु

- प्रस्तुत मामिला अध्ययनबाट प्राप्त भएका सबल पक्षहरुलाई तपसील बमोजिम उल्लेख गरिएको छ,
- विद्यालयका सबैजसो सरोकारवालाहरुसँग जीवन्त सम्बन्ध राखी सहकार्य गर्न सक्ने हो भने विषम परिस्थितिमा पनि विद्यालयका गतिविधिहरु सामान्य अवस्था सरह सञ्चालन गर्न सकिँदो रहेछ ।
- विद्यालयको सेवा क्षेत्र सानो, भौगोलिकरुपमा मिलेको र समुदायका सदस्यहरुको विद्यालयसँगको सम्बन्ध सुमधुर भएको ठाउँमा असहजतालाई सहजतामा बदल्न सजिलो हुँदो रहेछ ।
- सार्वजनिक विद्यालय भएर पनि विद्यालयले दिने सेवा तथा सुविधाहरुलाई समयानुकुल व्यवस्थित गर्न सक्ने हो भने समुदायको विश्वास जित्न सकिने रहेछ ।
- स-साना बालबालिकाहरुलाई विद्यालयमा जाउँ-जाउँ, शिक्षक शिक्षिकाहरुसँग भेटौं-भेटौं भन्ने वातावरण सिर्जना गर्न सक्ने हो भने पनि बालबालिकासँग नजिक हुन र सहजताका साथ शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा उनीहरुलाई जोड्न सजिलो हुने रहेछ ।
- उपयुक्त वातावरण र प्रभावकारी सहजीकरण हुने हो भने घर-घरमा र समुदायमा रहेका पाको उमेरका, किशोरावस्थाका दाइदिदी तथा अभिभावकहरु पनि शिक्षण सिकाइ क्रियाकलापका लागि सहयोगी सहजकर्ता हुन सक्ने रहेछन् ।
- अकस्मात आइलागेको कोभिड १९ महामारीले घरलाई विद्यालय र विद्यालयलाई घरको रुपमा विकास गर्ने नवचेतना जागृत गराएको अवस्था रहेछ ।
- ढंग पुऱ्याउँदा साँच्चिकै घर-परिवारलाई 'पहिलो पाठशाला' बनाउन सकिँदो रहेछ ।

## मामला अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- सामान्यतः विद्यालय परिसर र समुदायमा बाह्य व्यक्तिहरुसँगको सम्पर्क नहुने हुनाले भाइरस संक्रमणको उल्लेख्य जोखिम नभएको भएतापनि सम्भावित संक्रमणको भयबाट जोगिनका लागि न्यूनमत सुरक्षाका मापदण्ड जस्तैः शिक्षकस्टाफ तथा विद्यार्थीका लागि मास्क, ह्याण्ड सेनिटाइजर, हाते पञ्जा आदिको व्यवस्था गरिनुपर्ने,
- सुरक्षाका सामान्य सामग्रीहरुको जोहो गर्न तथा खरिद गर्नका लागि स्थानीय वडा कार्यालय वा गाउँपालिकाले प्रबन्ध गरिदिनुपर्ने,

- वडाभित्र रहेका अन्य विद्यालयमात्र होइन, मोदी गाउँपालिका भित्रका विद्यालय र जिल्लाका अन्य विद्यालयले पनि यस विद्यालयले थालनी गरेको असल अभ्यास 'बालबालिका जहाँ-विद्यालय त्यहाँ' का बारेमा प्रचारप्रसार गरी अनुकरण गर्न सक्ने वातावरण निर्माण गर्नुपर्ने,

## मामला अध्ययनबाट भएका मुख्य मुख्य सिकाइहरु

- समयले ल्याएको परिस्थितिका प्रतिको सकारात्मक सोच र चुनौतीका बीचमा पनि काम गर्ने तत्परता र प्रतिबद्धता भयो भने वैकल्पिक विधि गरेर भएपनि उदाहरणीय बन्न सकिने रहेछ।
- कोरोनाका प्रति अभिभावक, बालबालिका र समुदायका सदस्यहरुमा सकारात्मक ढंगले सचेतीकरण गर्ने हो भने ति सबै पक्षको विश्वास जितेर काम गर्न सकिने रहेछ।
- स्थानीय सरकार, सेवा क्षेत्रको समुदाय र विद्यालय परिवारका बीचको एकाकार सम्बन्धले गरिएको निर्णय कार्यान्वयन गर्न सजिलो हुने रहेछ।
- हरेक अभिभावक पनि शिक्षण सहजकर्ताको रुपमा रहन सक्ने भएकाले उनीहरुलाई सोहीअनुसारको उत्प्रेरणा, जागरण र अभिमूखीकरणको खाँचो हुँदो रहेछ।

## मामला अध्ययनसँग सम्बन्धित सुझावहरु

- संक्रमणको खासै डर नहुँदा नहुँदै पनि आधारभूत सुरक्षाका उपाय अबलम्बन गर्दा राम्रो हुने,
- बर्षातको समय सुरु भएकाले शिक्षकस्टाफलाई बालबालिकाको घर-घरमा पठाउने कामले अन्य जोखिमहरु सिर्जना हुन सक्ने भएकाले श्रावण महिनाभरीका लागि यो कामलाई रोक्दा उपयुक्त हुने,
- शिक्षकस्टाफहरुले फूर्सदको समयमा आफ्नो ज्ञान र सीपमा आधारित भै डिजिटल पाठ्य सामग्रीहरु तयार गर्न सकिने, जुन कुरा विद्यालय खुलेपछि बालबालिकालाई प्रदर्शन गर्न सकियोस्,
- स्थानीय सरकार र समुदायसँगको जीवन्त सम्बन्ध, सहकार्य र सहयोगलाई आगामी दिनमा पनि अविश्रान्त निरन्तरता दिन उपयुक्त हुने।

## निश्कर्ष

सबैभन्दा ठूलो कुरा संक्रमण नहुने अवस्थाको सुनिश्चितता र त्यस्तो वातावरणका प्रति अभिभावक, बालबालिका, शिक्षक समुदायसहितका सबै सरोकारवालाहरु ढुक्क हुने स्थिति निर्माण हुनु हो। पक्कै पनि कोभिड १९ बाट ६० देखि ६५ लाखको हाराहारीमा विद्यालय उमेरका बालबालिका प्रभावित भएका छन्, शिक्षक समुदाय अन्यौलको अवस्थामा छ, अभिभावकहरु अनिश्चयको भूमरीमा परेकाछन्, सरकारी संयन्त्रहरु अन्यौल र अनिर्णयको अवस्थाबाट गुज्रिरहेको देखिन्छ। अवस्था सामान्यीकरण गर्ने र जनजीवनलाई विस्तारै पुरानै लयमा फर्काउने या 'लिभिङ वीथ कोरोना'को अवधारणालाई आत्मसाथ गरी अघि बढ्नुपर्ने देखिन्छ। जहाँ जे सम्भव छ, जे जती सुरक्षाका तयारी गरेर अघि बढ्न सकिन्छ अब स्थानीयस्तरमा योजना बनाएर जानु पर्दछ। संघीय सरकारले विद्यालय खोल्ने, नखोल्ने या कुन विधि बनाएर खोल्ने बारेमा स्थानीय सन्दर्भअनुरुप स्थानीय सरकारहरुले कदम चालुन् भन्ने चाहिरहेको छ। तसर्थ हामीहरुले यसका बारेमा स्थानीय पालिकाहरुसँग समन्वय, सहकार्य र सम्बाद अघि बढाई विद्यालय सञ्चालनका भरपर्दा आधारहरु निर्माण गर्दै यो लामो अस्थिरताबाट बाहिर निस्कनुपर्दछ भन्ने देखिन्छ। यसै बीचमा केही विद्यालयका अभ्यासहरु रोचकमात्र छैनन् ।प्रशंसनीय पनि छन्।

राजेन्द्र पहाडी (पर्वत)

प्रशंसनीय दृष्टिकोण राख्ने, आफ्नो पदीय जिम्मेवारी तथा भूमिका प्रति सजग भएर काममा जुट्ने हो भने जस्तोसुकै प्रतिकुलतालाई पनि अनुकुलतामा रुपान्तरण गर्न सकिन्छ भन्ने कहावतलाई सही सावित गरेको छ पर्वत जिल्ला, मोदी गाउँपालिका, वडा नं. ८ चित्रे ओडारेमा रहेको श्री पञ्चकोशी प्राथमिक विद्यालय परिवारले । कुशल प्रशासनिक नेतृत्व, पारस्परिक सहकार्यमा प्रतिबद्ध शिक्षकस्टाफको टीम, हाम्रो विद्यालय हो भन्ने अपनत्व भएको समुदाय र अभिभावक तथा लगनशील विद्यार्थी बाबुनानीको साझा उत्साह, जागरण र केही फरक गर्नुपर्दछ भन्ने हुट्हुटीले कोभिड १९ को विश्वव्यापी महामारीका बीचमा पनि आफूहरुलाई पूर्णतया सुरक्षित राख्दै यो विद्यालयसम्बद्ध सरोकारवालाहरुले निर्वाह गरेको भूमिका स्तुत्य, अनुकरणीय तथा उदाहरणीय छ।

❖❖❖

# मुस्लिम समुदायका बालबालिकामा कोभिड-१९ ले पारेको असर

यज्ञ प्रसाद शर्मा (पर्वत)

## पृष्ठभूमि

पर्वत जिल्ल्लामा रहेका विभिन्न विद्यालय मध्ये एक विद्यालय "मदरसा गुल्सने बरकात" एक हो, जुन कुश्मा नगरपालिका वडा नम्बर ५ मा रहेको छ । वि.सं. २०५८ सालमा कक्षा १ सम्म अध्ययन गराउने गरी जिल्ला शिक्षा कार्यालयमा दर्ता भई यो मदरसा विद्यालय संचालन भएको हो । मदरसामा छात्र २८ जना र छात्रा १५ गरी जम्मा ४३ विद्यार्थी रहेका छन्। सबै वर्ग र क्षेत्रका मुसलमान बालबालिकाले अध्ययन गर्ने सो विद्यालयमा यस अघि मदरसा ब्यवस्थापन समिति बनेको थियो भने अहिले सो समितिको काम पर्वत मुस्लिम सेवा समितिमार्फत हुने गरेको छ। लगभग यो मदरसा नाम मात्रको विद्यालय हो भन्न सकिन्छ। किनभने यसको आफ्नै भवन छैन, सरकारी तवरबाट शिक्षक -मौलाना) को व्यवस्था गरिएको छैन र विद्यालय सञ्चालनका लागि नियमति आम्दानीको कुनै श्रोत नै छ। स्थापनाकालदेखि हालसम्म मदरसा स्थानीय मस्जिदमा सञ्चालन भैरहेको छ, जहाँ न त भिन्दाभिन्दै कक्षा कोठाहरु रहेका छन्, न त विद्यार्थीहरुका लागि फर्निचरको उपलब्धता नै छ।

विश्व नै कोभिड-१९ को महामारीमा जुधिरहेको र प्रभावको सामना गरिरहेको बेलामा सो विद्यालय र सोही विद्यालयमा अध्ययन गर्ने विद्यार्थी अछुतो रहने सवाल नै रहेन, बिषेश गरेर केही सम्पन्न र धेरै विपन्न वर्गका बालबालिकाले अध्ययन गर्ने मदरसा कोभिड १९ को बन्दाबन्दीका कारणले हाल बन्द रहेको छ । यही सर्न्दभमा सो विद्यालयमा अध्ययन गर्ने बालबालिकाको अवस्था र उनीहरुको दिनचर्याका सम्बन्धमा यो मामला अध्ययन सम्पन्न गरिएको छ।

## अध्ययनको सन्दर्भ तथा औचित्य

कोभिड-१९ का कारणले आक्रान्त बनिरहेको विश्वब्यापी अवस्थाले सृजना गरेको चुनौतिपूर्ण स्थितिबाट सबै उमेर समूह प्रभावित बनेका छन्, त्यसमा पनि बढी प्रभावित हुने समूहमा विद्यालय जाने उमेर समूहका बालबालिका नै छन् । यो परिवेशमा

कोरोनाबाट जोगाउने र बचाउने दायित्व सबै तहका सरकार, सरोकारवाला निकाय र घर परिवारको नै हो । तर लामो समय सम्मको बन्दाबन्दीबाट प्रभावित भएका व्यक्ति, समाज र देशले आजका दिनसम्म उन्मुक्ती पाउन नसकेको अवस्था छ । यसको मारमा सबै प्रकारका विद्यालय, गुरुकुल, गुम्बा र मदरसा पनि परेका छन् । यो विषम परिवेश कुश्मास्थित मदरसामा अध्ययन गर्ने बालबालिकाको अवस्था र उनीहरुमा देखापर्न सक्ने समस्याका बारेमा छलफलको मध्याम बाट सहज वातावरण तयार गरी बालबालिकाको शिक्षा पाउने अवसरको सुनिश्चित गर्नु नै यस अध्ययनको प्राथमिक विषय हो ।

## अध्ययनको उद्देश्य

यस अध्ययन कार्यका मुख्य उद्देश्यहरुलाई निम्नानुसार उल्लेख गरिएको छ,

- कोभिड १९ ले मदरसा विद्यालयमा पारेको समग्र प्रभाव आँकलन गर्ने,
- विद्यालयका सरोकारवालाहरुलाई आफ्नो भूमिकाका प्रति जवाफदेही र उत्तरदायी बन्न ध्यानाकर्षण गर्ने,
- सुरक्षाका मापदण्ड अपनाई बालबालिकाको सिकाइलाई निरन्तरता दिन सम्बन्धित पक्षलाई आग्रह गर्ने ।



## अध्ययनको क्षेत्र

- यस अध्ययनका लागि पर्वत जिल्ला, कुश्मा नगरपालिका वडा नं. ५ मा रहेको मदरसा विद्यालयलाई छनोट गरिएको छ । साथमा मदरसामा अध्ययन गर्ने बालबालिकाले सरकारी पाठ्यक्रमअनुसार पठनपाठनमा सम्लग्न हुने सोही नगरपालिका वडा नं. ६ मा रहेको श्री शिवालय माध्यमिक विद्यालयलाई यस मामला अध्ययन कार्यक्रम सम्लग्न गराइएको छ ।
- बिहानको समयमा मदरसामा आफ्नो धर्म विशेषले निर्दिष्ट गरेको आधारमा तोकिएको शिक्षा लिने मुस्लिम समुदायका बालबालिका दिउँसोको समयमा नजिकै रहेको अर्को सरकारी विद्यालयमा भर्ना भै पठनपाठन कार्यमा सरिक हुने भएकाले दुबै विद्यालयलाई अध्ययन कार्यमा सहभागी गराई सरोकारवालाहरुसँग सम्बादका माध्यमबाट यो अध्ययन कार्यलाई पूर्णता दिइएको छ ।

## मामला अध्ययनको विस्तृत विवरण

बन्दाबन्दी अर्थात् लकडाउनको स्थितिले विश्वब्यापीरुपमा नयाँ-नयाँ समस्याहरु पैदा गरेको छ । यस स्थितिबाट सबैभन्दा बढी प्रभाव बालबालिकालाई परेको देखिन्छ । यस मामला अध्ययनका सन्दर्भमा मदरसामा अध्ययन गर्ने बालबालिकाको अवस्थाको अध्ययन गर्दा उनीहरुले साधारण शिक्षा र मदरसा शिक्षा सँगै लिएका छन् । पारिवारीक रुपमा शिक्षालाई धेरै महत्व नदिने समुदाय र उनीहरुको पारिवारीक आर्थिक अवस्थाका कारण शिक्षा लिने कुरा महत्वमा नपरेको सो समुदायका अगुवाहरु बताउँछन् । मदरसाको आफ्नो भौतिक संरचना नभएका कारण पर्वत मुस्लिम सेवा समितिले निर्माण गरेको मस्जिदमा मदरसा शिक्षा



बिहान ७ बजेदेखि ९ बजेसम्म लिने र त्यसपछि नजिकै पर्ने सामुदायिक विद्यालय श्री शिवालय माविमा जाने गरेका छन् । बन्दाबन्दीको परिवेशमा केही सामुदायिक विद्यालय क्वारेन्टिन र कोरोना अस्पतालमा रुपान्तरण भएकोले विद्यालय जाने वा संचालन हुने अवस्था पनि नभएकोले सबै उमेर समूहका बालबालिकाहरु घरमा नै बस्नुपर्ने वातावरण छ । जसले गर्दा बालबालिका घरेलु तथा सामाजिक हिंसाका शिकार पनि भएको अबस्था छ । तथापी त्यो प्रकृतिको समस्या भने यहाँका मुस्लिम समुदायका बालबालिकामा देखिएको छैन ।

अधिकांश बालबालिका विपन्न समुदाय र परिवारका भएका कारण शिक्षा, स्वास्थ्य र पोषणयुक्त आहारबाट बञ्चित भएको पाइन्छ । धेरैका अभिभावक दैनिक रोजगारी गरी परिवारको गास, बास र कपासको जोहो गर्ने गरेकोमा हालको परिवेशमा उनीहरु बेरोजगार भएकोले त्यसको सबैभन्दा बढी असर बालबालिकामा परेको देखिन्छ जसले गर्दा बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणयुक्त खानामा ठूलो प्रभाव परेको छ । एकातर्फ विद्यालय सञ्चालन नहुनु भने अर्कातर्फ अभिभावकको रोजगारी गुम्नुले समस्या माथि झन् समस्या थपेको अभिभावकहरु बताउँछन् ।

विद्यालय बन्द हुँदा विद्यार्थी स्वयंले पीडा महसुस गरेको पाइन्छ भने अभिभावकमा ठूलो चिन्ताको विषय बनेको छ । वैकल्पिक विधिको प्रयोग गरी बालबालिकालाई शिक्षा दिने वातावरण चाँडोभन्दा चाँडो होस् भन्ने अभिभावकको चाहाना रहेको छ । विद्यार्थी घरमा नै बसेकाले घरायसी काममा त सहयोग हुन्छ तर उनीहरुको भविष्य प्रतिको चिन्ता र चाँसो गहन विषय बनेको छ । कतै बालबालिकाहरु कुनै प्रकारको दुर्व्यवहारको शिकार हुने त हैनन् ? कतै बालबालिकाले गलत दुर्व्यसनतर्फ लाग्ने हुन् की भन्ने डर रहेको अधिकांश अभिभावकहरु बताउँछन् ।

## मामला अध्ययनबाट प्राप्त सबल पक्षहरु

- अध्ययन क्षेत्रमा रहेका मुस्लिम समुदायका सबै बालबालिका र तिनका अभिभावक कोभिड १९ बाट सुरक्षित रहेका छन् ।
- सबै बालबालिकाले परिवारसँगसँगै बसी सुख दुःख बुझ्ने अवसर पाएका छन् ।
- बालबालिकाहरु अभिभावकका कामहरुमा सहयोगी बनेका छन् ।
- बालबालिकाले सामान्य घरेलु कामकाज सिकेका छन् ।
- कक्षा सञ्चालन गर्नका लागि मस्जिदमा ठूलो हल उपलब्ध रहेकाले सामाजिक दुरी कायम गरी पठनपाठन सुरु गर्न अभिभावक र ब्यवस्थापन पक्ष तयार रहेको देखिन्छ ।
- बालबालिकाको निरन्तर सिक्न तथा पढ्न पाउने अधिकार प्रति अभिभावकहरु चिन्तित भएको देखिन्छ ।
- छिमेकी सामुदायिक विद्यालय शिवालय माविबाट मुस्लिम समुदायका बालबालिकालाई पनि घरधुरी भेटघाट कार्यक्रम सञ्चालन गरी पाठ्यपुस्तक उपलब्ध गराउने कार्य सम्पन्न भएको छ ।

## मामला अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- सबै उमेर समूहका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणमा ध्यान दिन जरुरी रहेको छ।
- बालबालिकालाई वैकल्पिक शिक्षा दिन जरुरी छ।
- अभिभावक र विद्यार्थीले टोल शिक्षा कार्यक्रमको आवश्यकता महशुस गरेका छन्।
- सवै बालबालिका र तिनका अभिभावक आनलाइन शिक्षामा जोडिन नसक्ने अबस्था रहेकोले यो विषयलाई गम्भीर रुपमा लिन जरुरी रहेको छ।
- सबै बालबालिकालाई उपयुक्त हुने अध्ययन वातावरण र विधि नहुँदा बालबालिकाले नैराश्यता ब्यक्त गरेकाछन्।
- मदरसामा पर्याप्त अध्ययन सामग्रीको अभाव रहेको छ।
- कोभिड-१९ बाट बालबालिकालाई जोगाउन सेनिटाइजर र मास्कको अभाव भएको देखिन्छ।
- तिनै तहका सरकारले मदरसाको ब्यवस्थापनका लागि भौतिक र आर्थिक सहयोग स्थायीरुपमा उपलब्ध गराउन आबश्यक रहेको देखिन्छ।
- विद्यार्थीको पढ्ने बानी हराउँदै जानाले शिक्षाको महत्व बालबालिकामा हराउने हो कि भन्ने चिन्ता अभिभावकमा रहेको छ।
- कोभिड-१९ का प्रति सचेतना आवश्यक रहेको छ।

## मामला अध्ययनबाट प्राप्त भएका मुख्य मुख्य सिकाइहरु

- अभिभावकमा बालबालिकाको शिक्षाका प्रति गहन चिन्ता हुनु।
- वैकल्पिक शैक्षिक विधिको प्रयोगको आवश्यकता महशुस हुनु।
- बन्दाबन्दीको कारणले अभिभावकको रोजगारी गुमेकाले परिवार संचालनमा समस्या आएको छ।

## मामला अध्ययनसँग सम्बन्धित सुझावहरु

- तिनै तहका सरकारले वर्तमान परिवेशमा बालबालिकाको शिक्षाको सवालमा सोच्न र सकारात्मक कदम चाल्न आबश्यक रहेको छ।
- क्वारेन्टिन बनाइएका विद्यालयमा यथाशक्य क्वारेन्टिन हटाई सुरक्षित निर्मलीकरण गरी सामाजिक दुरी कायम गरी अध्यापन गराउन आवश्यक छ।
- लामो समय परिवेश यस्तै रहने हो भने वैकल्पिक विधिको माध्यमबाट अध्यापन गराउन आवश्यक रहेको छ।

## निश्कर्ष

कोभिड-१९ को महामारीबाट प्रभावित वर्तमान परिवेशमा शिक्षा क्षेत्रप्रति सरकार, सरोकारवाला, अभिभावक र विद्यार्थी जागरुक भई वैकल्पिक बिधिमार्फत शिक्षा प्रदान गर्ने अवस्था अपनाउन आवश्यक रहेको छ। हरेक अभिभावकको चाँसो र चिन्ताको विषय नै वर्तमान समयमा आफ्ना बालबालिकाको भविश्य र उनीहरुको शिक्षाका प्रति रहेको छ। बालबालिकाले पढ्ने बानी बिर्सने त होइनन्, भोलिका दिनमा बालबालिका विद्यालय जान नमान्ने त होइनन् भन्ने जिज्ञासा अभिभावकमा रहेको पाइन्छ। अभिभावकहरु सामाजिक दुरी कायम राखी विद्यार्थीको घर, टोलमा विद्यालयबाट शिक्षक आइदिए राम्रो हुने कुरा प्रति सकारात्मक रहेको देखिन्छ।

❖❖❖

# कोभिड-१९ र अपाङ्गता भएका बालबालिकाको शिक्षाको अधिकार

जगन्नाथ शर्मा (पर्वत)

## पृष्ठभूमि

विश्वभर फैलिएको (कोभिड-१९) कोरोना भाइरसको महामारीबाट हाम्रो देश पनि अछुतो रहन सकेन । यस महामारीका कारणले सरकारले लकडाउनको घोषणा गऱ्यो जसले गर्दा सबै बालबालिकाहरु लगायत सबै पक्ष र क्षेत्रलाई यसले प्रभाव पाऱ्यो । यसै बन्दाबन्दीका अवस्थामा पर्वत जिल्लामा अपाङ्गता भएका बालबालिकाहरुको शिक्षा लगायतका क्षेत्रमा पारेको प्रभावका बारेमा अध्ययन गर्नका लागि जिल्ला सदरमुकाम कुश्मा बजारमा रहेको श्री शिवालय मा.वि., जहाँ दृष्टिविहीन स्रोतकक्षा सञ्चालन भएको र त्यहाँ रहेका अपाङ्गता भएका बालबालिकाहरुको अवस्थाका बारेमा जानकारी लिनका लागि यो अध्ययन गरिएको छ ।

श्री शिवालय मा.वि.मा दृष्टिविहीन बालबालिकासहित २२ जना अपाङ्गता भएका विद्यार्थीहरु अध्ययनरत रहेका छन् । यस विद्यालयका विद्यार्थीहरु बन्दाबन्दीले गर्दा घरमै बस्न बाध्य रहेका छन् । उनीहरु मध्ये केही विद्यार्थीहरुसँग सोझै भेटघाट र केही विद्यार्थीहरु, अभिभावक र शिक्षकहरुसँग टेलिफोनमार्फत सम्पर्क गरी उनीहरुका सम्वन्धमा अध्ययन गरिएको छ ।

## अध्ययनको सन्दर्भ तथा औचित्य

हाल (कोभिड-१९) कोरोना भाइरसका कारणले गर्दा विश्व नै आक्रान्त पारेको विश्वब्यापी समस्याका कारणले गर्दा विभिन्न समस्याहरु सृजना भएका छन् । यसले सबै जनालाई प्रभावित पार्नुका साथै अपाङ्गता भएका बालबालिकाहरुलाई अझ धेरै प्रभावित पारेको छ । यस अवस्थामा उनीहरुलाई सुरक्षित गर्नु तपाई हामी सबैको दायित्व हो । यस विषम परिवेशबाट विद्यालयमा अध्ययन गर्ने बालबालिकाको अबस्था र उनीहरुमा देखा पर्नसक्ने समस्याका सवालमा भेटघाट तथा छलफल गरी सहज बातावरण सृजना गरी बालबालिकाले पढ्न पाउने अवसर सुनिश्चित गर्ने सरोकारवालाहरुको ध्यानाकर्षण गर्नु नै यस अध्ययनको प्रमुख औचित्य रहेको छ ।

## अध्ययनको उद्देश्य

यस मामिला अध्ययनको उद्देश्यहरु मुख्य गरेर निम्नअनुसार रहेको छ :

- अपाङ्गता भएका बालबालिकाहरुको अवस्थाको पहिचान गर्ने ।
- सरोकारवालाहरुलाई उनीहरुप्रति उत्तरदायी बनाउने ।
- मनोपरामर्श गरी उनीहरुलाई सहजता सृजना गर्ने ।
- शैक्षिक कृयाकलापलाई अगाडि बढाउन सहयोग गर्ने ।

## अध्ययनको क्षेत्र

यस मामला अध्ययन कार्यका लागि कुश्मा नगरपालिका वडा नम्बर ६ मा रहेको श्री शिवालय मा.वि.मा अध्ययनरत अपाङ्गता भएका बालबालिका र पर्वत जिल्ला भित्रका अपाङ्गता भएका व्यक्तिहरुसँग, अभिभावक र शिक्षकसँग कोरोना भाइरसले पारेको प्रभावका विषयमा छलफल गरिएको छ । विषेशतः कोरोना भाइरसका कारण सम्पूर्ण बालबालिकाहरु



प्रभावित भएका छन्, त्यसमा पनि गरिब, दलित र पिछडिएको समुदायका बालबालिकाहरु अझ धेरै मारमा परेका छन् । त्यस मध्ये पनि अपाङ्गता भएका बालबालिकाहरु र व्यक्तिहरु धेरै मारमा परेका छन् । उनीहरुको शिक्षा लगायतका विषयमा केही व्यक्तिहरुसँग प्रत्यक्षरुपमा भेटघाट गरेर र केहीसँग टेलिफोन सम्वादमार्फत कुराकानी गरिएको छ।

## मामला अध्ययनको विस्तृत विवरण (अन्तरवस्तु)

(कोभिड-१९) कोरोना भाइरसको माहामारीबाट सम्पूर्ण विश्वनै प्रभावित भैरहेको यस परिवेशमा नेपाल पनि अछुतो रहन सकेन । नेपाल सरकारले यस महामारीलाई रोकथाम गर्नका लागि २०७६ चैत्र ११ गतेबाट सम्पूर्ण देश लकडाउन (बन्दाबन्दी) को घोषणा गरेको छ। यसबाट सबै वर्ग, क्षेत्र र तह, तप्काका नागरिक प्रभावित त भएका छन् नै त्यसमा पनि गरिब, विपन्न, महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु र बालबालिकाहरु धेरै प्रभावित भएका छन् । बालबालिकाहरु मध्ये पनि अपाङ्गता भएका बालबालिकाहरुलाई अझ धेरै प्रभाव परेको पाइन्छ। यस मामला अध्ययनका सन्दर्भमा अपाङ्गता भएका बालबालिका जो शिवालय दृष्टिविहीन स्रोतकक्षामा अध्ययनरत रहेका छन्, त्यससँग सम्वन्धित रहेको छ। अपाङ्गता भएका बालबालिकाको शिक्षालाई स्वयं अपाङ्गता भएको व्यक्ति, परिवार, समुदायले त्यति चाँसो नदिने र यिनीहरुले पढेर के गर्न सक्छन् भन्ने हेयको दृष्टिले हेर्ने गरेका छन् । उनीहरुलाई दयाको भावले हेर्ने परिपाटी रहेको छ। शिक्षा महत्वपूर्ण विषय भएतापनि यसलाई उनीहरुले पारिवारिक आर्थिक अवस्था र परम्परागत सोचका काणले त्यती धेरै महत्व दिएको पाईदैन।

हालको विषम परिवेशमा नेपाल सरकारले सामुदायिक विद्यालयका भवनहरुलाई क्वारेन्टिन र आइसोलेसन अस्पताल संचालन भएकोले बालबालिकाहरु विद्यालय जाने र शिक्षा पाउने अवसरबाट बञ्चित भएका छन् । विद्यालय जाने अवस्था पनि नभएकोले सबै उमेर समूहका बालबालिकाहरु घरमा नै बस्नुपर्ने बाध्यता भएको छ। जसले गर्दा बालबालिका घरेलु तथा सामाजिक हिंसाका शिकार पनि भएको अवस्था छ। पर्वत जिल्लाको सन्दर्भमा केही अपाङ्गता भएका बालबालिकामाथि यौनहिंसामा परेका समाचारहरु प्राप्त भएका छन् तर पनि यस विद्यालय क्षेत्रभित्र त्यस्तो समस्या भने देखिएको छैन। अपाङ्गता भएका बालबालिकाहरु धेरैजसो विपन्न समुदाय र परिवारका भएका कारण शिक्षा, स्वास्थ्यलगायत पोषणयुक्त आहारबाट बञ्चित भएको पाइन्छ । उनीहरुका अभिभावकहरु ज्याला मजदुरी गरी परिवारको लालनपालन गर्ने गरेको भएतापनि हाल बन्दाबन्दीले गर्दा उनीहरु बेरोजगार भएकोले त्यसको सबैभन्दा बढी असर बालबालिकामा परेको पाइन्छ। जसले गर्दा बालबालिकाको शिक्षा, स्वास्थ्यलगायतका विविध पक्षमा ठूलो प्रभाव परेको छ। एकातर्फ बालबालिका जान नपाउनु र अर्कातर्फ अभिभावक बेरोजगार हुनाले त्यसै त समस्या थियो त्यसमाथि झन् समस्या थपिएको कुरा अभिभावकहरुले बताउनुहुन्छ।

जगन्नाथ शर्मा (पर्वत)

विद्यालय बन्द भएकाले बालबालिकाहरुले पीडा महसुस गरेको पाइन्छ भने अभिभावकमा ठूलो चिन्ताको विषय बनेको छ । वैकल्पिक विधिको प्रयोग गरी बालबालिकालाई शिक्षा दिने वातावरण छिटोभन्दा छिटो होस् भन्ने चाहना अभिभावकमा रहेको छ। बालबालिकाहरु घरमा नै भएकोले घरायसी काममा त सहयोग पुगेको छ । उनीहरुले नयाँ-नयाँ कुराहरुको ज्ञान अभिभावकसँग लिन पाएका छन् । परम्परागत रितीरिवाज, चालचलन र धर्मका विषयमा सिक्न पाएका छन् तर उनीहरुको भविष्य प्रतिको चिन्ता र चाँसो गहन विषय बनेको पाइन्छ। अभिभावकलाई र शिक्षकहरुलाई कतै बालबालिकाहरु कुनै प्रकारको दुर्व्यवहार शिकार हुने, गलत संगतमा लाग्ने हुन की भन्ने डर त्रास रहेको पाइन्छ।

## मामला अध्ययनबाट प्राप्त सवल पक्षहरु

- अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरु सबैजना अभिभावक एवं परिवारसँग सँगै बस्न पाएका छन्, जसले गर्दा कोरोना भाइरसबाट सुरक्षित रहेका छन् ।
- परिवारसँगै घरमा बसेर सुख दुःख बुझ्न पाएका छन्।
- परिवारसँग बसेर घरायसी कामहरु सिक्न पाएका छन्।
- परिवारलाई काममा सघाउने हुँदा सहयोगी पनि बनेका छन् ।



जगन्नाथ शर्मा (पर्वत)

- घरमा बुढापाका व्यक्तिहरुबाट विगतमा आफूले भोगेका वा सुनेका कुराहरु, रितीरिवाज, परम्परागत चलनहरुका बारेमा बुझ्न पाएका छन् ।
- बालकालिकाहरुमा सहयोगी भावनाको विकास हुनुका साथै जिम्मेवारीपनको विकास भएको छ।
- लामो समयसम्म घरमा नै बसेकोले बालकालिकाहरु विद्यालय जान उत्सुक देखिएका छन् ।
- शिक्षाप्रति अभिभावक चिन्तित देखिएकोले बालकालिकाको शिक्षाप्रति जिम्मेवार बनेको पाइन्छ।
- मामला अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु
- कोरोना भाइरस सम्बन्धी सार्वजनिक सूचना र जनचेतनाका लागि प्रकाशन तथा प्रसारण हुने सामग्रीहरुमा सबै प्रकारका अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरुको पहुँच पुग्ने गरी प्रकाशन र प्रसार गर्नुपर्ने ।
- अभिभावकको आयस्रोत गुमेकाले उनीहरुलाई राहतको व्यवस्था गर्नुपर्ने ।
- सबै उमेर समूहका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणमा ध्यान दिनुपर्ने ।
- वैकल्पिक शिक्षाको व्यवस्था गर्दा पाठ्यसामग्री अपाङ्गतामैत्री हुनुपर्ने ।
- समुदायमा वा टोलटोलमा शिक्षक कार्यक्रम संचालन गर्नुपर्ने ।
- अनलाइन कक्षाहरु संचालन भएको भएतापनि त्यसमा पहुँच पुग्न नसकेकोले बेलैमा ध्यान दिनुपर्ने ।
- पहुँचयुक्त वातावरण निर्माणका लागि सहजीकरण गर्नुपर्ने ।
- कोरोना भाइरसबाट बच्नका लागि साबुन पानीले हातधुने विधि थाहा नभएकोले सिकाउनुपर्ने ।

- घरमै बसी रहँदा मनोसामाजिक समस्या सृजना हुन सक्ने भएकोले परामर्श सेवा प्रदान गर्नुपर्ने ।
- कोभिड-१९ बाट बालबालिकालाई जोगाउन सेनिटाइजर र मास्कको अभाव भएको ।
- बालबालिकामा पढ्ने बानी घटेकोले त्यसतर्फ सजग रहनुपर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने औषधीलगायत अत्यावश्यक स्वास्थ्य सामग्रीहरु र सहयोग सामग्रीहरुको अभाव देखिएकोले बेलैमा ध्यान दिनुपर्ने ।
- अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरु घरायसी हिंसामा, भेदभावमा र दुर्व्यवहारमा पर्ने अवस्था सृजना भएकोले त्यसतर्फ सरोकारवाला पक्षको ध्यान जानुपर्ने ।
- यस महामारीका कारणले गर्दा धेरैजसो अपाङ्गता भएका व्यक्तिहरु घरबाट बाहिर जान नपाएको कारणले गर्दा मनमा डर पैदा हुँदा उनीहरुलाई मानसिक स्वास्थ्य समस्या हुने खतरा देखिन्छ ।
- सरकारी तवरबाट शैक्षिक विकासका लागि आवश्यक व्यवस्था हुनुपर्ने ।

### मामला अध्ययनबाट भएका मुख्य-मुख्य सिकाइहरु

- अभिभावकहरुमा आफ्ना बालबालिकाको शिक्षा, स्वास्थ्यप्रति गहन चिन्ता हुनु ।
- पढाइको महत्व बुझ्नु र वैकल्पिक शैक्षणिक विधिको आवश्यकता महशुस हुनु ।
- समुदायस्तरमा वैकल्पिक शैक्षिक कार्यक्रमको आवश्यक रहेको महसुस अभिभावक र विद्यार्थीमा भएको ।
- सामाजिक दुरी कायम गरी विद्यालय संचालन गर्न आवश्यकता रहेको महशुस हुनु ।
- विद्यालयमा रहेका क्वारेन्टिन र आइसोलेसन कक्षलाई हटाइ सामाजिक दुरी कायम गरी अध्यापन गराउन आवश्यक रहेको अभिभावकको विचार आउनु ।
- अभिभावकको रोजगारी नहुँदा परिवार संचालनमा समस्या आएको छ ।
- शिक्षकहरुले टोल टोलमा आएर बालबालिकाहरुलाई गृहकार्य दिने र चेक गर्ने गरिदिए राम्रो हुने अभिभावकको चाहाना रहेको छ ।

### मामला अध्ययनसँग सम्बन्धित सुझावहरु

- कोरोना भाइरस सम्बन्धी सूचनाहरु सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुले बुझ्ने गरी सरल भाषा, सांकेतिक भाषा र डिजिटल प्रविधिबाट प्रकाशन, प्रसारण गर्ने व्यवस्था गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई सहजरुपमा राहत सामग्री उपलब्ध गराउनुपर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई राहत वितरणका साथै उनीहरुको आर्थिक अवस्थाको विश्लेषण गर्ने पद्धति अवलम्वन गर्ने ।
- अपाङ्गता भएका बालबालिकाहरु विद्यालय जान नपाएको अवस्थामा समुदायमा शिक्षक अभियान संचालन गर्ने र यसमा बढीभन्दा बढी अपाङ्गता भएका बालबालिकालाई प्राथमिकता दिने ।
- विद्यालयमा रहेका क्वारेन्टिन र आइसोलेसन कक्षहरुलाई अन्य सार्वजनिक स्थलमा स्थानान्तरण गरी बालबालिकाहरुलाई विद्यालयप्रति सकरात्मकता धारणा बृद्धि गर्न पहल गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुको रोजगारी गुमेको र गुम्ने अवस्थामा रहेकोले उनीहरुको रोजगारीलाई बृद्धि गर्नका लागि पहल गर्नुपर्ने ।
- अपाङ्गता भएका बालकालिका तथा व्यक्तिहरुलाई

आवश्यक पर्ने स्वास्थ्य सामग्रीहरुका साथै उनीहरुलाई मनोसामाजिक परामर्श दिने व्यवस्था मिलाउनुपर्ने ।

- अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरुलाई भेदभाव, हिंसा, दुर्व्यवहार हुनबाट रोक्नका लागि जनचेतनामूलक कार्यक्रम सहज प्रविधिबाट सबैमा पुऱ्याउन पहल गर्नुपर्ने ।
- अवस्था यस्तै रही रहेमा वैकल्पिक शिक्षाको माध्यमबाट अध्यापन गराउन आवश्यक पहल गर्नुपर्ने ।

### निश्कर्ष

कोरोना भाइरसका कारणले अहिले सम्पूर्ण विश्वनै आक्रान्त पारिरहेको वर्तमान परिवेशमा अपाङ्गता भएका बालबालिकाको शिक्षा, स्वास्थ्यप्रति तीनै तहका सरकार, सम्बन्धित सरोकारवाला निकायहरु, समुदाय, अभिभावक र विद्यार्थी जागरुक भई उपयुक्त प्रविधि अथवा विधिमार्फत शिक्षा प्रदान गर्ने अवस्था मिलाउन आवश्यक रहेको छ । हरेक अभिभावकको चाँसो र चिन्ताको विषय नै वर्तमान समयमा आफ्ना बालबालिकाको भविष्य र उनीहरुको शिक्षाकाप्रति रहेको पाइन्छ । बालबालिकाको दैनिकी फेरिएकोले पछि गएर पढ्ने बानी नहुने, आउँदा दिनहरुमा बालबालिकाहरु विद्यालय जान नमान्ने त होइनन् भन्ने नै चिन्ता रहेको छ । यसकारण पनि अबका दिनमा उपयुक्त विधिको प्रयोग गरी बालबालिका र खासगरी अपाङ्गता भएका बालबालिकाले सहजरुपमा पढ्न पाउने वातावरण तयार गर्नु नै अहिलेको आवश्यकता रहको छ । विद्यालयले आफ्नो क्षेत्रभित्र पर्ने टोलटोलमा शिक्षकहरुलाई खटाएर विद्यालय उमेरका बालबालिकाहरुले दैनिक रुपमा गरेका कृयाकलापहरुको अनुगमन निरीक्षण गर्दै उनीहरुलाई गृहकार्यहरु दिई शिक्षाप्रति उत्तरदायी बनाउनु नै अहिलेको आवश्यकता रहेको छ । यसमा अभिभावकको सक्रियता र सकरात्मक सोच रहेको देखिन्छ ।

❖❖❖

# कोभिड-१९ ले दलित बालबालिका र युवाहरुमा पारेको प्रभाव

भिम बहादुर नेपाली (पर्वत)

### पृष्ठभूमि

चीनको वुहान शहरबाट विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ (कोरोना भाइरस) ले नेपालमा पनि दिनानुदिन संक्रमितको संख्या बढीरहेको छ । संक्रमण यही रुपमा फैलियो भने नेपालमा भयावह स्थिति सृजना हुने अवस्था देखिएको छ । नेपाल सरकारले यसको रोकथाम र नियन्त्रणको लागि मिति २०७६ साल चैत्र ११ गतेदेखि बन्दाबन्दी (लक डाउन) गरेको छ । विद्यार्थीहरु अन्तिम परीक्षा दिएर घरमा नै बस्न बाध्य भएका छन् । कोरोना भाइरस फैलिने डरले SEE परीक्षाको तयारी पूरा गरी सिट प्लान समेत भैसकेको अवस्थामा सरकारले एक्कासी स्थगित गऱ्यो । शैक्षिक सत्र शुरु भएको २ महिनासम्म पनि विद्यालय खुल्न सकेको छैन । नेपाल सरकार र शिक्षकहरु अन्योलमा रहेका छन् । सरकारले ठोस

विकल्प दिन सकेको छैन। हाल आएर सरकाले SEE को परीक्षा नलिने र विद्यालयले विगतमा लिएको परीक्षाको आधारमा सबै विद्यार्थीका नतिजा प्रकाशन गरी स्वतः ११ मा भर्ना हुने भनेको छ। सरकारको यस्तो गैरजिम्मेवार निर्णयले क्षमतावान विद्यार्थीमा नैरास्यता पलाएको महसुस गर्न सकिन्छ। कोरोना भाइरसको कारण विद्यालय लामो समयदेखि बन्द हुँदा र सरकारको ठोस कार्यक्रम नआउँदा विद्यार्थीहरु र अविभावकहरुमा हिनताबोध उत्पन्न भएको आभास हुन्छ। विद्यालय खुल्ने कुराको सुनिश्चित नहुँदा करिब ६० लाखभन्दा बढी विद्यार्थीको भविष्य अन्योलमा परेको छ। आजका बालबालिका भोलीका कर्णधार रहेको कुरा घाम झैं छर्लङ्ग हुँदाहुँदै पनि आज सबै विद्यालय जाने उमेर समूहका बालबालिका घरमा नै बसेर बाबु आमालाई घरायसी काममा सहयोग गरेर तथा खेलेर समय कटाई रहेका छन्। जसको कारण बालबालिककाले नयाँ-नयाँ सिकाइ गर्ने क्रियाकलाप अवरुद्ध भएको छ।

## अध्ययनको उद्देश्य

कोरोना भाइरसको कारण नेपाल सरकारले लकडाउन गरेसँगै विद्यालयहरु खुलेका छैनन्। विद्यालय नखुल्नाले ६० लाख भन्दा बढी विद्यार्थीको भविष्य अन्यौल भएको छ। विद्यार्थीहरु घरमा नै बस्न बाध्य भएका छन्। यसै विषयलाई मध्यनजर राखेर विशेषतः दलित विद्यार्थी र युवाहरुमा पारेको असर र प्रभावको बारेमा मामला अध्ययन गरी उजागर गर्ने मुख्य उद्देश्य रहेको छ। साथै यस कार्यले शिक्षा क्षेत्रमा र विद्यार्थीहरुमा मानसिक तथा मनोबैज्ञानिक रुपमा पारेको असर एवं प्रभाव बहसको विषय बनाउने अर्को उद्देश्य रहेको छ। यही उद्देश्यलाई मध्यनजर गरी यो मामला अध्ययन तयार गरिएको छ।



## अध्ययनको क्षेत्र

यस मामला अध्ययनका लागि पर्वत जिल्ला, कुश्मा नगरपालिका वडा नं. १३ मा रहेको दलित समुदायलाई अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको छ।

## अध्ययनको सन्दर्भ तथा औचित्य

कुश्मा नगरपालिका वडा नं. १३, खौलालाँकुरीमा कूल जनसंख्याको ४५ प्रतिशत दलित समुदाय रहेका छन्। उक्त वडामा खौलालाँकुरी माध्यमिक विद्यालय पनि रहेको छ। त्यस विद्यालयमा अध्ययन गर्ने अधिकाँश विद्यार्थीहरु दलित समुदायका बालबालिकाहरु रहेको छन्। विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसले दलित बालबालिकामा पारेका असर र प्रभावको बारेमा शिक्षाका लागि राष्ट्रिय अभियान, नेपाल पर्वतले अध्ययन गर्ने अभियान शुरु गरेको हुँदा खौलालाँकुरीका दलित बालबालिकाहरुको अवस्थामा पारेका असर र प्रभावको बारेमा अध्ययन तथा सम्बन्धित व्यक्तिहरुसँग बसी छलफल गरिएको छ।

## मामला अध्ययनको विस्तृत विवरण (अन्तरवस्तु)

अध्ययनको क्रममा अविभावक, शिक्षक, युवा र विद्यार्थीहरुसँग भलाकुसरी गरिएको छ। कोरोना भाइरसले ल्याएको यस विषम परिस्थितिमा

भिम बहादुर नेपाली (पर्वत)



सबैभन्दा बढी प्रभाव गरिब, विपन्न, दलित, सिमान्तकृत समुदायका बालबालिकाहरुमा परेको छ। यस्तो परिस्थितिको कारणले गर्दा उक्त समुदायका बालबालिकाहरु शिक्षाबाट बन्चित त भए नै त्यसका अलवा पोषणयुक्त आहार, स्वास्थ्य उपचार, विभेद, शोषणजस्ता कुराबाट सुरक्षित रहन सकेका छैनन् । यहि समयमा बालिकाहरु बलात्कारको सिकार भएका छन्। बालबालिकाहरुमा मानसिक तथा मनोवैज्ञानिक असर गरेको छ । यसै क्रममा कोरोना भाइरस र बन्दाबन्दीले शिक्षा क्षेत्रमा पारेको प्रभाव र असरको बारेमा कुश्मा नगरपालिका वडा नं १३ मा रहेको ग्रामीण बस्तिका दलित बालबालिका तथा युवाहरुसँग बसी मामला अध्ययन गरी यो केशस्टडी तयार गरिएको हो । यस अध्ययनबाट प्राप्त त्यस समुदायका दलित बालबालिका तथा युवा वर्गमा परेको परेको प्रभावका बारेमा तलका शीर्षकहरुमा बुँदागतरुपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ।

### मामला अध्ययनबाट प्राप्त सवल पक्षहरु

- कोरोना भाइरसले शैक्षिक क्षेत्रमा उत्पन्न भएको समस्यासँगै यसका केही सवल पक्ष रहेको पनि पाइएको छ । ति सवल पक्षहरु बुँदागत रुपमा निम्नानुसार रहेका छन् :
- कोरोना संक्रमणबाट समुदायका दलित बालबालिका तथा युवाहरु आजका दिनसम्म सुरक्षित रहेका छन्।
- दलित समुदायका उमेर पुगेका बालिबालिकाहरुले खेतीपातीको काम सिकेका छन्।
- शहर केन्द्रित युवा समुदाय गाउँ फर्किएर बाँझो खेतबारीमा खेती गरेको छ।
- आफ्ना बालबालिकालाई बोर्डिङ पढाउने आविभावकले अब उपरान्त सरकारी स्कुलमा पढाउनु पर्छ भन्ने भावनाको विकास भएको पाइयो।
- बैदेशिका रोजगारमा जानेहरुलाई आफ्नै देश र गाउँमा नै केही गर्नुपर्छ भन्ने सोचको विकास भएको देखियो।

### कोरोना भाइरसका कारण नेपालको शैक्षिक क्षेत्रमा देखापरेका समस्याहरु निम्नानुसार रहेका छन् :

- बालबालिकाको भविष्यप्रति राज्य गैरजिम्मेवार बन्यो।
- बालबालिकाहरु आफ्नो भविष्यप्रति निराश देखिन्छन्।
- पढाई प्रतिको लगाव, सिर्जनशीलता घट्दै गएको छ।
- खासगरी दलित बालबालिकाहरु विभिन्न अवसरबाट बन्चित छन्।
- गाउँमा अनलाइन सिस्टमको पहुँच नभएको हुँदा यसबाट बन्चित भएको स्थिति छ।
- अन्तिम परीक्षा दिएर गाउँ गएका बालबालिका र अविभावक गन्तव्यमा फर्किन पाएनन्।
- पाठ्यपुस्तक पढ्न र नयाँ कुरा सिक्न पाएका छैनन्।
- समयमा पाठ्यपुस्तक विद्यालयमा पुगेन।
- विपदको समयमा के गर्ने, कसो गर्ने भनेर

विद्यालयले खासै निर्णय लिन सकेन।

- विद्यालय, अविभावक र शिक्षकहरुसँग अव के गर्ने भन्ने छलफल भएको पनि छैन र ठोस योजना पनि छैन।
- स्थानीय सरकारले पनि कुनै ठोस विकल्प दिन सकेन।
- महामारीको संकटमा पनि सरकारले लामो समयदेखि बन्द रहेको शैक्षिक क्षेत्र सुचारु गर्न बजेट विनियोजन गरी ठोस कार्यक्रम ल्याउन सकेन।

## मामला अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

कोरोना भाइरस समस्या त भयो तर यसको समाधानको विकल्प पनि खोज्नुपर्ने हुन्छ। त्यसैले लामो समयदेखि बन्द रहेका विद्यालयहरु खुला गरी सहज वातावरणमा सञ्चालन गर्नको लागि केही कामहरु सबै क्षेत्रबाट गर्नुपर्ने हुन्छ । बालबालिकाहरुलाई सहज रुपमा विद्यालय गएर पठनपाठन गर्न शैक्षिक क्षेत्रमा सुधार गर्नुपर्ने पक्षहरु निम्नानुसार रहेका छन् :

- सामाजिक दुरी कायम गरी विद्यालय सुचारु गर्नुपर्छ।
- विद्यालयका भौतिक संरचना आवश्यकताअनुसार निर्माण गर्नुपर्छ।
- प्रत्येक विद्यालयमा इन्टरनेटको व्यवस्था गर्नुपर्छ।
- विद्यालय नखुल्ने हो भने टोल टोलमा पढाउन सकिन्छ।
- शिक्षक अविभावकको बैठक बसी रहनु पर्‍यो।
- शिक्षक अविभावक नयाँ-नयाँ सोचका साथ अगाडि बढ्नु पर्‍यो।
- शिक्षक आफै पनि सिर्जनात्क हुनु पर्‍यो, सँधै माथिको आदेश मात्र कुर्नु भएन।



- स्थानीय सरकारले यस्तो काममा पहल कदमी चाल्नु पर्‍यो।
- शिक्षक र विद्यालय व्यवस्थापन समितिले विद्यार्थीको घर-घरमा पुगेर राय सुझाव लिनु पर्‍यो र विद्यार्थीहरुलाई सकारात्मक सन्देश दिनु पर्‍यो। विद्यार्थीहरुको मनसाय बुझ्नु पर्‍यो।
- त्रसित वातावरणलाई सहज बनाउन सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने देखियो।
- राज्य संयन्त्रले छिटो भन्दा छिटो निकास दिनु पर्‍यो।
- मामला अध्ययनबाट भएका मुख्य-मुख्य सिकाइहरु
- कोरोना भाइरसले शैक्षिक क्षेत्रमा पारेका असरसँगै बालबालिकाहरुसँग केही सिकाइ पनि रहेका छन्। ति निम्नानुसार छन् :
- बालबालिकाहरुले आफ्नो उमेर क्षमता अनुसार भान्सा र खेतीपातीको काम सिक्न पाएका छन्।
- बाँझो रहेका जग्गाको महत्व बढेको छ।
- जङ्कफुड (प्याकिङ खाना) भन्दा गाउँ घरमा नै उत्पादित वस्तु खाँदा स्वस्थ र निरोगी हुने र कोरोनाको संक्रमण हुने डर कम हुने रहेछ।
- गाउँमा नै उत्पादन हुने खानेकुराको सेवन गर्ने बानीको विकास भएको छ।

भिम बहादुर नेपाली (पर्वत)

- आनिबानी, खानपिन तथा सरसफाई रहने बानीमा सकरात्मक विकास भएको छ।

## निश्कर्ष

(कोभिड -१९) कोरोना भाइरसले नेपाललगायत विश्वलाई तहस नहस बनाएको छ। यसले विश्वका शक्तिशाली देशलाई पनि आत्छुआत्छु बनाएको छ। नेपालजस्तो विकासोन्मुख देशलाई यसले झन् नराम्रोसँग असर पारेको छ। यसका कारण ६० लाख भन्दा बढी बालबालिकाको भविष्य अन्योल बनेको छ। बन्दाबन्दीको कारण लामो समयदेखि विद्यालय नखुल्दा बालबालिका घरमा बसेर घरको काम धन्दा गर्न बाध्य भएका छन् । अविभावकहरु आफ्ना छोराछोरीको भविष्यप्रति चिन्तित देखिन्छन्। सरकारले ठोस विकल्प दिन सकेको छैन। शिक्षकहरु के गर्ने ? के नगर्ने ? अन्योलमा छन्। उनिहरुसँग कुनै योजना छैन । अविभावहरु आफ्ना छोराछोरीलाई कोरोना भाइरसको संक्रमणबाट बचाउन र त्रसित वातावरणमा विद्यालय सञ्चालन गर्न भन्दा १ वर्ष पढाई क्षति भएपनि सहन बाध्य हुने विचार व्यक्त गर्छन् । यस्तो विषम परिस्थितिमा राज्य र स्थानीय सरकार थप उत्तरदायी बन्नुपर्ने देखिन्छ । सरकारले छिटोभन्दा छिटो सही निर्णय लिन सक्नुपर्छ । अविभावक र बालबालिकालाई अनिर्णयको बन्दी बनाउन हुँदैन । यसको मारमा दलित, गरिब, मजदुर र विपन्न परिवारका बालबालिका बढी परेका छन् । किनभने कुनै समय यी समुदायका बालबच्चाले घरमा बस्ने भाइबहिनी हेर्ने, बाबुआमालाई काममा सघाउने काममा व्यस्त थिए र शिक्षाको उज्यालो घाम ताप्न पाएका थिएनन्। अहिलेको अवस्थाले पुनः त्यही अवस्थामा त फर्काउने हैन भन्ने चिन्ता थपिएको हुँदा यस विषयमा राज्यले तत्काल निकास दिनुपर्ने हुन्छ।

❖❖❖

# कोरोनाको बन्दाबन्दी : बालबालिकाको सिकाइमा आयो मन्दी

खुशिसरा राना (बाजुरा)

## पृष्ठभूमि

सुदुरपश्चिम प्रदेश अन्तरगत बाजुरा जिल्लाको विकट खप्तड छेडेदह गाउँपालिका वडा नं. ४ मा रहेको श्री खापरदेवस्थली माविको स्थापना २०२० सालमा भएको हो । स्थापनाकालमा विद्यालयमा एक जना शिक्षक मात्र नियुक्त भएका थिए। क्रमशः २०३२ सालमा निमावि हुँदै २०५५ सालदेखि यो विद्यालयमा मावि तहसम्मको पठनपाठन हुने गरेको छ। विद्यालयको नामाकरण चाहीँ स्थानीय खापर देवताको सम्मानस्वरुप राखिएको पाइन्छ । विसं. २०७६ को विद्यालयको तथ्याङ्क अनुसार विद्यालयमा जम्मा ६५० जना विद्यार्थी अध्ययनरत रहेका छन् । जसमध्ये ३०४ जना छात्र र ३४६ जना छात्रा रहेका छन्।

सन् २०१९ को डिसेम्बरमा चीनको उहानबाट सुरु भएको कोभिड १९ अर्थात कोरोना भाइरसका कारणले विश्वकै जनजीवन प्रभावित बनिरहेको छ। पछिल्लो समयमा नेपालमा पनि यसको संक्रमण दिनप्रति दिन

बढ्दै गइरहेको छ। कोरोना भाइरसका कारण विश्वनै लकडाउनको अवस्थामा रहँदैगर्दा नेपालमा पनि विगत ४ महिना अघिदेखि लकडाउन जारी रहेको छ। सरकारले लकडाउनलाई केही खुकुलो गरेता पनि शैक्षिक संस्थाहरु भने बन्दनै रहेका छन् र कहिलेसम्ममा खुल्छन् केही आँकलन गर्न सकिने अबस्था छैन । कोभिड १९ ले बाजुरा जिल्लाका विभिन्न स्थानीय तहलाई प्रभावित पारेको छ। अप्रिल महिनामा बाजुरा जिल्लामा २ वर्षीय बालिकासहित आमा र १ जना बाजुरा स्थायी घरभई कालिकोटमा बस्दै गरेका पुरुष गरी ३ जनामा संक्रमण देखिएको थियो र उक्त संक्रमित २ वर्षीय बालिकाको कोरोनाका कारण मृत्यु भइसकेको छ। खप्तड छेडेदह गाउँपालिकामा पनि ४७ जना संक्रमित रहेका छन् भने वडा नं ४ मा १ जना कोरोना संक्रमित देखिएका छन्। यसको प्रभावले खप्तड छेडेदह गाउपालिकामा अवस्थित खापरदेवस्थली माध्यमिक विद्यालयको कार्यक्षेत्रमा रहेका बालबालिकाहरुलाई पनि प्रत्यक्ष रुपमा प्रभावित पारेको छ। खप्तड छेडेदह गाउँपालिकामा वडा नं. ४ खापरदेवस्थली माध्यमिक विद्यालयको अवस्था र यसको सेवा क्षेत्रको वास्तविकतालाई देखाउने प्रयास यस अध्ययनले गरेको छ।

## अध्ययनको सान्दर्भिकता तथा औचित्य

कोभिड १९ का कारणले यस विद्यालयको कार्यक्षेत्र तथा बालकबालिकालाई परेको प्रभावबारे अध्ययन गरी यसको न्यूनीकरणमा भूमिका निर्वाह गर्न र विद्यालयको चौतर्फी विकासमा के कस्ता कार्यक्रम विद्यालय, स्थानीय सरकार र अन्य सरोकारवाला निकायले लागू गर्न सक्छन् भन्ने बारे मार्ग प्रशस्त गर्न यस अध्ययनले सहयोग पुऱ्याउने विश्वास



लिइएको छ । कोभिड १९ को कारणले यस विद्यालयका बालबालिकाहरु घरमै बस्ने अवस्था आएको छ । यस अवस्थामा बालबालिकाहरुमा परेको अप्ठ्यारोको बारेमा अध्ययन गरी समाधानका उपायहरु यस अध्ययनले खोज्न खोजेको छ।

## अध्ययनको उद्देश्य

- कोरोना कहरका कारणले खापरदेवस्थली माध्यमिक विद्यालयको सेवा क्षेत्रका बालबालिका तथा किशोरकिशोरीहरुमा पारेको प्रभाव र सरोकारवाला निकायले गरेका क्रियाकलापको अध्ययन गर्ने।
- लकडाउनको समयमा यस विद्यालयले आफ्नो सेवा क्षेत्रका बालबालिकाको शैक्षिक तथा बालमनोसामाजिक क्षेत्रमा गरेका गतिविधिहरु र यीनले पारेको प्रभाव पहिचान गरी सुधार तथा निरन्तरताका लागि सुझाव प्रस्तुत गर्ने।

## अध्ययनको क्षेत्र

- यस अध्ययनले खापरदेवस्थली माध्यमिक विद्यालयको सेवा क्षेत्रको बालबालिकाको अवस्था तथा कोभिड १९ ले पारेको प्रभाव र लकडाउनको समयमा विद्यालयका गतिविधिहरु यस घटना अध्ययनका मुख्य क्षेत्र हुन्।

खुशिसरा राना (बाजुरा)



## मामलाको विस्तृत विवरण (अन्तरवस्तु)

- कोभिड १९ को कारणले भएको लकडाउनको प्रत्यक्ष प्रभाव खापरदेवस्थली माध्यामिक विद्यालयमा पनि परेको छ । यस विद्यालयमा अध्ययन गर्ने ६५० जना बालबालिकाहरु विद्यालय जान पाएका छैनन् । विद्यालयमा विद्यार्थी भर्ना अभियान पनि संञ्चालन गर्न सकिएको छैन भने कुनै किसिमको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा आएका छैनन् । त्यसैले बालबालिकाको पठनपाठनमा अवरोध आएको छ । विद्यार्थीहरु दैनिकरुपमा शिक्षण सिकाइ क्रियाकलापमा संलग्न हुनुपर्नेमा घरमा रहनुपर्दा उनीहरुको शिक्षण क्रियाकलाप अबरुद्ध भएको छ ।
- यस विद्यालयमा पढ्ने प्राथमिक विद्यालय उमेर समुहका २२६ जना बालबालिकाहरु मध्ये ४० जना बालबालिकाहरुसँग भेटघाट गरी जिज्ञासा राख्दा सबैजसोले आफूहरु दिनभर साथीभाइ मिलेर खेल खेल्ने, गोरु-बाख्रा चराउन जाने, घरायसी काम गर्ने गरेको बताए । माथिल्लो कक्षामा पढिरहेका बालबालिका पनि साथी समूहमा खेल्ने गरेको तथा घरकै काममा व्यस्त हुने गरेको पाइयो । बन्दाबन्दीको समयमा अभिभावकहरु खेतीपातीमा व्यस्त र बालबालिकाहरु घरमै बस्दा तिनीहरुको बौद्धिक विकासमा ध्यान नदिएको र बालबालिकाको शैक्षिक तथा बौद्धिक विकासमा बाधा उत्पन्न भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम बहादुर रावतको भनाइ रहेको छ ।
- स-साना उमेरका बालबालिकाहरुलाई कोभिड १९ का बारेमा ज्ञान तथा सचेतना नभएका कारणले समूहमा खेल्ने र डुल्नेजस्ता क्रियाकलाप गर्दा उनीहरु कोरोना भाइरस संक्रमणको जोखिममा रहेको देखिन्छ । यसका साथै अधिकांश किशोरकिशोरी वयका युवा विद्यार्थीहरुमा पनि भाइरसका प्रतिको त्रास, डर र भयका कारणले मानसिक तनाव भएको देखिन्छ ।
- सरकारले शैक्षिक क्षेत्रलाई अघि बढाउन टेलिभिजन र रेडियोबाट शिक्षण गर्ने कार्यक्रम सुरुवात गरेको देखिन्छ तर यस विद्यालयका सेवा क्षेत्रमा यसको कुनै प्रभाव छैन । स्थानीय रेडियोमार्फत यस्ता शैशिक कार्यक्रम सञ्चालन गर्न सक्यो भने त्यसको प्रभाव यहाँका बालबालिकाहरुमा पर्दथ्यो कि भन्ने देखिन्छ । खापरदेवस्थली माविका कम्प्युटर शिक्षक तथा लेखापाल श्री महेशराज जोशीले सरकार र विद्यालयको तर्फबाट बालबालिकालाई पढाइमा सहयोग पुग्ने कुनै पनि क्रियाकलाप संचालन गर्न नसकिएको बताउनु भयो । कोभिड १९ को प्रभावबारे खप्तड छेडेदह गाउँपालिका वडा नं. ४ गुदुखाती स्वास्थ्य चौकीका इन्चार्ज जनक बहादुर रावललाई बुझ्दा बालबालिकाको पढाइ अवरोध भएपनि यस अवधीमा उनीहरुमा हात धुने बानीको भने विकास भएको कुरा जानकारी दिनुभयो । यस

संकट तथा भोकमरीको अवस्थामा वडाबाट राहत वितरणले गरिब परिवारका बालबालिकालाई भने खाद्यान्नमा सहायोग पुगेको छ।

- समग्रमा भन्दा यस विद्यालयको बालबालिकाहरुमा शैक्षिक क्षेत्रमा ज्यादै नराम्रो प्रभाव परेको छ र उनीहरु सधैं खेलमा, मोबाइलमा भुल्ने गरेको पाइन्छ। यस क्षेत्रमा कोही पनि अभिभावक सक्रिय नभएको र सबै आ-आफ्नै काममा व्यस्त भएको र घरमा आफ्ना बालबालिकाको पढाइलाई प्रोत्साहन नदिने गरेको पाइन्छ । यसरी हेर्दा बालबालिकाको शैक्षिक क्षेत्र नराम्ररी प्रभावित भएको छ।

### अध्ययनबाट प्राप्त सबल पक्षहरु

- बालबालिकाले सरसफाइको महत्वबारे थाहा पाएका छन्।
- बालबालिकामा नियमित रुपमा साबुन पानीले हात धुनुपर्छ भन्ने बानीको विकास भएको छ।
- स्वास्थ्य सम्बन्धी विशेष ध्यान दिई पोषिलो खानेकुरा खानुपर्छ भन्ने सोच विकास भएको छ।
- बन्दको समयमा घरमा बसेर घरायसी कामहरु सिक्न बालबालिकाले अवसर पाएका छन्।
- बन्दको अवधीमा बालबालिकाहरुले परिवार हरुसँग बसेर समय बिताउन पाएका छन् जसका कारण परिवारहरुसँग अझ घनिष्ठ सम्बन्ध गाँसिएको पाइन्छ।

### अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- कोभिड १९ को बारेमा स-साना नानी बाबुहरुलाई पनि ज्ञान र जानकारी दिनु अती आवश्यक छ।
- बालबालिकामा रेडियो सुन्ने बानी कम रहेको छ। यस क्षेत्रको संचारको माध्यम रेडियो नै भएकोले सचेतनामूलक कार्यक्रम तथा सन्देश र



अन्य शैक्षिक कार्यक्रम सुन्नका लागि रेडियो तथा एफएम सुन्ने बानीको विकास गर्न आवस्यक छ।

- विद्यालयले वैकल्पिक पढाइ तथा शैक्षिक विकासका कार्यक्रमहरु अगाडि सार्न आवश्यक छ जसमा सबै सरोकारवाला निकायले सहयोग गर्न आवश्यक छ।
- अभिभावकले आफ्ना बालबालिकालाई घरमै अनिवार्य पढ्न प्रेरित गराई पढ्ने वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ।
- समाज तथा घरमा अलमलिएर बसेका बालबालिकाहरुलाई पढाइमा केन्द्रित गराउन विव्यस, शिक्षक अभिभावक संघ र सम्पूर्ण अभिभावकले सक्रिय भएर लाग्न आवश्यक छ, जुन पाइएको छैन।

### मामला अध्ययनबाट भएका मुख्य सिकाइहरु

- बालबालिकाले घरायसी कामहरु सिकेता पनि शैक्षिक उपलब्धिमा पछि परेको पाइएको छ। त्यसकारण अवस्थाको अध्ययनमा आधारित शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।
- अध्ययनसँग सम्बन्धित सुझावहरु
- बालबालिकालाई कोभिड १९ को बारेमा

खुशिसरा राना (बाजुरा)

ज्ञान दिनुका साथै यसबाट प्रभावित भएका बालबालिकालाई मानसिक रुपमा उर्जाशील बनाउन मनोविमर्श सेवा दिन जरुरी छ।

- कोभिड १९ को कारणले घरमा बसेका बालबालिकाको पढाइमा कसैको पनि सक्रियता नभएको, यसमा अभिभावकले नै आफ्ना बालबालिकाको पढाइमा सचेत गराउनुपर्ने आवश्यकता छ।
- यस विकट ठाउँमा राष्ट्रिय प्रसारणका टेलिभिजन कार्यक्रमलगायत रेडियोहरु नसुनिने भएकोले समुदायमै वैकल्पिक शिक्षणका कार्यक्रमहरु गर्नु आवश्यक छ। जस्तैः स्थानीय रेडियो शिक्षण कार्यक्रम, आजको सिकाइ आदान-प्रदान रेडियो कार्यक्रम, रेडियो क्वीज, समुदायमा लाउड अडियो शिक्षण कार्यक्रमजस्ता कार्यक्रम गर्न सिफारिस गरिन्छ।

## निश्कर्ष

निश्कर्षमा भन्नुपर्दा कोभिड १९ का कारणले गरिएको लक डाउनले बालबालिकाको शैक्षिक तथा मनोबैज्ञानिक क्षेत्रलाई प्रभावित तुल्याएको देखिन्छ। विद्यालय, विव्यस, शिअसंघ तथा अभिभावकहरुले समयमै आफ्ना बालबालिकाको भविष्यका बारेमा सोचेर वैकल्पिक शैक्षिक कार्यक्रमहरु सुरुवात गर्न अति आवश्यक छ। यस समयमा सकारात्मक कुराहरु सोची र लकडाउनको फुर्सदको समयमा लिन सकिने स्वर्णिम अवसरहरुको पहिचान गरी सार्थक जीवन जिउन सिक्नु र सिकाउनु पर्दछ ।

❖❖❖

# कोरोनाको कहर : पढ्ने खेल्ने बालबालिकाको रहर

टेक बहादुर थापा (बाजुरा)

## पृष्ठभूमि

मालिका माध्यमिक विद्यालय हालको बाजुरा जिल्ला खप्तड छेडेदह गाउँपालिका वडा नं. २ मा अवस्थित छ। विसं. २०१७ सालमा स्थापना भएको यो विद्यालय साविकको काडा र जयबागेश्वरी गाविसको पहिलो विद्यालय थियो। स्थापना कालका केही वर्ष धेरै कठिनाई भोगेको यस विद्यालयले वि.सं. २०२१ सालदेखि तत्कालीन सरकारबाट केही आर्थिक सहयोग प्राप्त गर्दै २०३२ सालमा नयाँ शिक्षा लागू भएपछि विद्यालयलाई नयाँ रुप दिई पूर्ण रुपमा सरकारी विद्यालयको परिचय पाएको थियो। २०७६ को विद्यालयको तथ्यांकअनुसार विद्यालयमा जम्मा १४ शिक्षक शिक्षिका रहेका छन् भने १ जना कार्यालय सहायोगी रहेका छन्। यस विद्यालयमा १९१ छात्र र १७९ जना छात्रा गरी जम्मा ३७० जना विद्यार्थी अध्ययनरत रहेका छन्।

सन् २०१९ डिसेम्बर मा चीनको उहानबाट फैलिएको कोभिड १९ ले बाजुरा जिल्लाका विभिन्न स्थानीय तहलाई प्रभावित गरेको छ। यसको प्रभाव खप्तड छेडेदह गाउँपालिकामा अवस्थित मालिका माध्यमिक विद्यालयको कार्यक्षेत्रमा रहेका बालबालिकाहरुलाई पनि परेको छ। खप्तड छेडेदह गाउँपालिका वडा नं. २

मालिमा माध्यमिक विद्यालयको अवस्था तथा यसको सेवाक्षेत्रको वास्तविकतालाई देखाउने प्रयास यस अध्ययनले गरेको छ।

## अध्ययनको सान्दर्भिकता  तथा औचित्य

विश्वयापी माहमारीको रुपमा फैलिएको कोभिड १९ अर्थात कोरोना भाइरसका कारणले यस विद्यालयको कार्यक्षेत्र तथा विद्यालयका बालकबालिकालाई पारेको प्रत्यक्ष असर तथा प्रभावबारे अध्ययन गरी यस प्रभावको न्यूनीकरणमा तथा बालबालिकाको चौतर्फी विकासमा के कस्ता कार्यक्रम विद्यालय, स्थानीय सरकार र अन्य सरोकारवाला निकायले लागू गर्न सक्छन् भन्नेबारे बाटो देखाउन यस अध्ययनले सहायता पुऱ्याउने छ। यस अध्ययनपश्चात विद्यालय, विभिन्न संघसंस्था तथा स्थानीय सरकारले बालबालिकामा परेको असरबारे केही न केही थाहा पाउने छन् र तिनीहरुले आफ्ना नीति तथा कार्यक्रममा बालबालिकालाई केन्द्रीत गरी लानेछन् भन्ने आशयका साथ यो अध्ययन गरिएको हो।

## अध्ययनको उद्देश्य

- कोभिड १९ का कारणले मालिका माध्यमिक विद्यालयको सेवाक्षेत्रका बालबालिका तथा किशोर किशोरीहरुमा पारेको प्रभाव र सो को विद्यालय तथा अन्य सरोकारवाला निकायले गरेको क्रियाकलापको अध्ययन गर्ने।
- लकडाउनको समयमा यस विद्यालयको सेवाक्षेत्रका बालबालिकाको शैक्षिक तथा बालमनोसामाजिक आदि क्षेत्रमा विद्यालयले गरेका गतिविधिहरु र यीनले पारेको प्रभाव पहिचान गरी सुधार तथा निरन्तरताका लागि चित्र प्रष्ट गर्ने।



## अध्ययनको क्षेत्र

यस अध्ययनले मालिका माध्यमिक विद्यालयको सेवा क्षेत्रको बालबालिकाको शारीरिक, मानसिक, मनोसामाजिक अवस्था तथा कोभिड १९ ले पारेको प्रभाव र लक डाउनको समयमा विद्यालयका गतिविधिहरु यस अध्ययनका मुख्य क्षेत्र हुन्।

## मामलाको विस्तृत विवरण (अन्तरवस्तु)

कोभिड १९ को कारणले भएको लकडाउनको प्रत्यक्ष प्रभाव मालिका माध्यमिक विद्यालयमा पनि परेको छ। कोभिड १९ को कारणले विद्यालयको सेवा क्षेत्रमा रहेका विद्यालय उमेर समूहका ४०० जना विद्यालय उमेरका बालबालिकाहरु विद्यालय जान नपाई घरमै रुमलिइरहेको अवस्था छ। विद्यालद्वारा पनि कुनै किसिमको शिक्षण सिकाइका वैकल्पिक क्रियाकलापहरु सञ्चालनमा आएका छैनन् । विद्यालयले प्रत्येक बर्षको बैशाख २० भित्र विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने गरेको थियो तर यस वर्ष विद्यालयले बिद्यार्थी भर्ना अभियान नै सञ्चालन गरेको छैन। शिक्षकहरु पनि घरमै बसिरहेका छन् भने बालबालिकाको पठनपाठनमा अबरोध आएको छ। दैनिकरुपमा शिक्षण सिकाइ क्रियाकलापमा संलग्न हुनुपर्ने बालबालिका घरमा रहनुपर्दा उनीहरुको शिक्षण क्रियाकलाप अबरुद्ध भएको छ।

टेक बहादुर थापा (बाजुरा)

विद्यालय परिवार, अभिभावक र अन्य सरोकारवालाहरुलाई यस परिस्थितिले चिन्तित र गम्भीर बनाएको भएता पनि बालबालिकालाई शिक्षण सिकाइका वैकल्पिक पाटाहरुको पहिचान भई यस विद्यालय क्षेत्रमा सुरुवात भएको देखिँदैन । यस विद्यालयमा पढ्ने प्राथमिक विद्यालय उमेर समूहका १८७ जना बालबालिकाहरु मध्ये ३५ जना बालबालिकाहरुलाई भेट गरी उनीहरुको क्रियाकलापबारे उनीहरुलाई नै सोध्दा सबै ३५ जना बालबालिकाहरुले नै दिनभर खेल खेल्ने, गोरु-बाख्रा चराउन जाने, घरको सामान्य गर्न सकिने काम गर्ने गरेका पाइयो । कोभिड १९ ले सबैभन्दा बढी निम्न तथा गरिब, विपन्न, दलित बेसहारा, निसाहय बालबालिकाहरु निरन्तर शिक्षा प्राप्त गर्न, सन्तुलित आहार उपभोग गर्न पाउन तथा उचित स्वास्थ्य तथा बौद्धिक विकासमा सहयोग पुग्ने क्रियाकालपबाट बञ्चित भएको देखियो । यसले स्पष्ट हुन्छ की १८७ जना बालबालिकाको नै पढाइमा ध्यान नभएको तथा उनीहरु खेल खेल्ने तथा काममै दिन बिताउने गरेको पाइन्छ । विद्यालय उमेर समूहका माथिल्लो कक्षामा पढिरहेका बालबालिका पनि साथी समूहमा खेल्ने गरेको तथा घरकै काममा व्यस्त हुने गरेको पाइयो ।

लक डाउनको समयमा बालबालिकाहरु विद्यालय नगएर घरमै बसेका तथा तिनीहरुका अभिभावकहरु खेतीपातीमा व्यस्त तथा रोपाइमा व्यस्त भएको कारण पनि बालबालिकाहरु बालबालिकाबाटै हिंसामा परेका तथा भैभगडा गरेको पनि पाइन्छ । विद्यालय जाने उमेरमा बालबालिकाहरु घरमै हुनु तथा अभिभावकले पनि तिनीहरुको बौद्धिक विकासमा ध्यान नदिनु नै बालबालिकाको शैक्षिक तथा बौद्धिक विकासको बाधक भएको देखिन्छ ।



स्वास्थ्यको हिसावले बालबालिकाहरु विशेषगरी सानो उमेरका बालबालिकाहरु कोभिड १९ प्रति सजग कम भएको पाइयो । समूहमा खेल्ने, समूहमा डुल्नेजस्ता क्रियाकलापहरु बालबालिकाबाट हुनुले कोभिड १९ को संक्रमणको सम्भावना हुन जान्छ, जसका कारणले बालबालिकालाई मात्र नभएर पूरै समाज प्रभावित हुने देखिन्छ । बालबालिकाहरु विदेशबाट भित्रिएर क्वारेन्टाइनमा बसेर घर आएका अभिभावकसँग रमाउने गरेको पाइएको छ ।

यस विद्यालय क्षेत्रमा रहेका किशोरकिशोरीहरु कोभिड १९ प्रति सजग र सचेत त पाइयो तर साथी समूहमा डुल्ने तथा खेल्नेजस्ता क्रियाकलाप तिनीहरुबाट पनि भएको पाइयो । अधिकांश किशोरकिशोरीहरुको हातमा मोबाइल रहेको र तिनीहरु भिडीयो हेर्ने, फेसबुक, म्यासेन्जर चलाउनेजस्ता क्रियाकलापहरु गर्ने गरेका र पढाइमा स्वतःस्फुर्त रुपमा नलागेको पाइएको छ । सुरु सुरुमा SEE दिने बालबालिकाहरु घरमै पढ्ने गरेका पाइएता पनि सरकारको विद्यालयलाई स्वमूल्यांकन गर्न दिने निर्णय पछि खुसी भएको तर पढाइलाई ध्यान नदिएको पाइयो । किशोरावस्थाका बालबालिकाहरु कोभिड १९ को कारणले अझ प्रभावित भएको पाइयो । के हुने हो ? कस्तो हुने हो ? कोरोना लागेपछि मरिने पो हो कि ? भन्ने त्रास तथा मनमा डर रहेको जस्ता कुराहरु बालबालिकाहरुले बताउनुहुन्छ । यसबाट थाह

हुन्छ की माथिल्लो उमेर समूहका बालबालिकालाई मनोबैज्ञानिक त्रासले छोएको छ । कोरोना प्रतिको त्रास पनि बेढेको छ, जसले बाल विकासमा त प्रभाव पार्ने देखिन्छ नै अझ रोग लागिहाले पछि झन कठिन अवस्था सिर्जना गर्ने देखिन्छ । सबैको मुखबाट कोरोनाको समाचार सुनिनाले र त्यस प्रतिका डरको कारणले अझ बालबालिका बढी डराउने गरेका पाइयो । बालबालिकाको मनमा के हुने हो ? कस्तो हुने हो ? जस्ता कुरा बारम्बार खेलिरहनुले पनि बालबालिका कोभिड १९ को अप्रत्यक्ष सिकार भएको देखाउँछ।

बालबालिकाको शैक्षिक अधिकार सुरक्षित गर्ने सिलसिलामा सरकारले असल अभ्यास, टेलिभिजनबाट शिक्षण, रेडियोबाट शिक्षणजस्ता कार्यक्रम त सुरुवात गरेको छ, तर यस विद्यालयका सेवाक्षेत्रमा यसको कुनै प्रभाव छैन । न त बालबालिकहरु टेलिभिजन नै हेर्छन् न त रेडियो नै सुन्छन् । यसले भोली गएर हुने शैक्षिक प्रतिस्पर्धामा यस क्षेत्रका बालबालिकाहरु पछाडि हुने अवस्था एकिनका साथ भन्न सकिन्छ। यस विद्यालयको सेवा क्षेत्रमा टेलिभिजनको पहुँच नभए पनि स्थानीय रेडियोमार्फत यस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्यो भने साथै तिनीहरुलाई रेडियो सुन्न प्रेरित गरेपछि मात्र केही हदसम्म शैक्षिक क्षेत्रमा यस क्षेत्रका बालकालिकालाई प्रतिस्प्रधी बनाउन सकिन्छ। मालिका माविका प्रअ श्री मन बहादुर बुढाले बताउनु भएअनुसार बालबालिकालाई पढाइमा सहयोग हुने कुनै पनि क्रियाकलाप विद्यालयको तर्फबाट तथा स्थानीय सरकारको तर्फबाट संचालन गर्न सकिएको छैन।

हुन त सरकारले शैक्षिक क्षेत्रलाई केही हदसम्म भए पनि निरन्तरता दिन विभिन्न कार्यक्रम संचालन गरेको भएता पनि यस क्षेत्रमा ३न सुबिधा समेत नचल्ने र सबै बालबालिका इन्टरनेटको पहुँचमा नरहेको र विभिन्न शैक्षिक एप्लिकेशन पनि यहाँको नेट स्पीडले प्रयोग हुन नसक्ने अवस्था रहेको छ। यसले प्रविधियुक्त शैशिक कार्यक्रम पनि यहाँ सम्भव नभएको कारणले पनि बालबालिकाहरुको शैक्षिक अवस्था अझ प्रभावित हुँदै गइरहेको छ।

## अध्ययनबाट प्राप्त सवल पक्षहरु

- घरमै बसोबास गरेर पनि घरायसी कामहरु सिक्ने अवसर बालबालिकाले पाएका छन् ।
- आफ्ना छोराछोरी छोडेर विदेश गएका अभिभावकहरु घरमा फर्केर बालबालिकासँगै रमाउन पाउँदा बालबालिका खुसी छन् । यस बन्दको अवधीमा बालबालिकाहरुले परिवार हरुसँग बसेर समय बिताउन पाएका छन् जसका कारण परिवारहरुसँग अझ घनिष्ट सम्बन्ध गाँसिएको पाइन्छ।
- अभिभावकदेखि बालबालिकाहरुमा हात धुनुपर्छ भन्ने चेतनाको विकास भएको छ।

## अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- विद्यालयले कुनै पनि वैकल्पिक शैक्षिक कार्यक्रम सुरुवात नगर्नु तथा तत्काल सुरुवातको योजना नहुनु नराम्रो पक्ष हो। विद्यालयले वैकल्पिक पढाइ तथा शैक्षिक विकासका कार्यक्रमहरु अगाडि सार्न आवश्यक छ जसमा सबै सरोकारवाला निकायले सहयोग गर्न आवश्यक छ।
- बालबालिकालाई अभिभावकको निगरानी हुन जरुरी छ । अभिभावकले बालबालिकालाई अनिवार्य पढ्न प्रेरित गर्नु पर्दछ। यस अवधिमा बालबालिकालाई वेवास्ता नगर्ने तथा घरमै विद्यालयको वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ।
- समाज तथा घरमा अलमलिएर बसेका

बालबालिकाहरुलाई पढाइमा केन्द्रीत गराउन विव्यस, शिक्षक अभिभावक संघ र सम्पूर्ण अभिभावकले सक्रिय भएर लाग्न आवश्यक छ, जुन पाइएको छैन।

- साना बालबालिकालाई पनि कोभिड १९ को बारेमा जानकारी पुऱ्याउन सकिरहेका छैन, यो हुन अती आवश्यक छ।

## मामला अध्ययनबाट भएका मुख्य सिकाइहरु

- घरमा बसेको समयमा बालबालिकाहरुले घरको काम त सिक्छन् तर शैक्षिाक उपलब्धी अपेक्षित मात्रामा हुन नसक्ने रहेछ भन्ने सिकाइ यस अध्ययनबाट भएको छ। यसका लागि अवस्थाको अध्ययनमा आधारित शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

## अध्ययनसँग सम्बन्धित सुझावहरु

- कोभिड १९ को कारणले प्रभावित भएका बालबालिकालाई मानसिक रुपमा उर्जाशील बनाउनका लागि मनोविमर्श सेवा दिन अति आवश्यक छ भने कोभिड १९ को बारेमा बुझाउन पनि त्यत्तिकै आवश्यक छ।
- समाज तथा घरमा अलमलिएर बसेका बालबालिकाहरुलाई पढाइमा केन्द्रित गराउन अभिभावकलाई नै बालबालिकाको पढाइमा सचेत गराउनुपर्ने आवश्यकता छ। अभिभावक शिक्षक कार्यक्रम यस अवस्थामा अति आवश्यक देखिन्छ।
- बालबालिककाको पढाइलाई निरन्तरता दिन बालबालिकालाईकेन्द्रीतगरीस्थानीयरेडियोमार्फत पढाइकक्षा तथा अन्य शैक्षिक कार्यक्रम संञ्चालन गर्नु उपयुक्त देखिन्छ। यसरी गरिने शिक्षण सिकाइका वैकल्पिक कार्यक्रमलाई सबैले सयोग गर्न आवश्यक छ।
- राष्ट्रिय प्रशारणका टेलिभिजन कार्यक्रममा सबैको पहुँच नभएको तथा विद्युतको आपूर्ति राती मात्र भएको र राष्ट्रिय प्रशारणका रेडियोहरु नसुनिने भएकोले समुदायमै वैकल्पिक शिक्षणका कार्यक्रमहरु जस्तैः स्थानीय रेडियो शिक्षण कार्यक्रम, आजको सिकाइ आदान-प्रदान रेडियो कार्यक्रम, रेडियो क्वीज, समुदायमा लाउड अडियो शिक्षण कार्यक्रमजस्ता कार्यक्रम गर्न सिफारिस गरिन्छ।

## निश्कर्ष

समग्रमा भन्नु पर्दा कोभिड १९ तथा लक डाउनले बालबालिकाको शैक्षिक तथा मनोबैज्ञानिक क्षेत्रलाई प्रभावित तुल्याएको देखिन्छ । बालबालिकाहरु शैक्षिक क्रियाकलापमा व्यस्त हुने यस समयमा घरमै बसेको र शैक्षिक क्रियाकलापहरु भन्दा पनि खेल तथा घरायसी काममा व्यस्त हुने गरेकाले भोलीको शैक्षिक प्रतिस्पर्धामा यहाँका बालबालिकाहरु असक्षम हुने भएकोले सरकार तथा सरोकारवाला निकायले वैकल्पिक मार्गहरुका बारेमा सोच्न आवश्यक छ। विद्यालय, विव्यस, शिअसंघ तथा अभिभावकहरुले समयमै आफ्ना बालबालिकाको भविष्यका बारेमा सोचेर वैकल्पिक शैक्षिक कार्यक्रमहरु सुरुवात गर्न अति आवश्यक छ। ❖❖❖

# कोभिड १९ ले बालबालिकाको सिकाइमा पारेको प्रभाव

टेक बहादुर थापा (बाजुरा)

## पृष्ठभूमि

बाजुरा जिल्ला भौगोलिक रुपले पछाडि र मानव विकास सूचकाङ्कमा पनि कमजोर जिल्ला हो । साविकको बाह्रबीस गाविसमा पर्ने श्री त्रिशक्ति माध्यमिक विद्यालय हालको बुढीगंगा नगरपालिका वडा नंः ९ मा पर्दछ । विसं. २००९ सालमा स्थापना भएको यस विद्यालयमा २०७६ को विद्यालयको तथ्यांकअनुसार विद्यालयमा जम्मा १८ शिक्षक, ४ शिक्षिका रहेका छन् भने २ जना कार्यालय सहयोगी रहेका छन् । यस विद्यालयमा ३१४ छात्र र ३९८ छात्रा गरी जम्मा ७१२ जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

सन् २०२० अप्रिल अन्त्यमा बाजुरा जिल्लामा पनि फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ ले बाजुरा जिल्लामा १ जना व्यक्ति संक्रमित भई कालिकोटमा उपचारार्थ रहेपछि यसको त्रासको प्रभाव बाजुरा जिल्लामा पर्न गई लकडाउनको पूर्ण परिपालनासँगै विद्यालयहरु पूर्ण रुपमा बन्द भै कतिपय विद्यालयलाई क्वारेन्टिन बनाइएको थियो । यसै अन्तर्गत यो विद्यालय पनि क्वारेन्टिनमा परिणत भएको थियो । परिणामस्वरुप विद्यालयका सबै प्रकारका गतिविधिहरु ठप्पप्रायः रहेको अवस्था छ ।

## अध्ययनको सान्दर्भिकता तथा औचित्य

कोभिड १९ ले त्रिशक्ति माध्यमिक विद्यालय र यसको सेवा क्षेत्रमा पारेको प्रभावको बारेमा अध्ययन गरी यसको वास्तविकताबारे प्रष्ट गर्नु यस अध्ययनको औचित्य रहेको छ ।

## अध्ययनको उद्देश्य

- कोभिड १९ को कारणले भएको लकडाउनले त्रिशक्ति माध्यमिक विद्यालय र यसको सेवाक्षेत्रका बालबालिकालाई पारेको प्रभावको अध्ययन गर्ने ।
- कोभिड १९ का कारणले यस विद्यालयका बालबालिकाको विभिन्न क्षेत्रमा परेको सकारात्मक र नकारात्मक असरको अध्ययन गरी सुधारको लागि सुझाव प्रस्तुत गर्ने ।

## अध्ययनको क्षेत्र

- त्रिशक्ति माध्यमिक विद्यालय
- त्रिशक्ति माध्यमिक विद्यालयको सेवा क्षेत्रका बालबालिका
- त्रिशक्ति माध्यमिक विद्यालयका सरोकारवालाहरु

## मामलाको विस्तृत विवरण (अन्तरवस्तु)

नेपालमा भएको कोभिड १९ को प्रभाव तथा लकडाउनको कारणले श्री त्रिशक्ति माध्यमिक विद्यालय पनि प्रभावित भएको छ । लकडाउनका कारणले विद्यालयको सेवाक्षेत्रमा रहेको ७१२ जनाभन्दा बढी बालबालिकाहरु घरमै खेल्ने तथा घरायसी काम गर्ने गरेका छन् । सरकारले विभिन्न वैकल्पिक सिकाइका विधिहरु प्रयोग गर्न आग्रह गरेको भएता पनि यस विद्यालयबाट कुनै पनि किसिमका शिक्षण सिकाइका वैकल्पिक क्रियाकलापहरु सञ्चालनमा आएका छैनन् । यस विद्यालयमा पढ्ने विद्यालय उमेर समूहका बालबालिकाहरु दिनभर खेल खेल्ने, गोरु-बाख्रा चराउन जाने र घरको काम गर्ने गरेको पाइयो । बन्दाबन्दीको समयमा बालबालिकाहरु



विद्यालय नगएरै घरमा बसेका तथा तिनीहरुका अभिभावकहरु खेतीपातीमा तथा रोपाई आदि काममा संलग्न भएको कारणले पनि बालबालिकाहरु आपसमा भै-भगडा गर्ने गरेको पनि पाइन्छ।

स्थानीय सरोकारवालाहरु, विद्यालय परिवार तथा अभिभावक यस परिस्थितिप्रति चिन्तित भएता पनि बालबालिकालाई शिक्षण सिकाइको वैकल्पिक मार्गको सुरुवात गरेको भने देखिंदैन। विद्यालय जाने उमेरका बालबालिकाहरु घरमै हुनु तथा अभिभावकले पनि तिनीहरुको बौद्धिक तथा शैक्षिक विकासमा ध्यान नदिनु नै बालबालिकाको शैक्षिक तथा बौद्धिक विकासको बाधक बन्नु हो भनेर विद्यालयका प्रअ डम्मरप्रसाद उपाध्याय भन्नुहुन्छ। तर पनि विद्यालयको तर्फबाट केही गरेको देखिंदैन।

महामारीले सबैभन्दा बढी निम्न तथा गरिब, अपाङ्ग, विपन्न, दलित, वेसहारा बालबालिकालाई खाद्यान्न संकटको समस्याले पनि घेरेको र शिक्षाबाट बञ्चित गराएको देखिन्छ । यो परिस्थितिमा समुदायमा रहेका बालबालिकाहरुले साथी समूहमा डुल्ने तथा खेल्नेजस्ता क्रियाकलापहरु गर्ने गरेका छन्। अधिकांश बालबालिकाको हातमा मोबाइल रहेको र तिनीहरु भिडियो हेर्ने, फेसबुक, म्यासेन्जर चलाउनेजस्ता क्रियाकालपहरु गर्ने गरेका तर पढाइमा ध्यान नदिने गरेका छन्। बालबालिकाहरु विशेष गरी सानो उमेरका बालबालिकाहरुमा कोरोना भाइरसको नाम सुनेको तर यस प्रतिको सजगताबारे कम जानकारी भएको पाइयो । बालबालिकाहरु समूहमा खेल्ने, समूहमा डुल्नेजस्ता क्रियाकलापहरु बालबालिकाबाट हुने गरेको छ । यसले बालबालिकालाई मात्र नभई सिङ्गो समुदाय प्रभावित हुने सम्भावना देखिन्छ । बालबालिकाहरु कोभिड १९ प्रति त्रसित र भयभित भएको पाइन्छ। सबैको मुखबाट कोरोनाको समाचार सुन्ने गरेकाले बालबालिका अझ त्रसित हुने गरेका छन् । पछिल्लो समयमा सुरक्षाका उपायको प्रयोग विस्तारै घट्दो क्रममा छ। कोरोनाको सुरुवाती समयमा सामाजिक दुरी तथा मास्क प्रयोग सबैले गरेको पाइएता पनि विस्तारै यसप्रति बालबालिकाहरु तथा समुदायका अभिभावकहरुले हेल्चेक्रयाई गरेको पाइन्छ।

शैक्षिक वैकल्पिक कार्यक्रमहरु टेलिभिजन र रेडियोमार्फत प्रसारण भएका तर सबै बालबालिकाहरु यसको पहुँचमा छैनन्। अझ टेलिभिजनको पहुँचका हिसाबले शुन्यको अवस्था छ। प्रायः सबैको पहुँचमा रेडियो भएकोले स्थानीय रेडियो बार्जु, रामारोसन तथा रेडियो बाजुरा र पौरखीमार्फत यस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्यो भने केही हदसम्म शैक्षिक क्षेत्रमा टेवा पुग्ने कुरा वुनपा ९ की वडा सदस्य तथा नगरपालिका प्रवक्ता माया शाहले सुनाउनुभयो।

## अध्ययनबाट प्राप्त सवल पक्षहरु

- अभिभावकदेखि बालबालिकाहरुमा हात धुनुपर्छ भन्ने चेतनाको विकास भएको छ।
- बालबालिकाहरु साथिभाइसँग खेल खेल्ने, घुम्ने अवसर पाएकोमा खुशी देखिन्छन्।
- घरमै बसिरहेकाले बालबालिकाले घरयासी कामहरु सिक्ने अवसर पाएका छन्।
- बन्दाबन्दीको अवधीमा बालबालिकाहरुले

परिवारहरुसँग बसेर समय बिताउन पाएका छन् जसका कारण परिवारका सदस्यहरुसँग अझ घनिष्ठ सम्बन्ध विकास भएको देखिन्छ।

## अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- यस अवधिमा बालबालिकालाई अभिभावकले वेवास्ता नगर्ने तथा घरमै विद्यालयको वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ।
- बालबालिकाले स्वअध्ययन गर्न आवश्यक देखिन्छ।
- समुदाय तथा घरमा बसिरहेका बालबालिकाहरुलाई पढाइमा केन्द्रीत गरी सिकाइलाई निरन्तर गराउन आवश्यक छ।
- विद्यालयले यथाशक्य उपयुक्त वैकल्पिक शैक्षिक विधिमार्फत शैक्षणिक क्रियाकलाप सुरु गर्नुपर्ने देखिन्छ।
- मामला अध्ययनबाट भएका मुख्य सिकाइहरु
- बन्दाबन्दीको समयमा बालबालिकाहरुले घरको काम त सिक्छन् तर शैक्षिक अवस्थामा भने ह्रास आएको छ, तसर्थ शैक्षिक कार्यक्रमको निरन्तरताका लागि स्वअध्ययन तथा वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्नु राम्रो हुन्छ।
- बालबालिकाहरु अभिभावकसँग घरमा बस्दा घरायसी कामकाज र आधारभूत सीप सिक्नमा समय बितेको देखिन्छ।

## अध्ययनसँग सम्बन्धित सुझावहरु

- कोभिड सङ्कटका कारणले प्रभावित भएका बालबालिकालाई उर्जाशील बनाउन मनोविमर्श सेवा उपलब्ध गराउन अति आवश्यक छ।
- विद्यालयले वैकल्पिक पढाइ तथा शैक्षिक विकासका कार्यक्रमहरु अगाडि वढाउन आवश्यक छ।



- अभिभावकले आफ्ना बालबालिकालाई वेवास्ता नगर्ने तथा स्वअध्ययनमा सघाउने गर्नुपर्ने हुन्छ।
- बालबालिककाको पढाइलाई निरन्तरता दिन विद्यालयले वैकल्पिक पढाइ तथा शैशिक विकासका कार्यक्रमहरु र स्थानीय रेडियोमार्फत कार्यक्रम गनुपर्ने हुन्छ, तबमात्र शैक्षिक प्रगतीलाई केही हदसम्म सन्तुलनमा राख्न सकिन्छ।

## निश्कर्ष

सारमा भन्नुपर्दा लामो समयसम्मको लकडाउनले बालबालिकाको शैक्षिक तथा मनोबैज्ञानिक क्षेत्रलाई प्रभावित पारेको देखिन्छ। बालबालिकाहरु शैक्षिक क्रियाकलापमा व्यस्त हुने यस समयमा घरमै बसेको र शैक्षिक क्रियाकलापहरु भन्दा पनि खेल तथा घरायसी ाकाममा व्यस्त हुने गरेको अवस्थाले भावी दिनमा शैक्षिक प्रतिष्पर्धामा बालबालिकाहरु सवल नहुने भएकोले स्थानीय सरकार तथा सरोकारवाला निकायले वैकल्पिक मार्गहरुका बारेमा सोच्न आवश्यक छ। विद्यालयको विव्यस, शिअसंघ समयमै गठन भई शैक्षिक योजना निमार्ण गर्न आवश्यक देखिन्छ। समयमै आफ्ना बालबालिकाको भविष्यका बारेमा सोचेर विद्यालय सञ्चालन तथा वैकल्पिक शैक्षिक कार्यक्रमहरु सुरुवात गर्न अति आवश्यक छ।

❖❖❖

टेक बहादुर थापा (बाजुरा)

# वैकल्पिक सिकाइको रुपमा टोल शिक्षण

टेक बहादुर थापा (बाजुरा)

## पृष्ठभूमि

बाजुरा जिल्ला बुढिनन्दा नगरपालिका वडा नं. २ मा पर्ने बुढिनन्दा आधारभूत विद्यालय (नमुनाउन्मुख विद्यालय) ले टोल शिक्षण कार्यक्रम सुरुवात गरेको थियो । कोभिड–१९ को महामारी र लकडाउनको अवस्थामा वैकल्पिक सिकाइको रुपमा टोल शिक्षण कार्यक्रम सुरुवात गरेको हो । यो कार्यक्रम २०७७।०३।१५ बाट विद्यालय सेवाक्षेत्र भित्रका ८ वटा समूह बनाई हप्ताको २ दिनका दरले टोल शिक्षण गरिँदै आइराखेको छ । यो बुढिनन्दा आधारभूत विद्यालयको स्थापना वि.सं. २०४७ सालमा भएको थियो । अहिले कक्षा १ देखि ५ सम्म अध्ययन अध्यापन भइरहेको छ । यस विद्यालयमा  २ पुरुष ६ महिला गरी जम्मा ८ जना शिक्षकहरु रहेका छन् । शैक्षिक सत्र २०७६ मा जम्मा १९६ बालबालिकाहरु अध्ययनरत थिए भने यस शैक्षिक सत्र २०७७ मा जम्मा १६५ छात्रछात्राहरु भर्ना भएका छन् । शैक्षिक उपलब्धी हेर्दा वि.सं. २०७४ को ४८ प्रतिशत, वि.सं. २०७५ को ५१ प्रतिशत र वि.सं. २०७६ को ५५.५ प्रतिशत रहेको छ । यस विद्यालयले वैकल्पिक सिकाइको रुपमा टोल शिक्षण कार्यक्रम एनसिई नेपाल, एक्सन एड नेपाल र पीसविनको समन्वयमा सुरुवात गरेको थियो । यि कक्षाहरुमा कोभिड–१९, पाठ्यपुस्तक, मनोसामाजिक विमर्श प्रदान गर्ने र विद्यार्थीहरुको अनुगमन गर्ने जस्ता विषयवस्तुका बारेमा करिव २ घण्टा सम्म छलफल गरिन्छ । सबै कक्षामा सबै विद्यार्थीहरु र पीसविनका स्टाफहरु सहभागी हुन्छन् ।

## अध्ययनको सान्दर्भिकता तथा औचित्य

वि.सं. २०७६ चैत ११ गते बाट कोभिड–१९ को महामारीको संक्रमण नियन्त्रण गर्नका लागि नेपालमा लकडाउन भएको अवस्था छ । यो रोगको औषधी नभएको र घरमै बस्ने बाहेक अन्य कुनै उपाय नभएकोले लकडाउन गर्न बाहेक कुनै उपाय थिएन । लकडाउनले गर्दा मानव जीवनको हरेक क्षेत्रमा असर पारेको छ, त्यसमा पनि शैक्षिक क्षेत्रमा त झन् असर पारेको छ । शैक्षिक सत्रको पाँचौ महिना चल्दै गर्दासम्म पनि विद्यालय खुल्ने अत्तोपत्तो छैन । यसै अवस्थालाई उपयोगी बनाउन वैकल्पिक शिक्षाका रुपमा समुदाय कक्षा वा टोल शिक्षणलाई अपनाइएको हो ।

## अध्ययनको उद्देश्य

- लकडाउनको समयमा पनि विद्यार्थीलाई शिक्षण सिकाइबाट टाढा हुन नदिनु ।
- विद्यार्थी र अभिभावकलाई कोरोनाका लक्षण र बच्ने उपायबारे परामर्श दिनु र अभिभावकलाई आफ्नो बालबालिकाको अध्ययन अध्यापनप्रति सचेत गराउनु ।
- वैकल्पिक शिक्षाको अवधारणा विस्तार गर्नु ।

## अध्ययनको क्षेत्र

- बाजुरा जिल्ला बुढिनन्दा नगरपालिका वार्ड नं. २ मा पर्ने बुढिनन्दा आधारभूत विद्यालय (नमुनाउन्मुख विद्यालय) ले टोल शिक्षण कार्यक्रम सुरुवात गरेको थियो । यस विद्यालयले वैकल्पिक सिकाइको रुपमा टोल शिक्षण कार्यक्रम एनसिई नेपाल, एक्सन एड नेपाल र पीसविनको समन्वयमा सुरुवात गरेको थियो ।

## मामलाको विस्तृत विवरण (अन्तरवस्तु)

यस विद्यालयले वैकल्पिक सिकाइको रुपमा टोल शिक्षण कार्यक्रम एनसिई नेपाल, एक्सन एड नेपाल र पीसविनको समन्वय 29 May 2020 मा Microsoft team मार्फत छलफल गरेको थियो। एनसिई नेपालका महासचिव लाल बहादुर ओलीको परामर्शसहित बुढिनन्दा आधारभूत विद्यालय र पीसविनको आपसी छलफलपश्चात बुढिनन्दा न. पा. का जनप्रतिनिधिसँग अनौपचारिक छलफल गरी अभिभावकलाई सुचित गरियो। अभिभावकको सहमतिमा सेवाक्षेत्र छनौट गरी सेवाक्षेत्र भित्रको ८ समूह बनाई कक्षा संचालन गरियो।

बुढिनन्दा आधारभूत विद्यालयले उदाहरणीय कार्य गरेको र सकारात्मक सोचसहित कार्य गरेमा असम्भव केही पनि छैन भन्ने प्रमाणित गरेकोमा बुढिनन्दा नगरपालिकाका उपमेयर सृष्टी रेग्मीले खुशी प्रकट गर्नुभयो। विद्यालयले गरेको कामको सबै क्षेत्रबाट प्रशंसा भएको पाइन्छ। आफ्ना शिक्षकहरु समुदायमा नै आएर शिक्षण सिकाइ गतिविधिमा सम्लग्न गराएकोमा विद्यार्थी जगदिश तिरुवाले खुशी व्यक्त गरे। छिमेकी विद्यालय जनप्रकाश माविका प्रधानाध्यापक अनोजराज गिरीले बुढिनन्दा आधार भूत विद्यालयको सत्प्रयासको मुक्त कण्ठले प्रशंसा गर्दै यसको सिको अरु विद्यालयहरुले पनि गर्नुपर्नेमा जोड दिनुभयो। विद्यालयका शिक्षकहरु पनि टोल पढाइ गतिविधिबाट हर्षित देखिन्छन्। विद्यालयका शिशिका कला कार्कीले घरमा बस्नुभन्दा समुदायमा पुगेर शिक्षण गर्दा आफूलाई आनन्दानुभूती भएको बताउनुभयो। सबै शिक्षक साथीहरु र सरोकारवाला पक्षहरुको सक्रियतामा अभियान सफल बन्ने कुरामा विद्यालयका प्रधानाध्यापक वृजन बहादुर शाहीले विश्वास व्यक्त गर्नुभएको छ।

## अध्ययनका सवल पक्षहरु

- शिक्षक, विद्यार्थी र अभिभावक बीचमा सदाचार कायम गर्न।
- अध्ययन अध्यापन क्रियाकलाप समुदायस्तर मै गर्न।
- समुदाय शिक्षणमा अभिभावकको सहयोग बढाउन।
- कोरोनाको संक्रमण बढ्न नदिनु।
- अरु विद्यालयभन्दा फरक गर्न पाएकोमा शिक्षक पनि खुसि भएको।
- सरकारी विद्यालय र शिक्षक कमजोर र अल्छी हुन्छन् भन्ने अभिभावकको सोचलाई चुनौती दिएको।

## अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- कोरोना बिरुद्ध सचेतना फैलाउने।
- टोल शिक्षणको समयावधी बढाउदै जाने।
- अभिभावकलाई आफ्ना बालबालिकाको पढाइप्रति सचेत बनाउने।
- विद्यालय स्टाफहरुको निरन्तर बैठक र छलफलका साथै आवश्यक तालिम दिने।
- स्थानीय सरकार अन्तरगतका शिक्षा शाखाहरुसँग समन्वय गर्ने।
- समुदायमा विद्यार्थी बोलाउने र जम्मा पार्ने स्वयंसेवक छनौट गर्ने।

## मामला अध्ययनबाट भएका मुख्य सिकाइहरु

- कुनै पनि व्यक्तिलाई राम्रो र उदाहरणीय बनाउन आर्थिक सहयोग भन्दा पनि राम्रो योजना, विचार, सोच र परामर्श आवश्यक हुन्छ।
- यस्तो महामारीको अवस्थामा वैकल्पिक शिक्षाले विद्यार्थीको खस्किँदो सिकाइलाई जोगाउन सहयोग गरेको छ।

टेक बहादुर थापा (बाजुरा)

- अहिलेको महामारीको अवस्थामा वैकल्पिक शिक्षामा अन्य विधिभन्दा टोल शिक्षण विश्वसनीय भएको छ।

### अध्ययनसँग सम्बन्धित सुझावहरु

- समुदाय शिक्षणले कोरोना र अन्य सरुवा रोगहरु सर्ने जोखिम कम हुने।
- समुदाय शिक्षणमा पीसविनका स्टाफमात्र नभई नेता, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, जेष्ठ नागरिक र अन्य बुद्धिजीवीलाई पनि सहभागी गराउने।
- प्रत्येक कक्षा संचालन गर्दा उपस्थिति उठाउनुपर्ने।
- प्रत्येक कक्षा संचालन गर्दा फोटो र भिडियो लिनुपर्ने।

### निश्कर्ष

कोभिड–१९ को महामारी र लकडाउनको अवस्थामा वैकल्पिक सिकाइको रुपमा टोल शिक्षण कार्यक्रम सुरुवात गरिएको हो । यि कक्षाहरुमा कोभिड–१९, पाठ्यपुस्तक, मनोसामाजिक विमर्श प्रदान गर्ने र विद्यार्थीहरुको अनुगमन गर्नेजस्ता विषयबस्तुका बारेमा करिव २ घण्टा सम्म छलफल गरिन्छ।

❖❖❖

# बन्दाबन्दीले शिक्षामा पारेको असर

टेक बहादुर थापा (बाजुरा)

### पृष्ठभूमि

वि. सं. २०७६ चैत ११ गतेदेखि नेपाल सरकारले कोरोना संक्रमण कम गर्न लकडाउन गरेको थियो। लकडाउनले कोरोना संक्रमण कमी त भयो तर मानिसको जनजीवन लगायतका अन्य विभिन्न क्षेत्रमा अपत्यारिलो क्षति पुऱ्याएको छ । त्यस्तै शिक्षा क्षेत्रमा पनि पूर्ण क्षति भएको छ। ५ महिनादेखि विद्यालयहरु बन्द रहेको अवस्था छ। बाजुरा जिल्लाको उत्तरी भेगको क्षेत्रमा ११ वटा निजी विद्यालयसहित जम्मा ५८ विद्यालय र करिब ९,००० जति विद्यार्थी रहेका छन्। विद्यार्थीको पढाइलाई निरन्तरता दिनका लागि वैकल्पिक उपायको रुपमा रेडियो कक्षा सुरुवात गरिएको भएता पनि पूर्णता पाउन सकेको अवस्था छैन, किनभने सबैको पहुँचमा रेडियो नभएको अवस्था छ। तर पनि यतिले मात्र सबै विद्यार्थीका लागि सम्भव छैन।

### अध्ययनको सान्दर्भिकता तथा औचित्य

कोभिड १९ बाट बच्नका लागि लकडाउन गर्न बाहेक अन्य उपाय नभएको हुँदा नेपाल सरकारले लकडाउनको घोषणा गरेपश्चात मानिसको जनजीवन लगायतका अन्य विभिन्न क्षेत्रमा अपत्यारिलो क्षति पुऱ्याएको छ। माहमारीको रुपमा फैलिएको कोभिड १९ अर्थात कोरोना भाइरस कारणले यस भेगका विद्यालयहरुमा र समुदायमा तथा विद्यालयका बालकबालिकालाई पारेको प्रत्यक्ष असर तथा प्रभावबारे अध्ययन गरी यसको असर न्यूनीकरणमा तथा बालबालिकाको चौतर्फी विकासमा के कस्ता कार्यक्रम विद्यालय, स्थानीय सरकार र अन्य सरोकारवाला निकायले लागू गर्न सक्छन् भन्नेबारे बाटो देखाउन यस अध्ययनले सहायता पुऱ्याउने छ । अध्ययनपश्चात विभिन्न स्थानीय निकाय तथा सरोकारवालाहरुलाई जानकारी पाउन यस अध्ययनले सहयोग पुग्ने छ।

## अध्ययनको उद्देश्य

- शिक्षा क्षेत्रमा कोभिड १९ तथा लकडाउनको प्रभावका बारेमा जानकारी लिने ।
- कोभिड १९ तथा लकडाउनको अवधिमा विद्यार्थी र अभिभावक बीचको समझदारी बढाई वैकल्पिक उपाय अपनाउनका लागि सहयोग गर्ने ।
- विद्यार्थीको शिक्षा र भविष्यप्रति स्थानीय सरोकारवालालाई उत्तरदायी बनाउने ।

## अध्ययनको क्षेत्र

कार्यक्षेत्रका विभिन्न वडाहरुमा रहेका विद्यार्थीहरुसँग छलफल गरी अध्ययन गर्दा लकडाउनले धेरै असर पारेको छ । यसमा समावेश गरिएका सम्पूर्ण सुचना अभिभावक र विद्यार्थीहरुसँग प्रत्यक्ष र फोनमार्फत लिइएको छ । कोभिड १९ ले पारेका प्रभाव जस्तैः मनोसामाजिक, भावनात्मक, सामाजिक, शिक्षा, स्वास्थ्य क्षेत्र रहेका छन् ।

## मामलाको विस्तृत विवरण (अन्तरवस्तु)

यो अध्ययनले बालबालिकाको शिक्षामा कोरोनाले पारेको असर र प्रभावलाई देखाएको छ। यस अध्ययनका बारेमा विभिन्न सरोकारवाला, विद्यालय व्यवस्थापन समिति, स्थानीय जनप्रतिनिधिसँग छलफल गरी तथ्याङ्क र सुचना लिएको हो । कतिपय अवस्थामा सुचनाहरु फोनबाट र प्रत्यक्ष भेटघाटबाट पनि लिने काम गरियो । जनप्रतिनिधि अभिभावक, विद्यार्थी र स्थानीय तहका आवाज समावेश गरिएको छ । अघिल्ला वर्षहरुमा यस क्षेत्रका विद्यालयले बैशाखको पहिलो सातामा भर्ना अभियान संचालन गरी निरन्तरता दिने कार्य भइसकेको हुन्थ्यो । तर संसारभर फैलिएको कोभिड १९ का कारणले विद्यालयका नियमित कार्यमा पूर्णरुपमा असर पुग्न गयो । यस भेगका करिव ९,००० बालबालिकाहरु विद्यालय जानबाट वञ्चित हुन पुगे तथा दैनिक रुपमा पढ्नमा व्यस्त हुने बालबालिकाहरु अलमलमा पर्न गए । बालबालिकाहरु विद्यालय जान नपाएपछि घरमै बस्ने, आफ्ना अभिभावकहरुसँगै पशुपालन तथा खेतीबालीको कार्यमा व्यस्त हुने, खोलातिर जानेजस्ता कार्यमा सम्लग्न हुन थाले भने बालबालिकाहरुको पढाइप्रति वास्ता हुन छोडेको देखियो । उनीहरुको वैकल्पिक शिक्षाका बारेमा स्थानीय निकायले कुनै ठोस योजना बनाएको पाइएन । स्थानीय एक विद्यालयका प्रअका अनुसार यस क्षेत्रका विद्यालयहरुमा कोभिड १९ ले नराम्ररी प्रभाव पारेको छ । न बालबालिका विद्यालय जान पाएका छन्, न अभिभावकहरुले बालबालिकाहरुको शिक्षामा ध्यान दिएकाछन्, न कनै पनि स्थानीय निकायहरुले चासो देखाएको छ । यसरी कोभिड १९ को त्रास फैलिँदै जाने हो भने बालबालिकाहरुको पढाइ नराम्ररी बिग्रने स्थिति देखिएकोमा स्थानीयहरुले चिन्ता प्रकट गर्दछन् ।



## केही स्थानीय सरोकारवाला तथा अभिभावकहरुको भनाइ

- मेरा छोरा छोरीलाई भन्दाभन्दा हैरान भैसकेँ न भनेको मान्छन्, न खेल्न र घुम्न जान्छन् । *(कल्पना धामी, देवराज धामीको आमा, सत्य मावि पाण्डुसैन, कक्षा ८ का विद्यार्थी)*

- बच्चाहरु घरमा एकछिन बस्दैनन् कि खोलामा नुहाउन जान्छन् कि माछा मार्छन् । *(रामकला सार्की, चन्दीका सार्की र आरती सार्कीको आमा, भवानी आ.वि.हिमाली गाउँपालिका)*
- बालबालिकाहरु घरमा बस्न मान्दैनन् न अभिभावकले भनेको नै मान्छन् । म प्रार्थना गर्छु कि चाँडै विद्यालय खोलिउन् । *(बलरुप धामी, पदम धामीको बुवा,सत्य मा.वि पाण्डुसैन, कक्षा ८ का विद्यार्थी)*
- हामीले विद्यार्थीहरु घरमा बसेर पढ्नु भनेर किताबहरु वितरण गरेका थियौं, तर धेरैजसो विद्यर्थीहरुले नपढेको पाइयो । *(सुरेन्द्र मल्ल, वडा अध्यक्ष, हिमाली गाउँपालिका ६ )*
- विद्यार्थीहरुको विद्यालयमा मात्र पढ्ने, घरमा पढ्नु हुँदैन भन्ने बानीले नराम्रो असर पारेको छ । *(सतवीर बोहोरा, अभिभावक)*
- मेरो छोराको परीक्षा भएको थिएन यस कारण उसलाई तँ पास भइस् भन्दा पनि मान्दैन । *(राजेन्द्र नाथ,अभिभावक)*
- मलाई घरमै बसिरहन अल्छी लाग्थ्यो तर मेरो बुवाले मलाई चित्र बनाउन सहयोग गर्नु भयो । र मलाई चित्र बनाउन रमाइलो लाग्यो । *(निजेश शाही, विद्यार्थी)*



- विद्यालय नखुलेकाले बालबालिकाको शिक्षामा फितलो भएको, तिनीहरु आफ्नो पढाइप्रति चिन्तित नभएको त्यसैका कारण बालविबाह, दुर्व्यवहार र विभिन्न घटनाहरु हुने देखिएको छ, यसैले अभिभावकको कार्य बोझ पनि बढेको छ। *(बृजन बहादुर शाही, प्रधानाध्यापक, बुढिनन्दा आ. वि.)*
- लकडाउनले गर्दा विधार्थीको पढाइमा असर परेको छ साथै शिक्षकसँग भेट्न र खेल्न नपाउँदा तिनीहरु मानसिक रुपमा कमजोर हुन्छन् । *(जीवन गुरुङ, शिक्षक, सुजन बोर्डिङ स्कुल)*

बालबालिकाहरु कोरोनाको त्रासबाट त प्रभावित छँदैछन्, यस क्षेत्रका स्थानीय समुदायका अभिभावकहरु पनि निकै त्रासमा देखिएका छन् । प्रायः व्यक्तिहरुमा मनोबैज्ञानिक समस्या देखा परेको छ भने समुदाय स्तरमा सामाजिक दूरी बढ्नाले एकअर्का प्रतिको सहानुभूति देखाउने क्रियकलापहरुमा प्रभाव देखिएको छ। यसैगरी यस क्षेत्रको व्यापार व्यवसायमा परेको असरले आर्थिक क्रियाकलापहरुमा पनि निकै प्रभाव पारेको देखिन्छ। यस्ता समस्याहरु कम गर्न सबै पक्षबाट पहल हुन जरुरी देखिन्छ।

### अध्ययनबाट प्राप्त सवल पक्षहरु

- बालबालिकाहरुले आफ्ना अभिभावकहरुसँग बसी घरायसी कार्यहरु गर्न सिकेको पाइएको छ भने सरसफाई गर्नुपर्छ भन्ने बानीको विकास भएको छ।
- अभिभावकहरुसँग सँगै बस्दा बालबालिकाहरुमा पारिवारिक अपनत्वको भावनामा विकास भएको पाइयो ।
- अध्ययनको क्रममा स्थानीय सरोकारवालाहरुसँग समन्वयको पाटो झाङ्गिदै गएको छ, यसले गर्दा आगामी दिनमा कार्य गर्न सजिलो भएको छ।

## अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- लकडाउनका कारणले गर्दा सम्बन्धित व्यक्तिको भिडियो सहितको सुचना लिन नसकिएको ।
- अरु सम्बन्धित तथ्य तथ्याङ्क सबै समावेश गरिएको ।
- विद्यालयले कुनै पनि वैकल्पिक शैक्षिक कार्यक्रम सुरुवात नगर्नु तथा  तत्काल सुरुवातको योजना नहुनु नराम्रो पक्ष हो । विद्यालयले वैकल्पिक पढाइ तथा शैशिक विकासका कार्यक्रमहरु अगाडि सार्न आवश्यक छ, जसमा सबै सरोकारवाला निकायले सहयोग गर्न आवश्यक छ ।
- समाज तथा घरमा अलमलिएर बसेका बालबालिकाहरुलाई पढाइमा केन्द्रीत गराउन विव्यस, शिक्षक अभिभावक संघ र सम्पूर्ण अभिभावकले सक्रिय भएर लाग्न आवश्यक छ ।

## मामला अध्ययनबाट भएका मुख्य सिकाइहरु

- महामारीको अवस्थामा अभिभावकहरुले आफ्नो बालबालिकाको सही मार्गदर्शन गर्नुपर्ने र स्थानीय निकायहरुले पनि शिक्षालाई निरनतरता दिन र बालबालिकाहरुलाई पढाइमा व्यस्त गर्नका लागि आवश्यक वैकल्पिक शिक्षाको योजना बनाई लागू गर्नुपर्ने ।
- कोभिड १९ तथा लकडाउनको वैकल्पिक उपायसँगै स्थानीय सरकारले विद्यार्थीहरुको भविष्यप्रति सचेत रहनुपर्ने ।
- महामारीको अवस्थामा प्रत्येक अभिभावकले आफ्ना बालबालिकाहरुको शिक्षालाई विशेष ध्यान दिनुपर्ने ।



## निश्कर्ष

लकडाउनले कोरोना संक्रमण कमी त भयो तर मानिसको जनजीवन लगायतका अन्य विभिन्न क्षेत्रका साथै शिक्षामा पनि नराम्ररी क्षति पुऱ्याएको छ । विद्यार्थीको पढाइलाई निरन्नतरता दिनका लागि उपयुक्त वैकल्पिक उपाय अपनाउनुपर्ने देखिएको छ । यो अध्ययनले बालबालिकाको शिक्षामा कोरोनाले पारेको असर र प्रभावलाई देखाएको छ । यो अध्ययन एउटा नमुनाको रुपमा स्थानीय अधिकार परियोजना कार्यक्षेत्रबाट लिइएको हो । कोभिड १९ का कारणले विद्यार्थीहरुको शिक्षामा असर परेको यस अध्ययन र अन्तरवार्ताबाट थाहा हुन्छ । महामारीको अवस्थामा अभिभावकहरुले आफ्ना बालाबालिकाको लागि उपयुक्त मार्गदर्शन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

❖❖❖

# कोभिड १९ का कारण बालबालिकाको शिक्षामा परेको प्रभाव

हर्क बहादुर ओली (कैलाली)

## पृष्ठभूमि

धनगढी उप-महानगरपालिका वडा नं. ९ बंग्राहा कटानमा अवस्थित सरस्वती प्राथमिक विद्यालय विसं. २०३९ सालमा स्थापना भएको हो । स्थापनाकालमा यो क्षेत्र साविकको धनगढी नगरपालिका १४ मा रहेको थियो । यो क्षेत्रकै पहिलो विद्यालयका रुपमा रहेको यस विद्यालयमा स्थानीयसहित बझाङ, डोटी, दार्चुला, बैतडी, बाजुरा, डडेल्धुरालगायतका पहाडी जिल्लाबाट बसाइसराई गरेर आउनुभएका बासिन्दाका बालबालिकाहरुले अध्ययन गर्दछन् । हाल यस विद्यालयमा कक्षा ५ सम्म अध्ययन अध्यापन हुने गरेको छ । सन् २०१९ डिसेम्बरमा चीनबाट फैलिएको कोभिड १९ ले विश्वभरका जनताहरु प्रभावित भइरहेको अवस्थामा नेपाल र नेपालीहरु पनि प्रभावित भइरहेका छन् । स्वाभाविक रुपमा कोरोना महामारीले कैलाली जिल्ला र यहाँका सबै स्थानीय तहका नागरिकहरु, विद्यालय र बालबालिकालाई पनि प्रभावित पारेको छ। कोभिड १९ का कारणले भएको बन्दाबन्दीको असर यस सरस्वती प्राथमिक विद्यालय र विद्यालयको कार्यक्षेत्र भित्ररहेका बालबालिकाहरुलाई पनि परेको छ।

## अध्ययनको सान्दर्भिकता तथा औचित्य

विश्वव्यापी माहमारीको रुपमा फैलिएको कोभिड १९ को कारणले यस विद्यालयको कार्यक्षेत्र तथा विद्यालयका बालबालिकालाई पारेको प्रत्यक्ष असर तथा प्रभावबारे अध्ययन गरी यस प्रभावको न्यूनीकरणमा तथा बालबालिकाको चौतर्फी विकासमा के कस्ता कार्यक्रमहरु विद्यालय, स्थानीय सरकार तथा सम्बन्धित निकायले लागू गर्न सक्छन् भन्ने प्रष्ट्याउन यस अध्ययनले सहायता पुऱ्याउनेछ। अहिले मुलुकभर करिब ३० देखि ४० लाख बालबालिका घरमै बस्नुपर्ने बाध्यता भैरहेको छ । कोभिड १९ ले प्रभाव पारेको यस विद्यालयको क्षेत्र वरिपरिका बालबालिकाहरु पनि घरमै बसिरहेका छन् । यस अवस्थामा बालबालिकामा परेको सामाजिक, भावनात्मक, मनोसामाजिक तथा पारिवारिक प्रभावको बारेमा अध्ययन गरी समाधानका उपायहरु खोज्न यस अध्ययनले सहयोग पुग्नेछ । यो अध्ययनको रिपोर्ट अध्ययन पछी विद्यालय, विभिन्न संघसंस्था तथा स्थानीय सरकारले बालबालिकामा परेको विभिन्न नकारात्मक असरका बारेमा थप खोजीनीति गरी तिनीहरुले आफ्ना नीति तथा कार्यक्रममा बालबालिकालाई केन्द्रीत गरी समेट्ने अपेक्षा यस अध्ययनले गरेको छ, जसले थोरै भए पनि बालबालिकालाई केही हदसम्म सहयोग पुग्ने देखिन्छ।

## अध्ययनको उद्देश्य

- कोभिड १९ का कारणले यस विद्यालय सेवाक्षेत्र भित्रका बालबालिका तथा किशोर किशोरीहरुमा पारेको प्रभाव र सो को विद्यालय तथा अन्य सरोकारवाला निकायले गरेको क्रियाकलापको अध्ययन गर्ने।
- लकडाउनको समयमा यस विद्यालयको सेवाक्षेत्रका बालबालिकाको शैक्षिक तथा बाल मनोसामाजिक आदि क्षेत्रमा विद्यालयले गरेका गतिविधिहरु र यीनले पारेको प्रभाव पहिचान गरी

सुधार तथा निरन्तरताका लागि आवश्यक सुझाव दिने ।

## अध्ययनको क्षेत्र

- यस अध्ययनले विद्यालयको सेवाक्षेत्रका बालबालिकाको शारीरिक, मानसिक, मनोसामाजिक, मनोविमर्शको अवस्था तथा कोभिड १९ ले पारेको प्रभावको समयमा विद्यालयका गतिविधिहरु यस अध्ययनका मुख्य क्षेत्र हुन् ।

## मामलाको विस्तृत विवरण (अन्तरवस्तु)

कोभिड १९ को कारणले भएको लकडाउनको प्रत्यक्ष प्रभाव धनगढी उप-महानगरपालिका वडा नं. ९ स्थित श्री सरस्वती प्राथमिक विद्यालयमा पनि परेको छ । कोभिड १९ को कारणले विद्यालयको सेवाक्षेत्रमा रहेका विद्यालय उमेर समूहका २६६ जना बालबालिकाहरु विद्यालय जान नपाई हाल घरमै बसिरहेका छन् । विद्यालयमार्फत कुनै पनि किसिमको शिक्षण सिकाइका वैकल्पिक क्रियाकलापहरु सञ्चालनमा आएका छैनन् । धनगढी उप-महानगरपालिकाका अधिकांश विद्यालयहरुले प्रत्येक बर्षको बैशाख पहिलो साताभित्र विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने गरेका थिए । तर यस वर्ष कुनै पनि विद्यालयले बिद्यार्थी भर्ना अभियान सञ्चालन गरेका छैनन्, गर्न पाएका छैनन् । यसको असर यो विद्यालयलाई पनि परेकोछ । परिणामतः शिक्षकहरु घरमै बसिरहेका छन् । जसले गर्दा बालबालिकाको पठनपाठनमा प्रत्यक्ष अबरोध आएको छ । दैनिकरुपमा शिक्षण सिकाइ क्रियाकलापमा संलग्न हुनुपर्ने बालबालिका घरमा रहनुपर्दा उनीहरुको शिक्षण क्रियाकलाप अबरुद्ध हुनु स्वभाविक हो र भएको पनि छ ।



कोभिड १९ को अवस्थाले विद्यालय परिवार तथा अभिभावक र त्यहाँका सरोकारवालाहरुलाई चिन्तित वनाएको भएता पनि बालबालिकालाई शिक्षण सिकाइका वैकल्पिक पक्षहरुको पहिचान गरी सुरुवात गरेको देखिंदैन । अहिले त्यस क्षेत्रका बालबालिकाहरु दिनभर नदीमा पौडी खेल्ने, गाई-गोरु चराउने, आफ्ना अभिभावकहरुसँग मेलापात गर्नेजस्ता कार्यहरुमा लागिरहेका छन् । कोभिड १९ ले यस क्षेत्रमा सबैभन्दा बढी निम्न तथा गरिब, विपन्न र थारु समुदायका बालबालिका निरन्तर शिक्षा प्राप्त गर्नबाट प्रत्यक्ष प्रभावित भएका छन् । यसले स्पष्ट हुन्छ की यस क्षेत्रका बालबालिकाको नै पढाइमा ध्यान नभएको पाइन्छ । लकडाउनका समयमा बालबालिकाहरु विद्यालय नगएर घरमै बसेका तथा तिनीहरुका अभिभावकहरु खेतीपाती जस्तैः गहुँ काट्नु, खेत जोत्ने तथा रोपाईमा व्यस्त भएको कारण पनि बालबालिकाहरुले पढाइमा ध्यान नदिएको पाइयो । विद्यालय जाने उमेरमा बालबालिकाहरु घरमै हुनु तथा अभिभावकले पनि तिनीहरुको शिक्षा विकाससँगै सर्वाङ्गिण विकासमा ध्यान नदिनु नै बालबालिकाको शैक्षिक विकासको बाधक भएको देखिन्छ ।

स्वास्थ्यको हिसाबले बालबालिकाहरु विशेष गरी सानो उमेरका बालबालिकाहरुलाई कोभिड १९ का बारेमा जानकारी दिनुपर्छ भन्ने कुरा अभिभावकले ध्यान नदिएको पाइयो । न त स्वयं बालबालिका

नै यसप्रति सजग भएको पाइयो । समूहमा खेल्ने, डुल्नेजस्ता क्रियाकलापहरु बालबालिकाबाट हुनुले कोभिड १९ को संक्रमणलाई सजिलो वातावरण बनेको देखिन्छ । यस्तो व्यवहारले बालबालिकालाई मात्र नभएर पूरै समुदाय प्रभावित हुने देखिन्छ । यस विद्यालय क्षेत्रमा रहेका माथिल्लो कक्षामा पढ्ने किशोर किशोरीहरु कोभिड १९ प्रति सजग र सचेत त पाइयो, तर अनावश्यक समूहमा घुम्ने, खोलातिर पौडी खेल्न जाने कार्यले कोभिड १९ को जोखिम नहोला भन्न सकिन्न । बालबालिकाहरु विद्यालय जान नपाए पनि घरमा वा साथीहरुसँग मोवाइलमा बढी व्यस्त हुनाले उनीहरुको दैनिक कार्यमा असर त पर्ने नै देखिन्छ भने मानसिक रुपमा पनि यसको असर पर्ने देखिन्छ । अलिक जान्ने र बुझ्ने अभिभावकहरुले यसको प्रयोग सही ठाउँमा पनि गरेको पनि पाइयो । यसले बालबालिकाहरुको विकासलाई सहयोग पुग्न सक्छ ।

धनगढी उप-महानगरपालिकाले यो विद्यालयलाई क्वारेन्टिन बनाएको छ र उक्त क्वारेन्टिनमा बसेका मध्ये ४ जना आरडिटी पोजेटिभ र ४ जना पीसीआर पोजेटिभ (यो अध्ययन तयार गर्दासम्म) पनि देखिएकाले त्यस क्षेत्रका बालबालिकाहरुमा झन् बढी असर परेको पाइएको छ । कोरोना प्रतिको त्रास बढेको छ जसले बाल विकासमा त प्रभाव पार्ने देखिन्छ नै अझ रोग लागिहाले झन् अप्ठ्यारो अवस्था सिर्जना गर्ने हुनाले समुदायस्तरमा पनि त्रास फैलिएको छ । सबैको मुखबाट कोरोनाको समाचार सुनिनाले र त्यस प्रतिका डरको कारणले अझ बालबालिका बढी डराउने गरेको पाइयो ।

यो विद्यालय बजार क्षेत्रबाट करिब दुई किलोमिटर टाढा रहेकाले बजारमा भएका निजी विद्यालयहरुले शुरु गरेको अनलाइन पढाइ, स्थानीय एफमबाट हुने पढाइ, स्थानीय टेलिभिजनबाट हुने पढाइलाई यो क्षेत्रमा पनि शुरु गर्ने र यस क्षेत्रका बालबालिकाहरुलाई पढाइमा पहुँच पुऱ्याउने कुरामा स्थानीय सरकारले पहल गर्ने कुरा बताइएको छ । जसले बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित हुने कुरामा दुईमत छैन । तर यो अध्ययन तयार गर्दासम्म यस्ता कुनै पनि कार्यक्रम सुरुवात गरेको पाइएन । तर सरल सामाजिक विकास र व्यक्तिगत सरसफाईजस्ता कुरामा सबैको ध्यान गएको कुरा सहजताका साथ लिन सकिन्छ ।

अन्त्यमा, विषेश गरी यस क्षेत्रमा भएका सबैजसो अभिभावकहरु मजदुरी गरी गुजारा चलाउने भएकाले उनीहरु काममा जाने र उनीहरुका बालबालिकाहरु पौडी खेल्न जाने, घर बाहिर खेल खेल्न जाने, मोबाइलमा भुल्नु तथा शैक्षिक, सामाजिक, साँस्कृतिक र बौद्धिक विकासका क्रियाकलापमा संलग्न नहुनुले बालबालिकाको शैक्षिक क्षेत्र प्रभावित बनेको छ भन्ने कुरा प्रष्ट हुन्छ । यस क्षेत्रमा न स्थानीय सरकार, न त विद्यालय व्यवस्थापन समिति, न त शिक्षक अभिभावक संघ, न त शिक्षककै सक्रियतामा वैकल्पिक शैक्षिक कार्यक्रम भएको पाइन्छ । यस क्षेत्रका व्यक्तिहरु काममै व्यस्तहुनु तथा घरमा पनि बालबालिकाको पढाइलाई प्रोत्साहन नदिने गरेको पाइन्छ । यसरी हेर्दा बालबालिकाको शैक्षिक तथा मनोबैज्ञानिक क्षेत्र नराम्ररी प्रभावित भएको छ । सहजताका लागि बेलैमा सम्बन्धित निकायले ध्यान दिन जरुरी देखिएको छ ।

## अध्ययनका सवल पक्षहरु

- स्थानीय सरकारले बन्दाबन्दीको अवस्थामा मजदुरी गरेर खाने परिवार र तिनीहरुका बालबालिकाहरुलाई राहत वितरणमा सहयोग गरेका छन् ।

- आफ्ना छोराछोरी छोडेर भारत तथा अन्य मुलुकहरुमा गएका अभिभावकहरु घरमा फर्केर बालबालिकासँगै रमाउन पाउँदा बालबालिकाहरु खुसी देखिन्छन् । यस बन्दाबन्दीको अवधीमा बालबालिकाहरुले परिवारसँग बसेर समय बिताउन पाएका छन्, जसका कारण परिवारसँग अझ घनिष्ठ सम्बन्ध गाँसिएको पाइन्छ।
- अभिभावकदेखि बालबालिकासम्म हात धुनुपर्छ, मास्क लगाउनु पर्छ, नचिनेको व्यक्तिसँग नजिक जानुहुँदैन, आफ्नै घर भित्र बस्नु पर्छ भन्ने चेतना विस्तारै विकास हुँदै गएको छ।

## अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- विद्यालयले कुनै पनि वैकल्पिक शैक्षिक कार्यक्रम सुरुवात नगर्नु तथा तत्काल सुरुवातको योजना नहुनु नराम्रो पक्ष हो। विद्यालयले वैकल्पिक पढाइ तथा शैक्षिक विकासका कार्यक्रमहरु अगाडि सार्न आवश्यक छ जसमा सबै सरोकारवाला निकायले सहयोग गर्न आवश्यक छ।
- बालबालिकालाई अभिभावकको निगरानी हुन जरुरी छ । अभिभावकले बालबालिकालाई अनिवार्य पढ्न प्रेरित गर्नुपर्दछ । यस अवधीमा बालबालिकालाई वेवास्ता नगर्ने तथा घरमै विद्यालयको वातावरण सिर्जन गर्नुपर्ने देखिन्छ।
- समाज तथा घरमा अलमलिएर बसेका बालबालिकाहरुलाई पढाइमा केन्द्रीत गराउन सबै निकायहरु सक्रिय भएर लाग्न आवश्यक छ।

## मामला अध्ययनबाट भएका मुख्य सिकाइहरु

घरमा बालबालिकाहरु घरको काम त सिक्छन् तर शैक्षिक उपलब्धी अपेक्षित मात्रामा हुन नसक्ने देखिएको छ। यसका लागि अवस्थाको अध्ययनमा आधारित शैशिक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

## अध्ययनसँग सम्बन्धित सुझावहरु

- कोभिड १९ को कारणले प्रभावित भएका बालबालिकालाई मानसिक रुपमा उर्जाशील बनाउन मनोविमर्श सेवा, सामाजिक तथा संस्कारका कुरा सिकाउने, सामाजिक कार्यहरु गर्न दिने।
- सबै बालबालिका तथा अभिभावकहरुलाई कोभिड १९ को बारेमा बुझाउन पनि आवश्यक छ।
- समाज तथा घरमा अलमलिएर बसेका बालबालिकाहरुलाई पढाइमा केन्द्रीत गराउनका लागि अभिभावकलाई नै सचेत गराउनुपर्ने देखिन्छ।
- बालबालिककाको पढाइलाई निरन्तरता दिन स्थानीय रेडियो तथा टिभीमार्फत कक्षा सञ्चालन गर्ने तथा अन्य वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालनको लागि पहल गर्नुपर्ने देखिन्छ।
- राष्ट्रिय प्रसारणका टेलिभिजन कार्यक्रममा सबैको पहुँच नभएकोले समुदायमै वैकल्पिक शिक्षणका कार्यक्रमहरु जस्तैः स्थानीय रेडियो शिक्षण कार्यक्रम, आजको सिकाइ आदान-प्रदान रेडियो कार्यक्रम, रेडियो क्वीज, समुदायमा लाउड अडियो शिक्षण कार्यक्रमजस्ता कार्यक्रम गर्न सुझाव छ।

## निश्कर्ष

समग्रमा भन्नुपर्दा कोभिड १९ का कारणले सुरु गरिएको लकडाउनले बालबालिकाको शैशिक तथा मनोबैज्ञानिक क्षेत्रलाई प्रभावित तुल्याएको देखिन्छ। बालबालिकाहरु शैक्षिक क्रियाकलापमा व्यस्त हुनुपर्ने समयमा घरमै बसेको र शैक्षिक क्रियाकलापहरु भन्दा घरायसी काममा व्यस्त हुने गरेकाले भोलीको शैक्षिक प्रतिष्पर्धामा यहाँका बालबालिकाहरु असक्षम हुने भएकोले स्थानीय सरकार तथा सरोकारवाला निकायले

वैकल्पिक मार्गहरुका बारेमा सोच्न आवश्यक छ । विद्यालय, विव्यस, शिअसंघ तथा अभिभावकहरुले समयमै आफ्ना बालबालिकाको भविष्यका बारेमा सोचेर वैकल्पिक शैक्षिक कार्यक्रमहरु सुरुवात गर्न अति आवश्यक छ । साथै यस विषयमा स्थानीय सरकार र प्रदेश सरकारले पनि वैकल्पिक योजनाहरु बनाई चाँडै लागू गर्नुपर्ने देखिन्छ र यस विषयका स्थानीय व्यक्ति, विद्यालय परिवार, समुदाय, स्थानीय सरकार, सम्बन्धित निकायले उपयुक्त योजना बनाई काम गर्नुपर्ने देखिन्छ। ❖❖❖

# रानाथारू समुदायका बालबालिकाको सिकाइ निरन्तरतामा कोभिड १९ ले पारेको प्रभाव

हर्क बहादुर ओली (कैलाली)

## पृष्ठभूमि

धनगढीको मुख्यबजार क्षेत्रबाट करिब ६ किलोमिटर टाढा, रानाथारु समुदायको बाहुल्यता रहेको धनगढी उप-महानगरपालिका वडा नं. १०, घुइयाघाटमा २०१६ सालमा श्री जनकल्याण उच्च माध्यमिक विद्यालयको स्थापना भएको हो । विद्यालय स्थापनाको धेरै वर्ष पछिसम्म यस क्षेत्रमा थारु समुदायको बाहुल्यता रहेको र उनीहरु आफ्नै संस्कृतिमा रमाइरहेको देखिन्छ । विद्यालयको स्थापना नहुँदासम्म यहाँका रानाथारु समुदायका मानिसहरुमा पढ्नु पर्छ भन्ने भावना नभई आफ्नै भाषा तथा संस्कृतिमा रमाउने गरेको देखिन्छ। रानाहरुको मुख्य पेशा कृषि र माछा मार्ने काम हो। सानै उमेरमा बिवाह गर्ने, गर्भैमै रहँदा एक-अर्काको बिवाह पक्का गर्ने लगायतका प्रचलन रहेकाले यो समुदायका बालबालिकाको सिकाइ प्रक्रिया अलिक पछाडि परेको पाइन्छ। समयक्रमसँगै उक्त क्षेत्रमा विस्तारै पहाडी समुदायको बसाई विस्तार हुँदै गएपछि उक्त समुदायका मान्छेहरुमा पनि विस्तारै परिवर्तन हुँदै आइरहेको कुरा स्थानीयहरु बताउँछन्।

सन् २०१९ डिसेम्बरको अन्त्यतिर चीनबाट फैलिएको कोभिड १९ ले विश्वभरिका नागरिकहरु प्रभावित भइरहेको अवस्थामा नेपाल र नेपालीहरु पनि प्रभावित नहुने कुरै भएन । यसै क्रममा कैलाली जिल्लामा रहेको यस श्री जनकल्याण उच्च माध्यमिक विद्यालय पनि प्रभावित रहन पुग्यो। यसका कक्षाहरु बन्द भए, पठनपाठन अबरुद्ध हुन पुग्यो। परिणामतः ४६० जना छात्रासहित गरी ८०० भन्दा बढी विद्यार्थी र २८ जना शिक्षक कर्मचारी कोरोनाको कहरबाट विद्यालयमा सञ्चालन हुने आफ्ना शैक्षिक गतिविधिहरुलाई स्थगन गरेर बस्नुपरेको अवस्था आएको छ।

## अध्ययनको सान्दर्भिकता तथा औचित्य

विश्वव्यापी माहमारीको रुपमा फैलिएको कोभिड १९ को कारणले यस विद्यालयको कार्यक्षेत्र तथा विद्यालयका बालबालिकालाई पारेको प्रत्यक्ष असर तथा प्रभावबारे अध्ययन गरी यस प्रभावको न्यूनीकरणमा तथा बालबालिकाको चौतर्फी विकासमा के कस्ता कार्यक्रमहरु विद्यालय, स्थानीय सरकार तथा सम्बन्धित निकायले लागू गर्न सक्छन् भन्ने प्रष्ट्याउन यस अध्ययनले सहायता पुऱ्याउनेछ।

कोभिड १९ ले प्रभावित पारेको यस विद्यालयको क्षेत्र वरिपरिका बालबालिकाहरु घरमै बसिरहेका छन् । यस अवस्थामा बालबालिकामा परेको सामाजिक, भावनात्मक, मनोसामाजिक तथा पारिवारिक प्रभावको बारेमा अध्ययन गरी समाधानका उपायहरु खोज्न यस अध्ययनले सहयोग पुग्नेछ । यो अध्ययनको प्रतिवेदन अध्ययनपश्चात विद्यालय, विभिन्न संघसंस्था तथा स्थानीय सरकारले बालबालिकामा परेको विभिन्न नकारात्मक असरका बारेमा थप खोजीनीति गरी तिनीहरुले आफ्ना नीति तथा कार्यक्रममा बालबालिकालाई केन्द्रीत गरी समेट्ने छन् भन्ने अपेक्षा यस अध्ययनले गरेको छ जसले गर्दा बालबालिकालाई केही हदसम्म सहयोग पुग्ने देखिन्छ ।

## अध्ययनको उद्देश्य

- कोभिड १९ का कारणले यस विद्यालय सेवाक्षेत्र भित्रका बालबालिका तथा किशोर किशोरीहरुमा पारेको प्रभाव र यसको व्यवस्थापनमा विद्यालय तथा अन्य सरोकारवाला निकायले गरेको क्रियाकलापको अध्ययन गर्ने ।
- लकडाउनको समयमा यस विद्यालयको सेवाक्षेत्रका बालबालिकाको शैक्षिक तथा बालमनोसामाजिक आदि क्षेत्रमा विद्यालयले गरेका गतिविधिहरु र पारेको प्रभाव पहिचान गरी सुधार तथा निरन्तरताका लागि आवश्यक सुझाव दिने ।

## अध्ययनको क्षेत्र

- यस अध्ययनले विद्यालयको सेवाक्षेत्रको बालबालिकाकोशारीरिक,मानसिक,मनोसामाजिक, मनोविमर्शको अवस्था तथा कोभिड १९ ले पारेको प्रभावको समयमा विद्यालयका गतिविधिहरु यस अध्ययनका मुख्य क्षेत्र हुन् ।



## मामलाको विस्तृत विवरण (अन्तरवस्तु)

कोभिड १९ को कारणले भएको लकडाउनको प्रत्यक्ष प्रभाव धनगढी उप-महानगरपालिका वडा नं. १० स्थित श्री जनकल्याण उच्च माध्यमिक विद्यालयमा पनि परेको छ । कोभिड १९ को कारणले विद्यालयको सेवाक्षेत्रमा रहेका विद्यालय उमेर समूहका ८०० जना भन्दा बढी बालबालिकाहरु विद्यालय जान नपाई घरमै बसिरहेका छन् । विद्यालयद्वारा कुनै पनि किसिमको शिक्षण सिकाइका वैकल्पिक क्रियाकलापहरु सञ्चालनमा आएका छैनन् ।

धनगढी उप-महानगरपालिकाका अधिकांश विद्यालयहरुले प्रत्येक बर्षको बैशाख पहिलो साताभित्र विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने गरेका थिए । तर यस वर्ष कुनै पनि विद्यालयले विद्यार्थी भर्ना अभियान सञ्चालन गरेका छैनन् । यसको असर यो विद्यालयलाई पनि परेकोछ, शिक्षकहरु पनि घरमै बसिरहेका छन् । जसले गर्दा बालबालिकाको पठनपाठनमा प्रत्यक्ष अवरोध आएको छ । दैनिकरुपमा शिक्षण सिकाइ क्रियाकलापमा संलग्न हुनुपर्ने बालबालिका घरमा रहनुपर्दा उनीहरुको शिक्षण क्रियाकलाप अवरुद्ध हुनु स्वभाविक हो ।

कोभिड १९ को अवस्थाले विद्यालय परिवार तथा अभिभावक र त्यहाँका सरोकारवालाहरुलाई चिन्तित बनाएको भएता पनि बालबालिकालाई शिक्षण



सिकाइका वैकल्पिक पक्षहरुको पहिचान गरी सुरुवात गरेको देखिंदैन । यसको कारण विषेश गरी धनगढी उप-महानगरपालिकाले यो विद्यालयलाई क्वारेन्टिन बनाएको छ र क्वारेन्टिनमा भारतबाट आएका ३२ जना (यो अध्ययन तयार गर्दासम्म) व्यक्तिहरु रहेका छन् । यसले त्यस क्षेत्रका बालबालिकाहरुमा झन् बढी असर परेको पाइएको छ । कोरोना प्रतिको त्रास बढेको छ, जसले बाल विकासमा त प्रभाव पार्ने देखिन्छ नै, अझ रोग लागिहाले झन् अप्ठ्यारो अवस्था सिर्जना गर्ने हुनाले समुदायस्तरमा पनि त्रास फैलिएको छ । सबैको मुखबाट कोरोनाको समाचार सुनिनाले र त्यस प्रतिका डरको कारणले अझ बालबालिका बढी डराउने गरेका पाइयो । तर पनि यस विद्यालयले हाल भर्ना शुरु गरिसकेको, सबै बालबालिकाहरुलाई किताबहरु वितरण गरिएको र कोरोनाको कहर कम भएपछि साउन १५ बाट पढाई सञ्चालन गर्ने र अहिलेसम्मको पढाइलाई बहुशिक्षण प्रणाली संचालन गरेर पूरा गर्ने कुरा विद्यालयका प्रअले बताउनु भएको छ ।

अहिले त्यस क्षेत्रमा विषेश गरी राना समुदायको बस्ती रहेकाले त्यहाँका बालबालिकाहरु दिनभर घरमै बस्ने, गाई-गोरु चराउने, आफ्ना अभिभावकहरुसँग मेलापात गर्नेजस्ता कार्यहरुमा लागिरहेका छन् । कोभिड १९ ले यस क्षेत्रमा सबैभन्दा बढी निम्न तथा गरिब, विपन्न, चौधरी बालबालिका निरन्तर शिक्षा प्राप्त गर्नबाट प्रत्यक्ष प्रभावित भएको स्थिति छ । यसले स्पष्ट हुन्छ की यस क्षेत्रका बालबालिकाको नै पढाइमा ध्यान नभएको पाइन्छ । लकडाउनका समयमा बालबालिकाहरु विद्यालय नगएर घरमै बसेका तथा तिनीहरुका अभिभावकहरु खेतीपाती जस्तैः गहुँ काट्ने, खेत जोत्ने तथा रोपाइँमा व्यस्त भएको कारण पनि बालबालिकाहरुले पढाइमा ध्यान नदिएको पाइयो । विद्यालय जाने उमेरमा बालबालिकाहरु घरमै हुनु तथा अभिभावकले पनि तिनीहरुको शिक्षा विकाससँगै सर्वाङ्गिण विकासमा ध्यान नदिनु नै बालबालिकाको शैक्षिक विकासको बाधक रहेको छ ।

स्वास्थ्यको हिसाबले बालबालिकाहरु विशेष गरी सानो उमेरका बालबालिकाहरुलाई कोभिड १९ का बारेमा जानकारी दिनुपर्छ भन्ने कुरा अभिभावकले ध्यान नदिएको पाइयो, न स्वयं बालबालिका यसप्रति सजग भएको पाइयो । समूहमा खेल्ने, डुल्नेजस्ता क्रियाकलापहरु बालबालिकाबाट हुनुले कोभिड १९ को संक्रमणलाई बढावा दिने देखिन्छ । जसले बालबालिकालाई मात्र नभएर पूरै समुदाय प्रभावित हुने देखिन्छ । यस विद्यालय क्षेत्रमा रहेका माथिल्लो कक्षामा पढ्ने किशोर किशोरीहरु कोभिड १९ प्रति सजग र सचेत त पाइयो, तर अनावश्यक समूहमा घुम्ने, खोलातिर पौडी खेल्न जाने कार्यले कोभिड १९को जोखिम नहोला भन्न सकिन्न । बालबालिकाहरु विद्यालय जान नपाए पनि घरमा वा साथीहरुसँग घुम्ने र समूहमा खेल्न बढी व्यस्त हुनाले उनीहरुको दैनिक कार्यमा असर त पर्ने नै देखिन्छ, मानसिक रुपमा पनि यसको असर पर्ने देखिन्छ ।

यो विद्यालय बजार क्षेत्रबाट करिब ५ किलोमिटर टाढा रहेकाले विभिन्न मिडिया वा प्रविधिबाट पनि पछाडि रहेको छ । जसले गर्दा बजारमा भएका

निजी विद्यालयहरुले शुरु गरेको अनलाइन पढाइ, स्थानीय एफमबाट हुने पढाइ, स्थानीय टेलिभिजनबाट हुने पढाइलाई क्षेत्रमा सुरु नगरेको पाइयो । विस्तारै कोरोनाको असर कम भएपछि साउन १ गतेबाट विद्यालय संचालन गर्ने र हाल प्रविधिसँग पहुँच पुऱ्याउने कुनै विकल्प नरहेको कुरा प्रअले बताउनु भयो । जसले बालबालिकाको शैक्षिक अधिकारमा असर परिरहेको छ । तर सरल सामाजिक विकास र व्यक्तिगत सरसफाईजस्ता कुरामा सबैको ध्यान गएको कुरा सहजताका साथ लिन सकिन्छ ।

अन्तमा, विषेशगरी यस क्षेत्रमा भएका सबैजसो अभिभावकहरु कृषिमा आश्रित भएकाले काममा जाने र उनीहरुका बालबालिकाहरु पनि सँगै जाने, घरमै भएकाहरु बाहिर खेल खेल्न जाने तथा शैक्षिक, सामाजिक, साँस्कृतिक र बौद्धिक विकासका क्रियाकलापमा संलग्न नहुनुले बालबालिकाको शैक्षिक क्षेत्र प्रभावित बनेको छ भन्ने कुरा प्रष्ट हुन्छ । यस क्षेत्रमा न स्थानीय सरकार, न विद्यालय व्यवस्थापन समिति, न शिक्षक अभिभावक संघ, न शिक्षककै सक्रियतामा वैकल्पिक शैक्षिक कार्यक्रम भएको पाइन्छ । सबै यस क्षेत्रका व्यक्तिहरु काममै व्यस्त हुनु तथा घरमा पनि बालबालिकाको पढाइलाई प्रोत्साहन नदिने गरेको पाइन्छ । यसरी हेर्दा बालबालिकाको शैक्षिक तथा मनोबैज्ञानिक क्षेत्र राम्ररी प्रभावित भएको छ । सहजताका लागि बेलैमा सम्बन्धित निकायले ध्यान दिन जरुरी देखिएको छ ।

## अध्ययनका सवल पक्षहरु

- स्थानीय सरकारले बन्दाबन्दीको अवस्थामा मजदुरी गरिखाने परिवार र उनीहरुका बालबालिकाहरुलाई राहत वितरणमा सहयोग गरेका छन् ।
- भारत तथा अन्य मुलुकहरुमा गएका अभिभावकहरु घरमा फर्केर बालबालिकासँगै रमाउन पाउँदा बालबालिकाहरु खुसी देखिन्छन् ।
- बन्दाबन्दीको अवधीमा बालबालिकाहरुले परिवारहरुसँग बसेर समय बिताउन पाएका छन् जसका कारण परिवारहरुसँग अझ घनिष्ठ सम्बन्ध बन्ने अवसर मिलेको छ ।
- अभिभावकदेखि बालबालिकासम्ममा हात धुनुपर्छ, मास्क लगाउनु पर्छ, नचिनेका व्यक्तिसँग नजिक जानुहुँदैन, आफ्नै घरभित्र बस्नुपर्छ भन्ने विषयमा सचेत हुँदै गएका छन् ।

## अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- विद्यालयले कुनै पनि वैकल्पिक शैक्षिक कार्यक्रम सुरुवात नगर्नु तथा तत्काल सुरुवातको योजना नहुनु नराम्रो पक्ष हो ।
- विद्यालयले वैकल्पिक पढाइ तथा शैक्षिक विकासका कार्यक्रमहरु अघि सार्न आवश्यक छ र सबै सरोकारवाला निकायले सहयोग गर्न आवश्यक छ ।
- बालबालिकालाई अभिभावकको निगरानी हुन जरुरी छ । अभिभावकले बालबालिकालाई सिकाइमा तल्लीन हुन प्रेरित गर्नुपर्दछ । महामारीको अवधीमा बालबालिकालाई वेवास्ता नगर्ने तथा घरमै विद्यालयको वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ ।
- समाज तथा घरमा अलमलिएर बसेका बालबालिकाहरुलाई पढाइमा केन्द्रीत गराउन सबै निकायहरु सक्रिय भएर लाग्न आवश्यक छ ।

हर्कबहादुर ओली (कैलाली)

## मामला अध्ययनहरुबाट भएको मुख्य सिकाइहरु

- घरमाबालबालिकाहरु घरको काम त सिक्छन तर शैक्षिकउपलब्धिघरबाटअपेक्षितमात्रामाहुननसक्ने सिकाई देखिए छ । यसकालागि अवस्थाको अध्ययनमा आधारित शैशिककार्यक्रम सञ्चालनगर्नुपर्ने देखिन्छ।

## अध्ययनसँग सम्बन्धित सुझावहरु

- कोभिड १९ को कारणले प्रभावित भएका बालबालिकालाई मानसिक रुपमा उर्जाशील बनाउन मनोविमर्श सेवा, सामाजिक तथा संस्कारका कुरा सिकाउने, सामाजिक कार्यहरु गर्न दिने।
- सबै बालबालिका तथा अभिभावकहरुलाई कोभिड १९ को बारेमा बुझाउन पनि त्यत्तिकै आवश्यक छ।
- समाज तथा घरमा अलमलिएर बसेका बालबालिकाहरुलाई पढाइमा केन्द्रीत गराउनका लागि अभिभावकलाई नै बालबालिकाको पढाइमा सचेत गराउनुपर्ने आवश्यकता छ।
- बालबालिकाको पढाइलाई निरन्तरता दिन उनीहरुलाई केन्द्रीत गरी स्थानीय रेडियो तथा टेलिभिजनमार्फत कक्षा तथा अन्य वैकल्पिक शैक्षिक कार्यक्रम संञ्चालनको लागि पहल गर्नुपर्ने देखिन्छ।
- राष्ट्रिय प्रसारणका टेलिभिजन कार्यक्रममा सबैको पहुँच नभएकोले समुदायमै वैकल्पिक शिक्षणका कार्यक्रमहरु जस्तैः स्थानीय रेडियो शिक्षण कार्यक्रम, आजको सिकाइ आदान-प्रदान रेडियो कार्यक्रम, रेडियो क्वीज, समुदायमा लाउड अडियो शिक्षण कार्यक्रमजस्ता कार्यक्रम गर्न सिफारिस गरिन्छ।
- कोरोना कहर समाप्तपश्चात पनि यस क्षेत्रका अभिभावक तथा बालबालिकाहरुको सामाजिक सुधारका लागि मनोसामाजिक मनोविमर्श सहयोगका कार्यक्रमहरुलाई निरन्तरता दिनुपर्ने।
- क्वारेन्टिनमा बसेको समयमा अभिभावकले झेल्नुपर्ने मानसिक समस्याहरु कम गर्न शैक्षिक गतिविधि र अन्य चेतनामूलक कार्यक्रमहरु संचालन गर्नुपर्ने।

## निश्कर्ष

समग्रमा भन्नुपर्दा कोभिड १९ तथा लकडाउनले बालबालिकाको शैक्षिक तथा मनोबैज्ञानिक क्षेत्रलाई प्रभावित तुल्याएको देखिन्छ। बालबालिकाहरु शैक्षिक क्रियाकलापमा व्यस्त हुनुपर्ने समयमा घरमै बसेको र शैक्षिक क्रियाकलापहरु भन्दा घरायसी काममा व्यस्त हुने गरेकाले भोलीको शैक्षिक प्रतिस्पर्धामा यहाँका बालबालिकाहरु असक्षम हुने भएकोले स्थानीय सरकार तथा सरोकारवाला निकायले वैकल्पिक मार्गहरुका बारेमा सोच्न आवश्यक छ। विद्यालय, विव्यस, शिअसंघ तथा अभिभावकहरुले समयमै आफ्ना बालबालिकाको भविष्यका बारेमा सोचेर वैकल्पिक शैक्षिक कार्यक्रमहरु सुरुवात गर्न अति आवश्यक छ। साथै यस विषयमा स्थानीय सरकार र प्रदेश सरकारहरुले पनि वैकल्पिक योजनाहरु बनाई चाँडै लागू गर्नुपर्ने देखिन्छ र यस विषयका स्थानीय व्यक्ति, विद्यालय परिवार, समुदाय, स्थानीय सरकार, सम्बन्धित निकायले उपयुक्त योजना बनाई परिचालनमा ध्यान दिन जरुरी छ।

❖❖❖

# कोभिड १९ ले विद्यालय शिक्षामा पारेको प्रभाव

हर्कबहादुर ओली (कैलाली)

## पृष्ठभूमि

कैलाली जिल्ला अन्तरगत धनगढी उप-महानगरपालिका वडा नं. १२ सिद्धार्थनगर, जुगेडामा विसं. २०४७ सालमा श्री सिद्धनाथ उच्च माध्यमिक विद्यालयको स्थापना भएको हो । यस विद्यालयमा बाजुरा, बझाङ, दार्चुला, हुम्ला, जुम्ला, डोटीलगायतका पहाडी जिल्लाबाट बसाइ सरेर आउनुभएको अभिभावकका बालबालिकासहित स्थानीय थारु समुदायका ३७५ भन्दा बढी बालबालिकाहरुले अध्ययन गर्दछन् । विद्यालयले दिएको जानकारीअनुसार यस विद्यालयको सेवा क्षेत्रमा लगभग ७०० घरधुरी रहेको अवस्था छ भने हाल विद्यालयमा १६ जना शिक्षक कर्मचारीको जनशक्ति रहेको छ।

चीनको उहानबाट सन् २०१९ डिसेम्बरको अन्तिमदेखि फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ का कारणले विश्वभरिका जनताहरु प्रभावित भइरहेको अवस्थामा हाम्रो मुलुक नेपाल र हामी नेपाली नागरिकहरु पनि प्रभावित भयौं । मुलुक नै प्रभावित हुँदा कैलाली जिल्ला र यहाँ रहेका सबै शैक्षिक संस्थाहरु पनि प्रभावित बने र विद्यालयमा नियमित हुनुपर्ने शैक्षणिक क्रियाकलापहरु अबरुद्ध हुन पुगे। विषेश गरेर कोभिड १९ को असरले श्री सिद्धनाथ उच्च माध्यमिक विद्यालय र विद्यालयको कार्यक्षेत्र भित्र रहेका बालबालिकाहरुलाई पनि प्रत्यक्ष प्रभावित पारेको छ।



## अध्ययनको सान्दर्भिकता तथा औचित्य

विश्वव्यापी माहमारीको रुपमा फैलिएको कोभिड १९ को कारणले यस विद्यालयको कार्यक्षेत्र तथा विद्यालयका बालबालिकालाई पारेको प्रत्यक्ष असर तथा प्रभावबारे अध्ययन गरी यस प्रभावको न्यूनीकरणमा तथा बालबालिकाको चौतर्फी विकासमा के कस्ता कार्यक्रमहरु विद्यालय, स्थानीय सरकार तथा सम्बन्धित निकायले लागू गर्न सक्छन् भन्ने प्रष्ट्याउन यस अध्ययनले सहायता पुऱ्याउनेछ भन्ने विश्वास गरिएको छ।

कोभिड १९ ले प्रभावित पारेको यस विद्यालय क्षेत्र वरिपरिका बालबालिकाहरु घरमै बसिरहेका छन्। यस अवस्थामा बालबालिकामा परेको सामाजिक, भावनात्मक, मनोसामाजिक तथा पारिवारिक प्रभावको बारेमा अध्ययन गरी समाधानका उपायहरु खोज्न यस अध्ययनले सहयोग पुग्नेछ। यो अध्ययनको रिपोर्ट अध्ययनपश्चात विद्यालय, विभिन्न संघसंस्था तथा स्थानीय सरकारले बालबालिकामा परेको विभिन्न नकारात्मक असरका बारेमा थप सोधखोज गरी आफ्ना नीति तथा कार्यक्रममा बालबालिकालाई केन्द्रीत गरी समेट्ने अपेक्षा यस अध्ययनले गरेको छ।



## अध्ययनको उद्देश्य

- कोभिड १९ का कारणले यस विद्यालय सेवाक्षेत्र भित्रका बालबालिका तथा किशोर किशोरीहरुमा पारेको प्रभाव र सो को विद्यालय तथा अन्य सरोकारवाला निकायले गरेको क्रियाकलापको अध्ययन गर्ने ।
- लकडाउनको समयमा यस विद्यालयको सेवाक्षेत्रका बालबालिकाको शैक्षिक तथा बाल मनोसामाजिक आदि क्षेत्रमा विद्यालयले गरेका गतिविधिहरु र यीनले पारेको प्रभाव पहिचान गरी सुधार तथा निरन्तरताका लागि आवश्यक सुझाव दिने।

## अध्ययनको क्षेत्र

- यस अध्ययनले विद्यालयको सेवा क्षेत्रका बालबालिकाको शारीरिक, मानसिक, मनोसामाजिक, मनोविमर्शको अवस्था तथा कोभिड १९ ले पारेको प्रभावको समयमा विद्यालयका गतिविधिहरु यस अध्ययनका मुख्य क्षेत्र हुन् ।

## मामलाको विस्तृत विवरण (अन्तरवस्तु)

कोभिड १९ को कारणले भएको लकडाउनको प्रत्यक्ष प्रभाव धनगढी उप-महानगरपालिका वडा नं. १२ स्थित श्री सिद्धनाथ उच्च माध्यमिक विद्यालयमा पनि परेको छ। कोभिड १९ को कारणले विद्यालयको सेवाक्षेत्रमा रहेका विद्यालय उमेर समूहका करिव ३७५ जना बालबालिकाहरु विद्यालय जानबाट बन्चित भइरहेका छन् । धनगढी उप-महानगरपालिका भित्रको विद्यालय भएता पनि हरेक कुराले पछाडि रहेको देखिन्छ। जसका कारण विद्यालयको अग्रसरतामा कुनै किसिमको शिक्षण सिकाइका वैकल्पिक क्रियाकलापहरु सञ्चालनमा आएका छैनन् हरेक बर्षको बैशाख पहिलो साताभित्र विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने गरेका भएता पनि यस वर्ष कुनै पनि विद्यालयहरुले विद्यार्थी भर्ना अभियान सञ्चालन गरेका छैनन्। जसले गर्दा बालबालिकाको पठनपाठनमा प्रत्यक्ष अवरोध आएको छ।

कोभिड १९ को अवस्थाले विद्यालय परिवार तथा अभिभावक, र त्यहाँका सरोकारवालाहरुलाई चिन्तित वनाएको भएता पनि बालबालिकालाई शिक्षण सिकाइका वैकल्पिक पक्षहरुको पहिचान गरी सुरुवात गरेको पाइँदैन उप-महानगरपालिकाले यो विद्यालयलाई क्वारेन्टिनका रुपमा प्रयोग गरेको स्थिति छ। जसले गर्दा यस क्षेत्रका बालबालिकाहरुमा कोरोना प्रतिको त्रास बढेको छ भने समुदायस्तरमा पनि डर, भय र अन्यौल फैलिएको छ। तर पनि लकडाउनकै बीचमा विद्यालयले बालबालिकाहरुलाई घरमा नै पढ्न सजिलो होस् भनेर सामाजिक दूरी कायम राख्दै सबै कक्षाका किताबहरु बालबालिकालाई वितरण गरेको अवस्था रहेको छ। यसले बालबालिकाहरुको पढाइलाई केही राहात भएता पनि विद्यालयमा हुने गरेको सिकाइ जत्तीकै प्रभावकारिता हुन नसक्ने भएकाले विद्यालयमा रहेको क्वारेन्टिन खाली भएपछि उपयुक्त ढंगले निसंक्रमित गरी पठनपाठन सुचारु गर्ने सोचमा रहेको विद्यालयका शिक्षक लोकेन्द्र सिंहले जानकारी दिनुभयो।

विद्यालयको सेवाक्षेत्रमा बाहिरबाट बसाई

सरेर आउने जनसंख्या बढी भएको र सबै कृषि क्षेत्रबाट जीविकोपार्जन गर्ने हुनाले तथा कामका लागि अभिभावकहरु भारतमा जाने गरेकाले बालबालिकाहरुले अभिभावकबाट पाउनुपर्ने लाडप्यार नपाउने गरेको देखिन्छ । बन्दाबन्दीका कारणले बालबालिकाहरु घरमै बस्ने, परिवारसँग मेलापात गर्ने, गाई-गोरु चराउने, खोलातिर पौडी खेल्न जानेजस्ता कार्यहरुमा समय बिताइरहेको पाइन्छ । कोभिड १९ का कारणले यस क्षेत्रमा सबैभन्दा बढी निम्न तथा गरिब र मजदुरी गरी खानेका बालबालिकाहरु निरन्तर शिक्षा प्राप्त गर्नबाट प्रत्यक्ष प्रभावित भएको देखिन्छ । लकडाउनका समयमा बालबालिकाहरु विद्यालय नगएर घरमै बसेका तथा तिनीहरुका अभिभावकहरु खेतीपाती जस्तैः गहुँ काट्ने, खेत जोत्ने तथा रोपाइँमा व्यस्त भएको कारण पनि बालबालिकाहरुले पढाइमा ध्यान नदिएको पाइयो । विद्यालय जाने उमेरमा बालबालिकाहरु घरमै हुनु तथा अभिभावकले पनि तिनीहरुको सिकाइ निरन्तरतामा ध्यान नदिनुका कारणले बालबालिकाको शैक्षिक विकासमा बाधा परिरहेको कुरा बुझ्न कठिन पर्दैन ।

स्वास्थ्यको हिसावले बालबालिकाहरु विशेष गरी सानो उमेरका बालबालिकाहरुलाई कोभिड १९ का वारेमा जानकारी दिनु पर्छ भन्ने कुरामा न अभिभावकले ध्यान नदिएको पाइयो, न स्थानीय निकायले कुनै योजना बनाएको पाइयो । यतिसम्म कि बालबालिकाहरुले नियमित लगाउने खोपमा समेत यसले ठूलो प्रभाव पारेको देखिन्छ। बालबालिकाहरुमा पनि परिस्थितिको गम्भीरताप्रति कुनै चाँसो नभएको देखियो । समूहमा खेल्ने, डुल्नेजस्ता क्रियाकलापहरु बालबालिकाबाट हुनुले कोभिड १९ को संक्रमणलाई बढावा दिने देखिन्छ । जसले बालबालिकालाई मात्र नभएर पूरै समुदाय प्रभावित हुने देखिन्छ । यस



विद्यालय क्षेत्रमा रहेका माथिल्लो कक्षामा पढ्ने किशोर किशोरीहरु कोभिड १९ प्रति सजग र सचेत त पाइयो, तर अनावश्यक समूहमा घुम्ने, खोलातिर पौडी खेल्ना जाने कार्यले कोभिड १९को जोखिम नहोला भन्न सकिन्न । बालबालिकाहरु विद्यालय जान नपाए पनि घरमा वा साथीहरुसँग घुम्ने र समूहमा खेल्न बढी व्यस्त हुनाले उनीहरुको दैनिक कार्यमा असर त पर्ने नै देखिन्छ भने मानसिक रुपमा पनि यसको असर पर्ने देखिन्छ ।

यो विद्यालय बजार क्षेत्रबाट करिव ९ किलोमिटर टाढा रहेकाले विभिन्न मिडिया वा प्रविधिबाट पनि पछाडि रहेको छ । सबै अभिभावकहरु टिभि राख्ने पहुँचमा पनि नभएको अवस्था रहेकोले समस्या त छ नै । जसको घरमा टिभिको व्यवस्था रहेको छ सो घरमा भने बालबालिकाहरुले सो को सुविधा लिएको पाइयो । तर स्थानीय निकाय र विद्यालयले भने अन्य कुनै पनि उपायहरु अबलम्बन नगरेको पाइयो । स्थानीय टेलिभिजनहरुको सबैमा पहुँच नभएकाले पनि यो समस्या भएको हुनसक्छ । जसले गर्दा बालबालिकाको शैक्षिक अधिकारमा असर परिरहेको छ । तर सरल सामाजिक विकास र व्यक्तिगत सरसफाईजस्ता कुरामा सबैको ध्यान गएको कुरा सहजताका साथ लिन सकिन्छ ।

हर्कबहादुर ओली (कैलाली)



अन्तमा, यस क्षेत्रका सबैजसो अभिभावकहरु कृषिमा आश्रित भएकाले काममा जाने र उनीहरुका बालबालिकाहरु पनि सँगै जाने, घरमै भएका बाहिर खेल खेल्न जाने तथा शैक्षिक, सामाजिक, साँस्कृतिक र बौद्धिक विकासका क्रियाकलापमा संलग्न नहुनुले बालबालिकाको शैक्षिक क्षेत्र प्रभावित बनेको छ भन्ने कुरा प्रष्ट हुन्छ । यस क्षेत्रमा न स्थानीय सरकार, न विद्यालय व्यवस्थापन समिति, न शिक्षक अभिभावक संघ, न शिक्षकहरुकै सक्रियतामा वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन भएको पाइन्छ । यस क्षेत्रका व्यक्तिहरु काममै व्यस्त हुनु तथा घरमा पनि बालबालिकाको पढाइलाई प्रोत्साहन नदिने गरेको पाइन्छ । यसरी हेर्दा बालबालिकाको शैक्षिक तथा मनोबैज्ञानिक क्षेत्र नराम्ररी प्रभावित भएको छ । शिक्षा आजको मुख्य आवश्यकता हो भन्ने कुरा कतिपय जनमानसहरुलाई जानकारी भएता पनि अहिलेको परिस्थितिले गर्दा समस्या परिरहेको छ । यसको सहज निकासका लागि बेलैमा सम्बन्धित निकायले ध्यान दिन जरुरी देखिएको छ ।

## अध्ययनका सवल पक्षहरु

- स्थानीय सरकारले बन्दाबन्दीको अवस्थामा मजदुरी गरेर खाने परिवार र तिनीहरुका बालबालिकाहरुलाई राहत वितरणमा सहयोग गरेका छन् ।
- आफ्ना छोराछोरी छोडेर भारत तथा अन्य मुलुकहरुमा गएका अभिभावकहरु घरमा फर्केर बालबालिकासँगै रमाउन पाउँदा बालबालिकाहरु खुसी देखिन्छन् । यस बन्दाबन्दीको अवधीमा बालबालिकाहरुले परिवारसँग बसेर समय बिताउन पाएका छन्, जसका कारण परिवारसँग अझ घनिष्ठ सम्बन्ध गाँसिएको पाइन्छ ।
- अभिभावकदेखि बालबालिकासम्म हात धुनुपर्छ, मास्क लगाउनु पर्छ, नचिनेको व्यक्तिसँग नजिक जानुहुँदैन, आफ्नै घर भित्र बस्नु पर्छ भन्ने चेतना विस्तारै विकास हुँदै गएको छ ।

## अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- विद्यालयको कुनै पनि वैकल्पिक शैक्षिक कार्यक्रम सुरुवात नगर्नु तथा तत्काल सुरुवातको योजना नहुनु नराम्रो पक्ष हो ।
- विद्यालयले वैकल्पिक पढाइ तथा शैक्षिक विकासका कार्यक्रमहरु अगाडि सार्न आवश्यक छ जसमा सबै सरोकारवाला निकायले सहयोग गर्न आवश्यक छ ।
- बालबालिकालाई अभिभावकको निगरानि हुन जरुरी छ । अभिभावकले बालबालिकालाई अनिवार्य पढ्न प्रेरित गर्नुपर्दछ । यस अवधिमा बालबालिकालाई वेवास्ता नगर्ने तथा घरमै विद्यालयको वातावरण सिर्जन गर्नुपर्ने देखिन्छ ।
- समाज तथा घरमा अलमलिएर बसेका बालबालिकाहरुलाई पढाइमा केन्द्रित गराउन सबै निकायहरु सक्रिय भएर लाग्न आवश्यक छ ।

## मामला अध्ययनबाट भएको मुख्य सिकाइहरु

- घरमा बसेको समयमा बालबालिकाहरु घरको काम त सिक्छन् तर शैक्षिक उपलब्धी घरबाट

अपेक्षित मात्रामा हुन नसक्ने देखिन्छ । यसका लागि अवस्थाको अध्ययनमा आधारित शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## अध्ययनसँग सम्बन्धित सुझावहरु

- कोभिड १९ को कारणले प्रभावित भएका बालबालिकालाई मानसिक रुपमा उर्जाशील बनाउन मनोविमर्श सेवा, सामाजिक तथा संस्कारका कुरा सिकाउने, सामाजिक कार्यहरु गर्न दिने ।
- सबै बालबालिका तथा अभिभावकहरुलाई कोभिड १९ को बारेमा बुझाउन पनि त्यत्तिकै मात्रामा आवश्यक छ ।
- समाज तथा घरमा अलमलिएर बसेका बालबालिकाहरुलाई पढाइमा केन्द्रीत गराउनका लागि अभिभावकलाई नै बालबालिकाको पढाइमा सचेत गराउनु पर्ने आवश्यकता छ ।
- बालबालिकाको पढाइलाई निरन्तरता दिन बालबालिकालाई केन्द्रीत गरी स्थानीय रेडियो तथा टिभिमार्फत पढाइ कक्षा तथा अन्य वैकल्पिक शैक्षिक कार्यक्रम संञ्चालनको लागि पहल गर्नुपर्ने देखिन्छ ।
- राष्ट्रिय प्रसारणका टेलिभिजन कार्यक्रममा सबैको पहुँच नभएकोले समुदायमै वैकल्पिक शिक्षणका कार्यक्रमहरु जस्तो स्थानीय रेडियो शिक्षण कार्यक्रम, सिकाइ आदान-प्रदान रेडियो कार्यक्रम, रेडियो क्वीज, समुदायमा लाउड अडियो शिक्षण कार्यक्रमजस्ता कार्यक्रम गर्न सिफारिस गरिन्छ ।
- कोरोना कहर समाप्तपश्चात पनि यस क्षेत्र र त्यहाँका अभिभावक तथा बालबालिकाहरुको सामाजिक सुधारका लागि मनोसामाजिक मनोविमर्श सहयोगका कार्यक्रमहरुलाई निरन्तरता दिनुपर्ने ।
- क्वारेन्टिनमा बस्दाको बखत त्यहाँका अभिभावकले झेल्नु परेको मानसिक समस्याहरु कम गर्न शैक्षिक गतिविधि र अन्य जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- जतिसक्दो छिटो विद्यालयबाट क्वारेन्टिन हटाई विद्यालयलाई सेनिटाइज गरेर बालबालिकाको रोल नम्बरअनुसार जोर-विजोर प्रणाली शुरु गरी अध्ययनलाई निरन्तरता दिनुपर्ने देखिन्छ ।

## निश्कर्ष

समग्रमा भन्नुपर्दा कोभिड १९ का कारणले सुरु गरिएको लकडाउनले बालबालिकाको शैशिक तथा मनोबैज्ञानिक क्षेत्रलाई प्रभावित तुल्याएको देखिन्छ । बालबालिकाहरु शैक्षिक क्रियाकलापमा व्यस्त हुनुपर्ने समयमा घरमै बसेको र शैक्षिक क्रियाकलापहरु भन्दा घरायसी काममा व्यस्त हुने गरेकाले भोलीको शैक्षिक प्रतिष्पर्धामा यहाँका बालबालिकाहरु असक्षम हुने भएकोले स्थानीय सरकार तथा सरोकारवाला निकायले वैकल्पिक मार्गहरुका बारेमा सोच्न आवश्यक छ । विद्यालय, विव्यस, शिअसंघ तथा अभिभावकहरुले समयमै आफ्ना बालबालिकाको भविष्यका बारेमा सोचेर वैकल्पिक शैक्षिक कार्यक्रमहरु सुरुवात गर्न अति आवश्यक छ । साथै यस विषयमा स्थानीय सरकार र प्रदेश सरकारले पनि वैकल्पिक योजनाहरु बनाई चाँडै लागू गर्नुपर्ने देखिन्छ र यस विषयका स्थानीय व्यक्ति, विद्यालय परिवार, समुदाय, स्थानीय सरकार, सम्बन्धित निकायले उपयुक्त योजना बनाई काम गर्नुपर्ने देखिन्छ ।

❖❖❖

# विद्यालय शिक्षामा कोरोनाको प्रभाव

**हर्क बहादुर ओली (कैलाली)**

## पृष्ठभूमि

धनगढी उप-महानगरपालिका वडा नं. १२, जुगेडास्थित शारदा माध्यमिक विद्यालय विक्रम सम्वत् २०२३ सालमा स्थापना भएको हो। यस क्षेत्रकै पहिलो विद्यालयका रुपमा स्थापना भएको यो विद्यालयको सेवाक्षेत्रमा पहाडि जिल्ला जस्तैः बझाङ, डोटी, दार्चुला, बैतडी, बाजुरा, अछाम, डडेल्धुरालगायत जिल्लाका बासिन्दाहरुको बाहुल्यता रहेको छ।

सन् २०१९ डिसेम्बरमा चीनबाट फैलिएको कोभिड १९ ले विश्वभरका जनताहरु प्रभावित भइरहेको अवस्थामा नेपाल र नेपालीहरु पनि प्रभावित भइरहेका छन्। यो सँगै कैलाली र यस जिल्लामा भएका सबै स्थानीय तहका नागरिकहरुलाई पनि प्रभावित पारेको छ। साथै कोभिड १९ को असरले शारदा माध्यमिक विद्यालय र विद्यालयको सेवाक्षेत्रभित्र रहेका बालबालिकाहरुलाई पनि प्रत्यक्ष रुपमा प्रभावित पारेको छ। यो सँगै यो विद्यालयलाई यहाँको स्थानीय निकायले क्वारेन्टिन बनाई विभिन्न मुलुकहरुबाट आएका कोरोना संक्रमण सम्भावित मानिसहरुलाई राख्ने गरेको छ।

## अध्ययनको सान्दर्भिकता तथा औचित्य

विश्वव्यापी माहमारीको रुपमा फैलिएको कोभिड १९ को कारणले यस विद्यालयको सेवाक्षेत्र तथा विद्यालयका बालबालिकालाई पारेको प्रत्यक्ष असर तथा प्रभावबारे अध्ययन गरी यस प्रभावको न्यूनीकरणमा तथा बालबालिकाको चौतर्फी विकासमा के कस्ता कार्यक्रमहरु विद्यालय, स्थानीय सरकार तथा सम्बन्धित निकायले लागू गर्न सक्छन् भन्ने प्रष्ट्याउन यस अध्ययनले सहायता पुऱ्याउनेछ भन्ने विश्वास गरिएको छ। कोभिड १९ को असरले अहिले मुलुकभर ६० लाखभन्दा बढी बालबालिकाहरु अफ्नो नियमित सिकाइ क्रियाकलापबाट बञ्चित भई घरमा नै बस्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ। कोभिड १९ ले प्रभावित पारेको यस शारदा माध्यमिक विद्यालयको सेवाक्षेत्र वरिपरिका बालबालिकाहरु पनि घरमै बसिरहेका छन्। यस अवस्थामा बालबालिकामा परेको सामाजिक, भावनात्मक, मनोसामाजिक तथा पारिवारिक प्रभावको बारेमा अध्ययन गरी समाधानका उपायहरु खोज्न यस अध्ययनले सहयोग पुग्नेछ। यो अध्ययनको रिपोर्ट अध्ययनपश्चात विद्यालय, विभिन्न संघसंस्था तथा स्थानीय सरकारले बालबालिकामा परेको विभिन्न नकारात्मक असरका बारेमा थप छानबिन तथा खोज अनुसन्धान गरी तिनीहरुले आफ्ना नीति तथा कार्यक्रममा बालबालिकालाई केन्द्रीत गरी समेट्ने अपेक्षा यस अध्ययनले गरेको छ, जसले बालबालिकालाई केही हदसम्म सहयोग पुग्ने देखिन्छ।

## अध्ययनको उद्देश्य

- कोभिड १९ का कारणले यस विद्यालय सेवाक्षेत्रका बालबालिका तथा किशोर किशोरीहरुमा पारेको प्रभाव र सो को विद्यालय तथा अन्य सरोकारवाला निकायले गरेको क्रियाकलापको अध्ययन गर्ने।
- लकडाउनको समयमा यस विद्यालयको सेवाक्षेत्रका बालबालिकाको शैक्षिक तथा बाल मनोसामाजिक आदि क्षेत्रमा विद्यालयले गरेका गतिविधिहरु र तिनले पारेको प्रभाव पहिचान गरी सुधार तथा निरन्तरताका लागि आवश्यक सुझाव दिने।

## अध्ययनको क्षेत्र

- यस अध्ययनले विद्यालयको सेवा क्षेत्रका बालबालिकाको शारीरिक, मानसिक, मनोसामाजिक मनोविमर्शको अवस्था तथा कोभिड १९ ले पारेको प्रभावको समयमा विद्यालयका गतिविधिहरु समेटेको छ।

## मामलाको विस्तृत विवरण (अन्तरवस्तु)

कोभिड १९ को कारणले भएको लकडाउनको प्रत्यक्ष प्रभाव धनगढी उप-महानगरपालिका वडा नं. १२ स्थित श्री शारदा माध्यमिक विद्यालयमा पनि परेको छ। कोभिड १९ को कारणले विद्यालयको सेवा क्षेत्रमा रहेका विद्यालय उमेर समूहका करिव ५५० जना बालबालिकाहरु विद्यालय जान नपाई हाल घरमै बसिरहेका छन् । विद्यालयले कुनै पनि किसिमको शिक्षण सिकाइका वैकल्पिक क्रियाकलापहरु सञ्चालन गरेको छैन। धनगढी उप-महानगरपालिकाका अधिकांश विद्यालयहरुले यस अघि प्रत्येक बर्षको बैशाख पहिलो साताभित्र विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने गरेका थिए । तर यस वर्ष कुनै पनि विद्यालयले विद्यार्थी भर्ना अभियान सञ्चालन गरेका छैनन् । यसको असर यो विद्यालयलाई पनि परेको छ, शिक्षकहरु पनि घरमै बसिरहेका छन् । जसले गर्दा बालबालिकाको पठनपाठनमा प्रत्यक्ष अवरोध आएको छ। दैनिकरुपमा शिक्षण सिकाइ क्रियाकलापमा संलग्न हुनुपर्ने बालबालिका घरमा रहनुपर्दा उनीहरुको शिक्षण क्रियाकलाप अवरुद्ध हुनु स्वभाविक हो र भएको पनि छ।

कोभिड १९ को अवस्थाले विद्यालय परिवार तथा अभिभावक, र त्यहाँका सरोकारवालाहरुलाई चिन्तित बनाएको भएता पनि बालबालिकालाई शिक्षण सिकाइका वैकल्पिक पक्षहरुको पहिचान गरी सुरुवात गरेको देखिंदैन। अहिले त्यस क्षेत्रका बालबालिकाहरु



दिनभर गाई-गोरु चराउने, आफ्ना अभिभावकहरुसँग मेलापात गर्नेजस्ता कार्यहरुमा लागिरहेका छन्। लकडाउनका समयमा बालबालिकाहरु विद्यालय नगएर घरमै बसेका तथा तिनीहरुका अभिभावकहरु खेतीपाती जस्तैः गहुँ काट्ने, खेत जोत्ने तथा रोपाइमा व्यस्त भएको कारण पनि बालबालिकाहरुले पढाइमा ध्यान नदिएको पाइयो । विद्यालय जाने उमेरमा बालबालिकाहरु घरमै हुनु तथा अभिभावकले पनि तिनीहरुको शिक्षा विकाससँगै सर्वाङ्गिण विकासमा ध्यान नदिनु नै बालबालिकाको शैक्षिक विकासको बाधक हो भन्न सकिन्छ।

स्वास्थ्यको हिसाबले बालबालिकाहरु विशेषगरी सानो उमेरका बालबालिकाहरुलाई कोभिड १९ का बारेमा जानकारी दिनुपर्छ भन्ने कुरा अभिभावकले ध्यान दिएको पाइएता पनि बालबालिकाहरु दिनभर खेलिरहने तथा अनावश्यक डुलिरहने भएकाले तथा समूहमा खेल्नेजस्ता क्रियाकलापहरु बालबालिकाबाट साथमा हुनुले कोभिड १९ को संक्रमणलाई बढावा दिने देखिन्छ। जसले बालबालिकालाई मात्र नभएर सिङ्गो समुदाय प्रभावित हुने देखिन्छ। धनगढी उप-महानगरपालिकाले यो विद्यालयलाई क्वारेन्टिन बनाएको छ र यो मामला अध्ययन गर्दाको समयमा सो क्वारेन्टिनमा बसेका मध्ये ६ जना आरडिटी

पोजेटिभ र १ जना पीसीआर पोजेटिभ देखिएकाले त्यस क्षेत्रका बालबालिकाहरुमा झन् भय र त्रास थपेको देखिन्छ । यस अवस्थाले बालबालिकामा मात्र होइन समुदायस्तरमा नै त्रास फैलिएको छ। हाल कोरोना भाइरस समुदायस्तरमा पनि फैलिइसकेको र स्थानीय निकायले यसका प्रति उचित कार्यक्रमहरु नल्याउँदा झन् ठूलो असर परेको देखिन्छ। सबैको मुखबाट कोरोनाकै बारेमा सुनिरहनुपर्दा र त्यस प्रतिका डरको कारणले बालबालिकामा थप भय पैदा भएको पाइयो।

यो विद्यालय बजार क्षेत्रबाट करिव ८ किलोमिटर टाढा रहेकाले बजारमा भएका निजी विद्यालयहरुले शुरु गरेको अनलाइन पढाइ, स्थानीय एफमबाट हुने पढाइ, स्थानीय टेलिभिजनबाट हुने पढाइलाई यो क्षेत्रमा पनि शुरु गर्ने र यस क्षेत्रका बालबालिकाहरुलाई पढाइमा पहुँच पुऱ्याउने कुरामा स्थानीय सरकारले पहल गर्ने कुरा बताइएको छ। जसले बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित हुने कुरामा दुईमत छैन। तर यो अध्ययन तयार गर्दासम्म यस्ता कुनै पनि कार्यक्रम सुरुवात गरेको पाइएन। तर सरल सामाजिक विकास र व्यक्तिगत सरसफाइजस्ता कुरामा सबैको ध्यान गएको कुरा सहजताका साथ लिन सकिन्छ।

अन्त्यमा, यस क्षेत्रमा भएका सबैजसो अभिभावकहरु मजदुरी गरी गुजारा चलाउने भएकाले उनीहरु काममा जाने र बालबालिकाहरु पौडी खेल्न जाने, घर बाहिर खेल खेल्न जाने, मोबाइलमा भुल्ने तथा शैक्षिक, सामाजिक, साँस्कृतिक र बौद्धिक विकासका क्रियाकलापमा संलग्न नहुनाले बालबालिकाको शैक्षिक क्षेत्र प्रभावित बनेको छ भन्ने कुरा प्रष्ट हुन्छ। यस क्षेत्रमा न स्थानीय सरकार, न विद्यालय व्यवस्थापन समिति, न शिक्षक अभिभावक संघ, न शिक्षककै सक्रियतामा वैकल्पिक शैक्षिक कार्यक्रम भएको पाइन्छ। यस क्षेत्रका सबै व्यक्तिहरु काममै व्यस्त हुनु तथा घरमा पनि बालबालिकाको पढाइलाई प्रोत्साहन नदिने गरेको पाइन्छ । यसरी हेर्दा बालबालिकाको शैक्षिक तथा मनोबैज्ञानिक क्षेत्र नराम्ररी प्रभावित भएको छ । सहजताका लागि बेलैमा सम्बन्धित निकायले ध्यान दिन जरुरी देखिएको छ।

## अध्ययनका सवल पक्षहरु

- स्थानीय सरकारले बन्दाबन्दीको अवस्थामा मजदुरी गरेर खाने परिवार र तिनीहरुका बालबालिकाहरुलाई राहत वितरणमा सहयोग गरेका छन्।
- आफ्ना छोराछोरी छोडेर भारत तथा अन्य मुलुकहरुमा गएका अभिभावकहरु घरमा फर्केर बालबालिकासँगै रमाउन पाउँदा बालबालिकाहरु खुसी देखिन्छन् । यस बन्दाबन्दीको अवधीमा बालबालिकाहरुले परिवारसँग बसेर समय बिताउन पाएका छन्, जसका कारण परिवारसँग अझ घनिष्ठ सम्बन्ध गाँसिएको पाइन्छ।
- अभिभावकदेखि बालबालिकासम्म हात धुनुपर्छ, मास्क लगाउनु पर्छ, नचिनेको व्यक्तिसँग नजिक जानुहुँदैन, आफ्नै घर भित्र बस्नु पर्छ भन्ने चेतना विस्तारै विकास हुँदै गएको छ।

## अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- विद्यालयले कुनै पनि वैकल्पिक शैक्षिक कार्यक्रम सुरुवात नगर्नु तथा तत्काल सुरुवातको योजना नहुनु नराम्रो पक्ष हो। विद्यालयले वैकल्पिक पढाइ तथा शैक्षिक विकासका कार्यक्रमहरु अगाडि सार्न आवश्यक छ जसमा सबै सरोकारवाला निकायले सहयोग गर्न आवश्यक छ।
- बालबालिकालाई अभिभावकको निगरानी हुन

जरुरी छ । अभिभावकले बालबालिकालाई अनिवार्य पढ्न प्रेरित गर्नुपर्दछ । यस अवधीमा बालबालिकालाई वेवास्ता नगर्ने तथा घरमै विद्यालयको वातावरण सिर्जन गर्नुपर्ने देखिन्छ ।

- समाज तथा घरमा अलमलिएर बसेका बालबालिकाहरुलाई पढाइमा केन्द्रीत गराउन सबै निकायहरु सक्रिय भएर लाग्न आवश्यक छ ।

## मामला अध्ययनबाट भएका मुख्य सिकाइहरु

- शैक्षिक उपलब्धी घरबाट अपेक्षित मात्रामा हुन नसक्ने सिकाइ देखिएको छ । यसका लागि अवस्थाको अध्ययनमा आधारित शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## अध्ययनसँग सम्बन्धित सुझावहरु

- कोभिड १९ को कारणले प्रभावित भएका बालबालिकालाई मानसिक रुपमा उर्जाशील बनाउन मनोविमर्श सेवा, सामाजिक तथा संस्कारका कुरा सिकाउने, सामाजिक कार्यहरु गर्न दिने ।
- सबै बालबालिका तथा अभिभावकहरुलाई कोभिड १९ को बारेमा बुझाउन पनि आवश्यक छ ।
- समाज तथा घरमा अलमलिएर बसेका बालबालिकाहरुलाई पढाइमा केन्द्रीत गराउनका लागि अभिभावकलाई नै सचेत गराउनुपर्ने देखिन्छ ।
- बालबालिककाको पढाइलाई निरन्तरता दिन स्थानीय रेडियो तथा टिभीमार्फत कक्षा सञ्चालन गर्ने तथा अन्य वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालनको लागि पहल गर्नुपर्ने देखिन्छ ।
- राष्ट्रिय प्रसारणका टेलिभिजन कार्यक्रममा सबैको पहुँच नभएकोले समुदायमै वैकल्पिक शिक्षणका कार्यक्रमहरु जस्तैः स्थानीय रेडियो शिक्षण कार्यक्रम, आजको सिकाइ आदान-प्रदान रेडियो कार्यक्रम, रेडियो क्वीज, समुदायमा लाउड अडियो शिक्षण कार्यक्रमजस्ता कार्यक्रम गर्न सुझाव छ ।

## निश्कर्ष

समग्रमा भन्नुपर्दा कोभिड १९ तथा लकडाउनले बालबालिकाको शैक्षिक तथा मनोबैज्ञानिक क्षेत्रलाई प्रभावित तुल्याएको देखिन्छ । बालबालिकाहरु शैक्षिक क्रियाकलापमा व्यस्त हुने यस समयमा घरमै बसेको र शैक्षिक क्रियाकलापहरु भन्दा घरायसी काममा व्यस्त हुने गरेकाले भोलीको शैक्षिक प्रतिस्पर्धामा यहाँका बालबालिकाहरु असक्षम हुने भएकोले स्थानीय सरकार तथा सरोकारवाला निकायले वैकल्पिक मार्गहरुका बारेमा सोच्न आवश्यक छ । विद्यालय, विव्यस, शिअसंघ तथा अभिभावकहरुले समयमै आफ्ना बालबालिकाको भविष्यका बारेमा सोचेर वैकल्पिक शैक्षिक कार्यक्रमहरु सुरुवात गर्न अति आवश्यक छ । साथै यस विषयमा स्थानीय सरकार र प्रदेश सरकारले पनि वैकल्पिक योजनाहरु बनाई तुरुन्त लागू गर्नुपर्ने देखिन्छ र यस विषयमा स्थानीय व्यक्ति, विद्यालय परिवार, समुदाय, स्थानीय सरकार, सम्बन्धित निकायले उपयुक्त योजना बनाई उपयुक्त परिचालनमा ध्यान दिन जरुरी छ ।

❖❖❖

# बालबालिकाको शिक्षामा कोभिड १९ को प्रभाव

हर्क बहादुर ओली (कैलाली)

## पृष्ठभूमि

सुदुरपश्चिम प्रदेश, कैलाली जिल्ला धनगढी उप-महानगरपालिका वडा नं. ९, सल्लाघारीमा श्री जनकल्याण मावि, घुईयाट रहेको छ । कोभिड १९ को प्रभावपछि यो विद्यालय बन्द रहेको छ । यस विद्यालयलाई कोभिड १९ को प्रभावपश्चात यहाँको स्थानीय निकायले क्वारेन्टिन बनाई विभिन्न छिमेकी मुलुकहरुबाट आएका मानिसहरुलाई राख्ने गरेको छ। थारु समुदायको बाहुल्यता रहेको यस क्षेत्रमा पहिलो विद्यालयका रुपमा स्थापना भएको यो विद्यालयको सेवा क्षेत्रमा विशेषगरी तराई क्षेत्रका रैथाने समुदायका राना र चौधरी थारुहरुको बस्ती रहेको छ । केही समयपश्चात पहाडी जिल्लाका बासिन्दाहरु बसाई सरेर यो ठाउँमा आगमन भएता पनि उनीहरुको थोरै जनसंख्या रहेको छ । यस क्षेत्रमा बसोबास गर्ने मानिसहरु मूलतः कृषि पेशामा आश्रित रहेको पाइन्छ। सुरु सुरुमा यहाँका थारु समुदायमा बालबालिकाहरुको सानै उमेरमा बिबाह गर्ने, अरुको घरमा कमैयाका रुपमा काम गर्ने, गर्भमा रहेको बच्चाको पनि बिबाह तय गर्ने चलन थियो । पछि मात्र यो समुदायमा बालबालिकालाई पढाउनु पर्छ भन्ने भावना विकास भई बालबालिकाहरुलाई विद्यालय पठाउने चलन प्रारम्भ भएको पाइन्छ।

सन् २०१९ को अन्तिम महिनादेखि फैलिएको कोभिड १९ ले विश्वभरका समुदायलाई आक्रान्त पारिरहेको बेला नेपाल र नेपालीहरु पनि प्रभावित भईरहेका छन्। यो सँगै कैलाली र यस जिल्लामा रहेका सबै स्थानीय तहका नागरिकहरुलाई पनि प्रभावित पारेको छ। साथै कोभिड १९ ले जनकल्याण माध्यमिक विद्यालय र विद्यालयको सेवाक्षेत्र भित्र रहेका बालबालिकाहरुलाई पनि प्रत्यक्ष रुपमा प्रभावित पारेको छ। यो विद्यालयलाई यहाँको स्थानीय निकायले क्वारेन्टिन बनाई विभिन्न मुलुकहरुबाट आएका मान्छेहरुलाई राख्ने गरेको छ र यो केशस्टडी तयार पार्दासम्म कुनै पनि व्यक्तिलाई कोरोना भाइरस संक्रमण देखिएको थिएन।

## अध्ययनको सान्दर्भिकता तथा औचित्य

विश्वव्यापी माहमारीको रुपमा फैलिएको कोभिड १९ को कारणले यस विद्यालयको सेवाक्षेत्र तथा विद्यालयका बालबालिकालाई पारेको प्रत्यक्ष असर तथा प्रभावबारे अध्ययन गरी यस प्रभावको न्यूनीकरणमा तथा बालबालिकाको चौतर्फी विकासमा के कस्ता कार्यक्रमहरु विद्यालय, स्थानीय सरकार तथा सम्बन्धित निकायले लागू गर्न सक्छन् भन्ने प्रष्ट्याउन यस अध्ययनले सहायता पुर्‍याउनेछ भन्ने विश्वास गरिएको छ। कोभिड १९ को असरले अहिले मुलुकभर ६० लाखभन्दा बढी बालबालिकाहरु अफ्नो नियमित सिकाइ क्रियाकलापबाट बञ्चित भई घरमा नै बस्नुपर्ने वाध्यात्मक अवस्था सिर्जना भएको छ। कोभिड १९ ले प्रभावित पारेको यस शारदा माध्यमिक विद्यालयको सेवाक्षेत्र वरिपरिका बालबालिकाहरु पनि घरमै बसिरहेका छन् । यस अवस्थामा बालबालिकामा परेको सामाजिक, भावनात्मक, मनोसामाजिक तथा पारिवारिक प्रभावको बारेमा अध्ययन गरी समाधानका उपायहरु खोज्न यस अध्ययनले सहयोग पुग्नेछ । यो अध्ययनको रिपोर्ट अध्ययनपश्चात विद्यालय, विभिन्न संघसंस्था तथा स्थानीय सरकारले बालबालिकामा

परेको विभिन्न नकारात्मक असरका बारेमा थप छानबिन तथा खोज अनुसन्धान गरी तिनीहरुले आफ्ना नीति तथा कार्यक्रममा बालबालिकालाई केन्द्रीत गरी समेट्ने अपेक्षा यस अध्ययनले गरेको छ, जसले बालबालिकालाई केही हदसम्म सहयोग पुग्ने देखिन्छ।

## अध्ययनको उद्देश्य

- कोभिड १९ का कारणले यस विद्यालय सेवाक्षेत्रका बालबालिका तथा किशोर किशोरीहरुमा परेको प्रभाव र सो को व्यवस्थापनमा विद्यालय तथा अन्य सरोकारवाला निकायले गरेको क्रियाकलापको अध्ययन गर्ने।
- लकडाउनको समयमा यस विद्यालयको सेवाक्षेत्रका बालबालिकाको शैक्षिक तथा बाल मनोसामाजिक आदि क्षेत्रमा विद्यालयले गरेका गतिविधिहरु र तिनले पारेको प्रभाव पहिचान गरी सुधार तथा निरन्तरताका लागि आवश्यक सुझाव दिने।

## अध्ययनको क्षेत्र

- यस अध्ययनले विद्यालयको सेवा क्षेत्रका बालबालिकाको शारीरिक, मानसिक, मनोसामाजिक तथा मनोविमर्शको अवस्था तथा कोभिड १९ ले पारेको प्रभावको समयमा विद्यालयका गतिविधिहरु यस अध्ययनका मुख्य क्षेत्र हुन्।

## मामलाको विस्तृत विवरण (अन्तरवस्तु)

कोभिड १९ को कारणले भएको लकडाउनको प्रत्यक्ष प्रभाव धनगढी उप-महानगरपालिका वडा नं. ९ स्थित श्री जनकल्याण माध्यमिक विद्यालय र यस विद्यालयको कार्यक्षेत्रमा पनि परेको पाइन्छ । कोभिड १९ को कारणले विद्यालयको सेवाक्षेत्रमा रहेका विद्यालय उमेर समूहका करिव ४५० जना बालबालिकाहरु विद्यालय जान नपाई हाल घरमै बसिरहेका छन् । विद्यालयले कुनै पनि किसिमको शिक्षण सिकाइका वैकल्पिक क्रियाकलापहरु सञ्चालनमा ल्याएको छैन। यस धनगढी उप-महानगरपालिकाका अधिकांश विद्यालयहरुले प्रत्येक बर्षको बैशाख पहिलो साताभित्र विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने गरेका थिए। तर यस वर्ष कुनै पनि विद्यालयले विद्यार्थी भर्ना अभियान सञ्चालन गरेका छैनन् । यसको असर यो विद्यालयलाई पनि परेकोछ, शिक्षकहरु पनि घरमै बसिरहेका छन्। जसले गर्दा बालबालिकाको पठनपाठन अबरुद्ध हुँदै आएको छ । दैनिक रुपमा शिक्षण सिकाइ क्रियाकलापमा संलग्न हुनुपर्ने बालबालिका घरमा रहनुपर्दा उनीहरुको शिक्षण क्रियाकलाप अबरुद्ध हुनु स्वाभाविक हो र भएको पनि छ।

कोभिड १९ को अवस्थाले विद्यालय परिवार तथा अभिभावक, र त्यहाँका सरोकारवालाहरुलाई चिन्तित बनाएको भएता पनि बालबालिकालाई शिक्षण सिकाइका वैकल्पिक पक्षहरुको पहिचान गरी सुरुवात गरेको देखिंदैन। अहिले त्यस क्षेत्रका बालबालिकाहरु दिनभर गाई-गोरु चराउने, आफ्ना अभिभावकहरुसँग मेलापात गर्ने, खोलामा माछा मार्न जानेजस्ता कार्यहरुमा लागिरहेका छन् । लकडाउनका समयमा बालबालिकाहरु विद्यालय नगएर घरमै बसेका तथा तिनीहरुका अभिभावकहरु खेतीपाती जस्तैः गहुँ काट्ने, खेत जोत्ने तथा रोपाइँमा व्यस्त भएको कारण पनि बालबालिकाहरुले पढाइमा ध्यान नदिएको पाइयो । विद्यालय जाने उमेरमा बालबालिकाहरु घरमै हुनु तथा अभिभावकले पनि तिनीहरुको शिक्षा विकाससँगै सर्वोपरी विकासमा ध्यान नदिनु नै बालबालिकाको शैक्षिक विकासको बाधक अवस्था बनेको छ।

स्वास्थ्यको हिसावले बालबालिकाहरु विशेष गरी सानो उमेरका बालबालिकाहरुलाई कोभिड १९ का

बारेमा जानकारी दिनुपर्छ भन्ने कुरा अभिभावकले ध्यान दिएको पाइए पनि बालबालिकाहरु दिनभर समूहमा खेलिरहने तथा अनावश्यक डुलिरहने भएकाले तथा समूहमा खेल्नेजस्ता क्रियाकलापहरु बालबालिकाबाट हुनुले कोभिड १९ को संक्रमणलाई बढावा हुने देखिन्छ । जसले बालबालिकालाई मात्र नभएर पूरै समुदाय प्रभावित हुने देखिन्छ । धनगढी उप-महानगरपालिकाले यो विद्यालयलाई क्वारेन्टिन बनाएको छ । यसै वडाको यो सँगै नजिक रहेको अर्को विद्यालयको क्वारेन्टिनमा कोरोना भाइस पोजेटिभ देखापर्नु र यो विद्यालय भारतसँगको सिमानाबाट पनि नजिक पर्ने हुनाले कुनै व्यक्ति रातिको समयमा समुदायमा प्रवेश गरी समस्या हुन्छ कि भनेर यस क्षेत्रमा कोरोना प्रतिको त्रास बढेको छ, जसले बाल विकासमा त प्रभाव पार्ने देखिन्छ नै अझ रोग लागिहाले के होला ? भन्ने कुराले समुदायमा त्रास फैलिएको छ । हाल कोरोना भाइरस समुदाय स्तरमा पनि फैलिसकेको र स्थानीय निकायले यसप्रति उचित कार्यक्रमहरु नल्याउँदा झन् ठूलो असर परेको देखिन्छ । सबैको मुखबाट कोरोनाको समाचार सुनिनाले र त्यस प्रतिको डरको कारणले बालबालिका बढी डराउने गरेका पाइयो ।

यो विद्यालय बजार क्षेत्रबाट करिव ७/८ किलोमिटर जति टाढा रहेको छ । स्थानीय निकाय तथा यस विद्यालयले अहिलेसम्म अनलाइन कक्षा पढाइ, स्थानीय एफमबाट हुने पढाइ, स्थानीय टेलिभिजनबाट हुने पढाइलाई यो क्षेत्रमा पनि शुरु गरेको अवस्था छैन । न त यस क्षेत्रका बालबालिकाहरुलाई पढाइमा पहुँच पुऱ्याउने कुरामा स्थानीय सरकारले पहल गरेको पाइन्छ । तर सरल सामाजिक विकास र व्यक्तिगत सरसफाइजस्ता कुरामा सबैको ध्यान गएको कुरा सहजताका साथ लिन सकिन्छ ।

अन्त्यमा, यस क्षेत्रमा भएका सबैजसो अभिभावकहरु मजदुरी गरी गुजारा चलाउने भएकाले उनीहरु काममा जाने र बालबालिकाहरु पौडी खेल्न जाने, घर बाहिर खेल खेल्न जाने, मोबाइलमा भुल्ने तथा शैक्षिक, सामाजिक, साँस्कृतिक र बौद्धिक विकासका क्रियाकलापमा संलग्न नहुनाले बालबालिकाको शैक्षिक क्षेत्र प्रभावित बनेको छ भन्ने कुरा प्रष्ट हुन्छ। यस क्षेत्रमा न स्थानीय सरकार, न विद्यालय व्यवस्थापन समिति, न शिक्षक अभिभावक संघ, न शिक्षककै सक्रियतामा वैकल्पिक शैक्षिक कार्यक्रम भएको पाइन्छ। यस क्षेत्रका सबै व्यक्तिहरु काममै व्यस्त हुनु तथा घरमा पनि बालबालिकाको पढाइलाई प्रोत्साहन नदिने गरेको पाइन्छ । यसरी हेर्दा बालबालिकाको शैक्षिक तथा मनोबैज्ञानिक क्षेत्र नराम्ररी प्रभावित भएको छ । सहजताका लागि बेलैमा सम्बन्धित निकायले ध्यान दिन जरुरी देखिएको छ।

### अध्ययनका सवल पक्षहरु

- स्थानीय सरकारले बन्दाबन्दीको अवस्थामा मजदुरी गरेर खाने परिवार र तिनीहरुका बालबालिकाहरुलाई राहत वितरणमा सहयोग गरेका छन् ।
- आफ्ना छोराछोरी छोडेर भारत तथा अन्य मुलुकहरुमा गएका अभिभावकहरु घरमा फर्केर बालबालिकासँगै रमाउन पाउँदा बालबालिकाहरु खुसी देखिन्छन् । यस बन्दाबन्दीको अवधीमा बालबालिकाहरुले परिवारसँग बसेर समय बिताउन पाएका छन्, जसका कारण परिवारसँग अझ घनिष्ठ सम्बन्ध गाँसिएको पाइन्छ।
- अभिभावकदेखि बालबालिकासम्म हात धुनुपर्छ, मास्क लगाउनु पर्छ, नचिनेको व्यक्तिसँग नजिक जानुहुँदैन, आफ्नै घर भित्र बस्नु पर्छ भन्ने चेतना विस्तारै विकास हुँदै गएको छ।

## अध्ययनबाट प्राप्त सुधार गर्नुपर्ने पक्षहरु

- विद्यालयले कुनै पनि वैकल्पिक शैक्षिक कार्यक्रम सुरुवात नगर्नु तथा तत्काल सुरुवातको योजना नहुनु नराम्रो पक्ष हो। विद्यालयले वैकल्पिक पढाइ तथा शैक्षिक विकासका कार्यक्रमहरु अगाडि सार्न आवश्यक छ जसमा सबै सरोकारवाला निकायले सहयोग गर्न आवश्यक छ।
- बालबालिकालाई अभिभावकको निगरानी हुन जरुरी छ । अभिभावकले बालबालिकालाई अनिवार्य पढ्न प्रेरित गर्नुपर्दछ । यस अवधीमा बालबालिकालाई वेवास्ता नगर्ने तथा घरमै विद्यालयको वातावरण सिर्जन गर्नुपर्ने देखिन्छ।
- समाज तथा घरमा अलमलिएर बसेका बालबालिकाहरुलाई पढाइमा केन्द्रीत गराउन सबै निकायहरु सक्रिय भएर लाग्न आवश्यक छ।

## मामला अध्ययनबाट भएको मुख्य सिकाइहरु

- शैक्षिक उपलब्धी घरबाट अपेक्षित मात्रामा हुन नसक्ने सिकाइ देखिएको छ । यसका लागि अवस्थाको अध्ययनमा आधारित शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

## अध्ययनसँग सम्बन्धित सुझावहरु

- कोभिड १९ को कारणले प्रभावित भएका बालबालिकालाई मानसिक रुपमा उर्जाशील बनाउन मनोविमर्श सेवा, सामाजिक तथा संस्कारका कुरा सिकाउने, सामाजिक कार्यहरु गर्न दिने।
- सबै बालबालिका तथा अभिभावकहरुलाई कोभिड १९ को बारेमा बुझाउन पनि त्यत्तिकै मात्रामा आवश्यक छ।
- समाज तथा घरमा अलमलिएर बसेका बालबालिकाहरुलाई पढाइमा केन्द्रीत गराउनका लागि अभिभावकलाई नै बालबालिकाको पढाइमा सचेत गराउनु पर्ने आवश्यकता छ।
- बालबालिकाको पढाइलाई निरन्तरता दिन बालबालिकालाई केन्द्रीत गरी स्थानीय रेडियो तथा टिभिमार्फत पढाइ कक्षा तथा अन्य वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालनको लागि पहल गर्नुपर्ने देखिन्छ।
- राष्ट्रिय प्रशारणका टेलिभिजन कार्यक्रममा सबैको पहुँच नभएकोले समुदायमै वैकल्पिक शिक्षणका कार्यक्रमहरु जस्तैः स्थानीय रेडियो शिक्षण कार्यक्रम, आजको सिकाइ आदान-प्रदान रेडियो कार्यक्रम, रेडियो क्वीज, समुदायमा लाउड अडियो शिक्षण कार्यक्रमजस्ता कार्यक्रम गर्न उपयोगी हुने देखिन्छ।

## निश्कर्ष

समग्रमा भन्नुपर्दा कोभिड १९ तथा लकडाउनले बालबालिकाको शैक्षिक तथा मनोबैज्ञानिक क्षेत्रलाई प्रभावित तुल्याएको देखिन्छ। बालबालिकाहरु शैक्षिक क्रियाकलापमा व्यस्त हुने यस समयमा घरमै बसेको र शैक्षिक क्रियाकलापहरु भन्दा घरायसी काममा व्यस्त हुने गरेकाले भोलीको शैक्षिक प्रतिस्पर्धामा यहाँका बालबालिकाहरु असक्षम हुने भएकोले स्थानीय सरकार तथा सरोकारवाला निकायले वैकल्पिक मार्गहरुका बारेमा सोच्न आवश्यक छ । विद्यालय, विव्यस, शिअसंघ तथा अभिभावकहरुले समयमै आफ्ना बालबालिकाको भविष्यका बारेमा सोचेर वैकल्पिक शैक्षिक कार्यक्रमहरु सुरुवात गर्न अति आवश्यक छ। साथै यस विषयमा स्थानीय सरकार र प्रदेश सरकारले पनि वैकल्पिक योजनाहरु बनाई तुरुन्त लागू गर्नुपर्ने देखिन्छ र यस विषयमा स्थानीय व्यक्ति, विद्यालय परिवार, समुदाय, स्थानीय सरकार, सम्बन्धित निकायले उपयुक्त योजना बनाई उपयुक्त परिचालनमा ध्यान दिन जरुरी छ।

❖❖❖

हर्क बहादुर ओली (कैलाली)

## शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिई नेपाल)

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल देशका विभिन्न ३६४ राष्ट्रिय /अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, शिक्षक संगठन, शिक्षामा क्रियाशील संचार माध्यमहरु तथा अन्य समुदाय स्तरमा परिचालित संघसंस्थाहरुको एक राष्ट्रिय सञ्जाल हो । सार्वजनिक शिक्षा सुढृढीकरण गर्ने र प्रत्येक नागरिकको शिक्षा पाउने अधिकार सुनिश्चित गर्ने उद्देश्यका साथ सन् २००३ मा शिक्षाका लागि विश्वव्यापी अभियान नेपाल च्याप्टरको रुपमा आफ्नो यात्रा सुरुवात गरेको यस अभियानले गुणस्तरीय, समावेशी र समतामूलक शिक्षा सुनिश्चित गर्नका लागि स्थापनाकालदेखि नै काम गर्दै आइरहेको छ। एनसिई-नेपाल गुणस्तरीय शिक्षाको सुनिश्चित गर्नका लागि आवाज विहीनहरुको आवाज बुलन्द पार्ने एक नागरिक आन्दोलन हो । समतामूलक समाज निर्माणको आधारको रुपमा शिक्षाको अधिकारलाई स्थापित गर्न नीतिगत पैरवी र कार्यान्वयनमा निरन्तर खवरदारी एवम् साझेदारी गर्दै शिक्षाको नागरिक सञ्जालको रुपमा यो संस्था निरन्तर अगाडि बढीरहेको छ। एनसिई-नेपाल आफ्ना सदस्यहरु बीच विभिन्न अनुभव आदानप्रदान गर्दै उनीहरुका साझा मुद्दा र अभियानमा हातेमालो गर्ने एउटा विशिष्ट मञ्चका रुपमा विकसित भइरहेको छ।

## दूर दृष्टि (Vision)

शिक्षाका माध्यमबाट प्रत्येक नागरिकको सशक्तीकरण गर्दै समातामूलक, समावेशी र शान्तिपूर्ण समाजमा आफ्नो सर्वोपरी हितका निमित्त क्रियाशील रहने ।

## परिकल्पना (Mission)

शिक्षा क्षेत्रको नीतिगत विकास र कार्यान्वयनको अवस्थालाई सुदृढ गर्न दवाब समूहको रुपमा कार्य गर्दै तथा नियमन गर्दै सीमान्तकृत, विपन्न र अवसरबाट वञ्चित बालबालिका, युवा एवम् प्रौढ समुदायको सशक्तीकरणका लागि अध्ययन अनुसन्धान, नीतिगत पैरवी, सरोकारवालाको क्षमता र ऐक्यवद्धता अभिबृद्धि, सञ्जालीकरण, सूचना प्रवाह र स्रोत परिचालन लगायतका कार्यमा सहजीकरण गर्ने ।

## गन्तव्य (Goal)

प्रत्येक बालबालिका, युवा र प्रौढको निःशुल्क, अनिवार्य, समावेशी, समातामूलक र गुणस्तरीय शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई सुनिश्चित गराउने ।

थप जानकारीका लागि


शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल)
बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ९७७–१–६२०३००९, ०१–४२२३४२०
पो.ब.नं. १४४२१
ईमेल : info@ncenepal.org.np
वेभसाईट : www.ncenepal.org.np